# प्रादेशिक आर्थिक सर्वेक्षण
## (कोशी प्रदेश, २०७९/८०)













# प्रदेश सरकार
## आर्थिक मामिला तथा योजना मन्त्रालय
## कोशी प्रदेश, विराटनगर, नेपाल

# प्रादेशिक आर्थिक सर्वेक्षण

## (कोशी प्रदेश)

## २०७९/८०

प्रदेश सरकार

आर्थिक मामिला तथा योजना मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

# प्राक्कथन

आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म प्रदेश भित्रका अधिकांश आर्थिक र सामाजिक परिसूचकहरू समावेश गरी कोशी प्रदेशको आर्थिक सर्वेक्षण, २०७९/८० प्रकाशनमा ल्याइएको छ। राष्ट्रिय अर्थतन्त्रको आर्थिक र सामाजिक विद्यमान अवस्थालाई चित्रण गरी अर्थ मन्त्रालयबाट सार्वजनिक गरिएको आर्थिक सर्वेक्षण, राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित प्रतिवेदनहरु, प्रदेश योजना आयोगबाट प्रकाशित प्रदेशको पार्श्वचित्र, नेपाल राष्ट्र बैंक एवं सबै प्रदेशस्तरका मन्त्रालय तथा निकाय मार्फत प्राप्त तथ्याङ्कहरुलाई प्रयोग गरी सरल र अर्थपूर्ण बनाउने प्रयास गरिएको छ । यस आर्थिक सर्वेक्षणमा प्रदेश र स्थानीय तहको आर्थिक एवम् सामाजिक गतिविधि लगायत आर्थिक एवम् वित्तीय स्थितिको एकीकृत र तुलनात्मक विवरण प्रस्तुत गरिएको छ ।

प्रदेशमा आर्थिक तथा सामाजिक गतिविधिहरूको विकास र विस्तारसँगै यसको प्रतिफल नागरिक स्तरमा पुग्न थालेको छ। प्रस्तुत आर्थिक सर्वेक्षणले प्रदेशको समग्र आर्थिक तथा सामाजिक अवस्थालाई तथ्याङ्कीय आधार सहित चित्रण गर्ने हुँदा नेपाल सरकार, प्रदेश सरकार तथा स्थानीय तह लगायत अर्थतन्त्रमा रुची राख्ने अर्थशास्त्री, अनुसन्धानकर्ता, शिक्षक, विद्यार्थी, उद्योगपति, व्यापारी लगायत सबै सरोकारवालाहरूलाई उपयोगी हुने विश्वास लिएको छु । आर्थिक सर्वेक्षण तयार गर्ने कार्यमा संलग्न आर्थिक मामिला तथा योजना मन्त्रालय र प्रदेश योजना आयोग लगायत सम्पूर्ण राष्ट्रसेवक कर्मचारीहरू र सर्वेक्षणका लागि महत्वपूर्ण तथ्याङ्क एवम् सूचना उपलब्ध गराई सहयोग गर्नुहुने सबै निकाय एवम् पदाधिकारीहरू प्रति हार्दिक धन्यवाद ज्ञापन गर्दछु ।

जेठ, २०८०



.....................................

मुख्यमन्त्री एवं मन्त्री

आर्थिक मामिला तथा योजना मन्त्रालय

# विषय-सूची



| | |
|---|---|
| १. राष्ट्रिय अर्थतन्त्र तथा प्रादेशिक आर्थिक स्थिति........................................ | १ |
| २. सार्वजनिक वित्त ........................................................................ | ९ |
| ३. बैंक तथा बित्तीय क्षेत्र ............................................................ | १९ |
| ४. आर्थिक तथा पूर्वाधार क्षेत्र ........................................................ | २५ |
| ५. सामाजिक क्षेत्र ........................................................................ | ५९ |
| अनुसुचिहरु........................................................................ | ९३ |

# कार्यकारी सारांश

१. विश्वव्यापी रुपमा आपूर्ति श्रृङ्खलामा देखिएको अवरोध तथा पेट्रोलियम पदार्थ लगायतका वस्तुको मूल्यमा भएको उच्च वृद्धिको असर मुलुकको अर्थतन्त्रका साथै प्रादेशिक आर्थिक गतिविधिमा समेत परेको छ। विशेषगरी उद्योग, निर्माण र व्यापार व्यवसाय क्षेत्रको उत्पादन संकुचन हुने अनुमान छ। फलस्वरुप, आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशको आर्थिक वृद्धिदर २.३८ प्रतिशत रहने अनुमान छ।त्यसैगरी कृषि र गैह्रकृषि क्षेत्रको क्रमशः२.४९ र २.३१ प्रतिशतले विस्तार हुने अनुमान छ।

२. आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादन रु. ८ खर्ब ४९ अर्ब ६५ करोड पुग्ने प्रारम्भिक अनुमान छ। जुन राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनको १५.८ प्रतिशत हो।

३. कोशी प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन चालु आर्थिक वर्षमा १२९९ अमेरिकी डलर पुग्ने अनुमान छ।

४. आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीयक र सेवा क्षेत्रको योगदान क्रमशः ३३.५ प्रतिशत, १६.५ प्रतिशत र ५०.० प्रतिशत रहने अनुमान छ।

५. प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको अनुपातमा बजेट तथा राजस्व सन्तुलन बचतमा रहेको छ। राजस्व परिचालन अभिवृद्धि र चालु खर्चमा मितव्ययीता गर्दै बचतको प्रयोग पुँजीगत सम्पत्ति सिर्जनामा प्रयोग गर्न सकिने अवस्था रहेको छ।

६. आर्थिक वर्ष २०७८/७९ मा कोशी प्रदेशको कुल खर्च कुल गार्हस्थ्य उत्पादनको ३.८४ प्रतिशत रहेकोमा चालु खर्च १.६८ प्रतिशत र पुँजीगत खर्च २.१६ प्रतिशत रहेको छ।

७. आर्थिक वर्ष २०७९/८० को फागुनसम्म कोशी प्रदेशको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७.२ प्रतिशतले वृद्धि भई रू.१३ अर्ब ४९ करोड २८ लाख पुगेको छ। चालु आर्थिक वर्षको फागुनसम्मको कुल प्रादेशिक खर्चमा पुँजीगत खर्चको हिस्सा ४८.३३ प्रतिशत, चालु खर्च ३९.२६ प्रतिशत र स्थानीय तहमा अनुदान हस्तान्तरणको हिस्सा १२.४१ प्रतिशत रहेको छ।

८. आर्थिक वर्ष २०७८/७९ मा कोशी प्रदेशको कुल खर्च आर्थिक वर्ष २०७७/७८ को तुलनामा ७.२ प्रतिशतले वृद्धि भई रू.२९ अर्ब ९६ करोड ६४ लाख रहेको थियो। आर्थिक वर्ष २०७७/७८ मा यस्तो खर्च आ.व.२०७६/७७ को तुलनामा ६.३ प्रतिशतले संकुचन भएको थियो।

९. आर्थिक वर्ष २०७७/७८ मा प्रादेशिक आय ३२ अर्ब ५ करोड रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा १५.८ प्रतिशतले वृद्धि भई ३७ अर्ब १३ करोड पुगेको छ। राजस्व प्राप्तिमा १०.३ प्रतिशत,

अनुदान प्राप्तिमा ४.८ प्रतिशत र अघिल्लो आर्थिक वर्षको नगद मौज्दातमा २१७.७ प्रतिशतले वृद्धि भएको छ।

१०. समग्र खर्चमा खर्च व्यहोर्ने स्रोतहरु मध्ये विगत दुई आर्थिक वर्षमा संघ अनुदानको मात्रामा कमी आएको भएतापनि आर्थिक वर्ष २०७८/७९ मा वृद्धि भएको छ। आर्थिक वर्ष २०७७/७८ मा कोशी प्रदेशको कुल खर्च मध्ये संघ अनुदान स्रोतको खर्च अनुपात ४७.८४ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो खर्च अनुपात ५४.२१ प्रतिशत रहेको छ।

११. चालु आर्थिक वर्षको फागुनसम्म रु.१ अर्ब ६७ करोड ४७ लाख अनुदान स्थानीय तहलाई हस्तान्तरण गरिएको छ। गत आर्थिक वर्षमा यस्तो अनुदान रकम रू.३ अर्ब ९० करोड ५८ लाख रहेको थियो।

१२. कोशी प्रदेशमा मोबाइल बैंकिङ ग्राहक सङ्ख्यामा उलेख्य वृद्धि भएको छ। आर्थिक वर्ष २०७६/७७ मा १६ लाख ११ हजार रहेको ग्राहक सङ्ख्या २०७९/८० को फागुनसम्म २८ लाख ३६ हजार पुगेको छ।

१३. कोशी प्रदेशमा २०७९ पुससम्म रु.३३ अर्ब २७ करोड सहुलियतपूर्ण कर्जा प्रवाह भएको छ।

१४. कोशी प्रदेशमा २०७९ फागुनसम्म बीमा प्रिमियमबापत सङ्कलन भएको रकम रू.१३ अर्ब ५४ करोड पुगेको छ। सङ्कलित प्रिमियम (बीमाशुल्क) मध्ये जीवन र निर्जीवनको अंश करिव ८३.० प्रतिशत र १७.० प्रतिशत रहेको छ।

१५. २०७९ चैत्रसम्म कोशी प्रदेशमा रहेका बैङ्क तथा वित्तीय संस्था मार्फत हितग्राही (डिम्याट) खाताको सङ्ख्या १० लाख ९० हजार पुगेको छ। कुल हितग्राही खातामध्ये पुरुषको खाता ५६.४ प्रतिशत र महिलाको ४३.६ प्रतिशत रहेको छ।

१६. कोशी प्रदेशमा निरपेक्ष गरिबीको रेखामुनिको जनसङ्ख्या १२.४ प्रतिशत रहेको छ। बहुआयामिक गरिबी १५.९ प्रतिशत र गरिबीको सघनता ४१.४ प्रतिशत रहेको छ।यी तीनवटै सूचकको स्थिति राष्ट्रिय औषत भन्दा राम्रो रहेको छ।

१७. कोशी प्रदेशमा १० वर्ष वा सोभन्दा बढी उमेरका ४१ लाख २७ हजार ९४ व्यक्तिमध्ये ७१.० प्रतिशत आर्थिक रूपले सक्रिय र २८.९ प्रतिशत आर्थिक रूपले निष्क्रिय रहेका छन्।

१८. कोशी प्रदेशमा आर्थिक कामको औद्योगिक वर्गीकरण अनुसार संलग्न कुल २८ लाख ३४ हजार ८८ जनसङ्ख्यामध्ये सबैभन्दा धेरै कृषि, वन र माछापालन क्षेत्रमा ६२.७ प्रतिशत संलग्न रहेका छन्।

१९. प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आर्थिक वर्ष २०७९/८० को फागुनसम्म कोशी प्रदेशका १३६ स्थानीय तहमा सञ्चालित ३ हजार २८ आयोजनाबाट औसत ७६ दिनका आधारमा कुल २३ हजार ५ सय १ जनाले रोजगारी प्राप्त गरेका छन्।

२०. सन् २०२१/२२ मा कोशी प्रदेशबाट ७० हजार ६ सय २३ व्यक्तिले नयाँ श्रम स्वीकृति लिएका छन्। जसमध्ये महिलाको अंश १४.३ प्रतिशत रहेको छ।

२१. सामाजिक सुरक्षा कोषमा कोशी प्रदेश अन्तरगत आर्थिक वर्ष २०७५/७६ देखि चालु आर्थिक वर्ष २०७९/८० को फागुन मसान्तसम्म १ हजार ९ सय २५ रोजगारदाता र ३८ हजार ६ सय ८८ योगदानकर्ता सूचिकृत भएका छन्।

२२. कोशी प्रदेशको कुल भू-भागको करिब ३१.९ प्रतिशत क्षेत्रफल खेतीयोग्य रहेको छ। यस प्रदेशको खेतीयोग्य जमिन ८ लाख २६ हजार ६४६ हेक्टर मध्ये ८६.४ प्रतिशतमा मात्र खेती भईरहेको छ भने खेतीयोग्य तर बाँझो जग्गा करिव १३.६ प्रतिशत रहेको छ।

२३. विगतका ४ आर्थिक वर्षहरुमा धान, मकै, तरकारी र आलुको उत्पादन बढेको छ भने गहुँको उत्पादनमा केहि कमि आएको छ।

२४. कोशी प्रदेशमा आर्थिक वर्ष २०७८/७९ मा प्रति हेक्टर क्षेत्रफलमा ४.०१ मेट्रिक उत्पादन भएको छ भने मकै र गँहु क्रमश: प्रति हेक्टरमा ३.२ मेट्रिक टन र २.४८ मेट्रिक टन उत्पादन भएको छ।

२५. आर्थिक वर्ष २०७८/७९ मा प्रदेश कृषि मन्त्रालय र मातहतका कार्यालयहरुबाट जम्मा रु. १ अर्ब ५ करोड २६ लाख रकम कृषि, पशुपन्छी तथा मत्स्यपाल क्षेत्रमा उत्पादन, प्रशोधन, विविधिकरण र बजारीकरणका लागि अनुदान प्रदान गरिएको छ।

२६. कोशी प्रदेशमा ४४.४४ प्रतिशत वन र ४.५२ प्रतिशत बुट्यान गरी ४८.९६ प्रतिशत भूभाग वन क्षेत्रले ओगटेको छ।

२७. नेपालमा २०७९ फागुनसम्ममा सञ्चालन स्वीकृत पाएका ८,९४७ उद्योगमध्ये कोशी प्रदेशमा ९.५ प्रतिशत अर्थात् ८५१ वटा उद्योग दर्ता भएका छन्। कोशी प्रदेशका उद्योग क्षेत्रको कुल लगानी २०७८/७९ को तुलनामा २०७९/८० मा ११.५ प्रतिशले वृद्धि भई रु.६ खर्ब १९ अर्ब ४७ करोड पुगेको छ। यस प्रदेशमा सञ्चालन स्वीकृत भएका उद्योगबाट ८६ हजार ४ सय ९९ जनालाई रोजगारी सिर्जना हुने अनुमान रहेको छ।

२८. आर्थिक वर्ष २०७८/७९ मा कोशी प्रदेशस्थित भन्सार कार्यालयहरुबाट देशको कुल आयातको करिव १५.० प्रतिशत आयात र करिव ३५.० प्रतिशत निर्यात भएको छ भने विराटनगर भन्सार कार्यालयबाट मात्र देशको कुल आयातको ११.० प्रतिशत र निर्यात २८.० प्रतिशत भएको छ।

२९. सन् २०२२ मा कोशी प्रदेशमा पर्वतारोहणका लागि आउने पर्यटकको सङ्ख्या १ हजार १ सय १८ रहेको छ। पर्यटन कार्यालय काकडभिट्टाका अनुसार सन् २०२२ मा ७७ हजार ८ सय ६८ जना पर्यटक भित्रिएका छन्। सो अवधिमा विराटनगर र काकडभिट्टाबाट आएका तेस्रो मुलुकका पर्यटकको संख्या ६६० रहेको छ।

३०. आर्थिक वर्ष २०७४/७५ मा प्रदेश सरकार गठन भए पश्चात आर्थिक वर्ष २०७९/८० को चैत्र मसान्तसम्म ७६ वटा मोटरेवल पुल र १३८ वटा झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न भैसकेको छ। यो अवधिमा प्रदेश सरकारबाट १८१८.२८ कि.मी. ग्राभेल सडक तथा ५९४५.२६ कि.मी. कच्ची सडक निर्माण हुनुका साथै ५१२.६४ कि.मी. सडक कालोपत्रेमा स्तरोन्नति भएको छ।

३१. कोशी प्रदेश अन्तरगतका यातायात व्यवस्था कार्यालयहरुमा चालु आर्थिक वर्षको चैत सम्ममा ३२ हजार ७ सय ७० वटा सवारी साधनहरु दर्ता भएका छन्। धेरै दर्ता हुने सवारी साधनहरुमा क्रमशः मोटरसाइकल/स्कुटर, ई रिक्सा, जिप/कार/भ्यान/ पिकअप र टेम्पो पर्दछन्।

३२. २०७९ फागुनसम्म कोशी प्रदेशको कुल जनसङ्ख्या मध्ये ९७.० प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच (वैकल्पिक ऊर्जासहित) पुगेको छ।

३३. कोशी प्रदेशमा सञ्चालन हुने १९७ वटा अनलाइन सञ्चार माध्यम दर्ता भएका छन्। प्रदेशमा प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त ८६२, स्वतन्त्र पत्रकार प्रमाणपत्र प्राप्त २३ जना र सम्पादकको प्रमाणपत्र प्राप्त १९५ जना सञ्चारकर्मी रहेका छन्।

३४. कोशी प्रदेशका सवै जिल्लाहरु २०७९ भाद्र २३ गते साक्षर घोषणा भएका छन्।

३५. कोशी प्रदेशमा सामुदायिक विद्यालयमा कार्यरत स्थायी २१ हजार २ सय ७८, अस्थायी २,५०६ र राहत ७,३०० शिक्षक समेत गरी सम्पूर्ण शिक्षकहरूको सङ्ख्या ३१ हजार ७८ जना रहेको छ। जुन नेपाल भरिका कुल शिक्षक सङ्ख्याको करिव २०.० प्रतिशत हो।

३६. कोशी प्रदेशका कुल विद्यार्थीमध्ये ६७.० प्रतिशत सामुदायिक विद्यालयमा अध्ययनरत छन्।

३७. आर्थिक वर्ष २०७९/८० को फागुनसम्म कोशी प्रदेशमा सबै तहका अस्पताल १५२, प्राथमिक स्वास्थ्य केन्द्र ३३, स्वास्थ्य चौकी ६३१, सामुदायिक स्वास्थ्य केन्द्र र इकाई समेत गरी ५००, शहरी स्वास्थ्य केन्द्र १०२, प्रतिष्ठान १, कोभिड उपचार केन्द्र १, नर्सिङ होम १ र अन्य स्वास्थ्य संस्था ५४ गरी जम्मा १४७५ वटा स्वास्थ्य संस्था रहेका छन्।

३८. राष्ट्रिय जनगणना, २०७८ अनुसार कोशी प्रदेशको जनसाङ्ख्यिक संरचनामा काम गर्ने उमेर समूहको जनसङ्ख्या (१५-५९ वर्षसम्मको श्रमशक्ति) को हिस्सा ६२.८ प्रतिशत रहेको हुँदा जनसाङ्ख्यिक लाभ हासिल गर्न सक्ने सुनौलो अवसर रहेको छ।

३९. कोशी प्रदेशको लैंगिक विकास सुचकाङ्क ०.९०१ रहेको छ भने लैगिंक असमानता सुचकाङ्क ०.४५९ रहेको छ।

४०. कोशी प्रदेशका सरकारी निकाय/कार्यालयको स्वीकृत दरबन्दी जम्मा ३,९८४ रहेकोमा २०७९ चैत्रमसान्तसम्म ५८.६ प्रतिशत पदपूर्ति भएको छ।

# १.राष्ट्रिय अर्थतन्त्र तथा प्रादेशिक आर्थिक स्थिति

## राष्ट्रिय अर्थतन्त्र

१.१ अन्तर्राष्ट्रिय विषम परिस्थितिका कारणबाट आपूर्ति श्रृङ्खलामा भएको अवरोध, आयातित खाद्यान्न र इन्धनको मूल्यमा भएको वृद्धि तथा आन्तरिक संरचनागत समस्याका कारण चालु आर्थिक वर्षको सुरुवातदेखि नै नेपालको समग्र अर्थतन्त्र तथा मूल्यस्तरमा चाप परेको छ। साथै, कोभिड-१९ महामारीको असर न्यून हुँदै गएको भएपनि अनौपचारिक क्षेत्रको रोजगारीमा भएको सङ्कुचन हालसम्म पनि पूर्णरुपमा हटिनसकेको र यसको प्रभावस्वरुप समष्टिगत मागमा समेत केही दबाब सिर्जना भएको छ।

१.२ गत आर्थिक वर्षमा बाह्य क्षेत्रमा देखिएको दबाब कम गर्न सरकारले अवलम्बन गरेको नियमन तथा आयात नियन्त्रण नीतिको कारण चालु आर्थिक वर्षमा वस्तु पैठारीमा उल्लेख्य कमी आएको र त्यसको प्रभाव समेत अर्थतन्त्रमा देखिएको छ। तर, गत आर्थिक वर्षमा उच्च घाटामा रहेको शोधानान्तर स्थिति हाल बचतमा रहेको छ भने चालु खाता घाटामा समेत उल्लेख्य सुधार भएको छ। साथै, आयात पर्याप्तता सञ्चिति समेत बढ्दै गई बाह्य क्षेत्रमा देखिएको दबाब कम हुँदै गएको छ।

१.३ निर्माण, थोक तथा खुद्रा व्यापार लगायत औद्योगिक उत्पादनमा भएको कमीका कारण आर्थिक वर्ष २०७९/८० मा आधारभूत मूल्यमा नेपालको अर्थतन्त्र गत आर्थिक वर्षको ५.२६ प्रतिशतको तुलनामा २.१६ प्रतिशतले विस्तार हुने अनुमान रहेको छ। उपभोक्ताको मूल्यमा नेपालको आर्थिक वृद्धि १.८६ प्रतिशत हुने अनुमान छ।

१.४ चालु आर्थिक वर्षको कुल गार्हस्थ्य उत्पादनमा कृषि, उद्योग र सेवा क्षेत्रको योगदान क्रमशः २४.१ प्रतिशत, १३.५ प्रतिशत र ६२.४ प्रतिशत रहने अनुमान छ। यस अवधिमा कुल उपभोग कुल गार्हस्थ्य उत्पादनको ९३.६ प्रतिशत र कुल गार्हस्थ्य बचत ६.४ प्रतिशत पुग्ने अनुमान छ। त्यसैगरी, कुल लगानी कुल गार्हस्थ्य उत्पादनको ३२.६ प्रतिशत रहने अनुमान छ।

१.५ आर्थिक वर्ष २०७९/८० मा नेपालको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन रु.१ लाख ८२ हजार ६ सय ८३ (१,३९९ अमेरिकी डलर) रहने अनुमान छ। यस अवधिमा प्रतिव्यक्ति कुल राष्ट्रिय आय १,४१० अमेरिकी डलर र प्रतिव्यक्ति कुल राष्ट्रिय खर्चयोग्य आय १,७५२ अमेरिकी डलर पुग्ने अनुमान छ।

१.६ विशेषगरी, रुस-यूक्रेन युद्ध तथा अन्तर्राष्ट्रिय बजारमा पेट्रोलियम पदार्थको मूल्य उच्च रहेको कारण चालु आर्थिक वर्षमा उपभोक्ता मुद्रास्फीतिमा दबाब सिर्जना भएको छ। फलस्वरुप, चालु आर्थिक

वर्षको वैशाखसम्म औषत उपभोक्ता मुद्रास्फीति ७.८६ प्रतिशत रहेको छ। गत आर्थिक वर्षको सोही अवधिमा यस्तो मुद्रास्फीति ५.९४ प्रतिशत रहेको थियो।

१.७ आर्थिक वर्ष २०७९/८० को वैशाखसम्म कुल वस्तु निर्यात गत आर्थिक वर्षको सोही अवधिको तुलनामा २४.५ प्रतिशतले कमी आई रु.१ खर्ब ३० अर्ब ९० करोड रहेको छ। त्यसैगरी, यस अवधिमा कुल वस्तु आयात १६.८ प्रतिशतले कमी आई रू.१३ खर्ब ३५ अर्ब ३२ करोड रहेको छ। यस अवधिमा कुल वस्तु व्यापार घाटा १५.९ प्रतिशतले कमी आई रू.१२ खर्ब ४ अर्ब ४२ करोड रहेको छ।

१.८ आर्थिक वर्ष २०७९/८० वैशाखसम्म शोधान्तर स्थिति रु.२ खर्ब १४ अर्ब ६७ करोडले बचतमा रहेको छ। यस अवधिसम्म चालु खाता रू.५४ अर्ब ६७ करोडले घाटामा रहेको छ। चालु आर्थिक वर्षको वैशाखसम्म विप्रेषण आप्रवाह गत आर्थिक वर्षको सोहि अवधिको तुलनामा २३.४ प्रतिशतले वृद्धि भई रु.१० खर्ब ५ अर्ब १८ करोड पुगेको छ।

तालिका १.१ : समष्टिगत आर्थिक परिसूचक

| विवरण | इकाई | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|---|---|
| कुल गार्हस्थ्य उत्पादनको आकार | रू. अर्बमा | ३८५८.९ | ३८८८.७ | ४३५२.६ | ४९३३.७ | ५३८१.३ |
| आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) | प्रतिशत | ६.३९ | -२.४२ | ४.४९ | ५.२६ | २.१६ |
| कृषि | प्रतिशत | ५.१६ | २.४३ | २.८५ | २.२४ | २.७३ |
| उद्योग | प्रतिशत | ७.३८ | -४.०२ | ६.९५ | १०.८० | ०.५९ |
| सेवा | प्रतिशत | ६.७६ | -४.५३ | ४.७१ | ५.३२ | २.३३ |
| प्रति व्यक्ति कुल राष्ट्रिय आय | अमेरिकी डलरमा | १२१६ | ११८० | १२८४ | १४०७ | १४१० |
| औसत उपभोक्ता मुद्रास्फीति | प्रतिशत | ४.६ | ६.२ | ३.६ | ६.३ | ७.५ |
| कुल स्थिर लगानी | जीडिपीको अनुपातमा | ३३.८२ | ३०.४७ | २९.३४ | २८.४५ | २५.२१ |
| कुल गार्हस्थ्य वचत | जीडिपीको अनुपातमा | १५.३० | ५.७२ | ६.३७ | ५.७७ | ६.४१ |
| तीन तहको एकीकृत खर्च | रू. अर्बमा | ११९१.६ | ११९१.१ | १३६२.२ | १४९०.६ | |
| चालु | जीडिपीको अनुपातमा | १७.५ | १७.२ | १७.० | १७.४ | |
| पुँजीगत | जीडिपीको अनुपातमा | ९.५ | १०.४ | ११.४ | ९.९ | |
| वित्तीय व्यवस्था | जीडिपीको अनुपातमा | ४.० | ३.० | २.८ | २.९ | |
| सार्वजनिक ऋण दायित्व | जीडिपीको अनुपातमा | २७.२ | ३६.९ | ३९.९ | ४०.८ | ३८.७ |
| वस्तु निकासी | जीडिपीको अनुपातमा | २.५ | २.५ | ३.२ | ४.१ | ३.२ |
| वस्तु पैठारी | जीडिपीको अनुपातमा | ३६.८ | ३०.८ | ३५.४ | ३८.९ | २९.९ |
| शोधानान्तर स्थिति | रू. अर्बमा | -६७.४० | २८२.४१ | १.२३ | -२५५.२६ | १००.४९ |
| चालु खाता सन्तुलन | रू. अर्बमा | -२६७.० | -३३.८ | -३३३.७ | -६२३.३ | -१०४.८३ |
| विप्रेषण आप्रवाह | जीडिपीको अनुपातमा | २२.८ | २२.५ | २२.१ | २०.४ | २२.० |
| विदेशी मुद्रा सञ्चिति | रू. अर्बमा | १०३८.९ | १४०१.८ | १३९९.० | १२१५.८ | १३१६.३ |
| सञ्चिति पर्याप्तता (वस्तु तथा सेवा) | महिना | ७.८ | १२.७ | १०.२ | ६.९ | ८.७ |
| निक्षेप सङ्कलन | रू. अर्बमा | ३२३५.१ | ३८३९.७ | ४६६२.७ | ५०८२.८ | ५६६१.२ |
| निजी क्षेत्रतर्फको कर्जा प्रवाह | रू. अर्बमा | ३०६९.७ | ४०८४.८ | ४६०७.३ | ४६२१.१ | ५०६२.२ |
| नेप्से सूचकाङ्क (असार मसान्तको) | बिन्दुमा | १२५९.०२ | १३६२.३५ | २८८३.४१ | २००९.४७ | - |

स्रोतः आर्थिक सर्वेक्षण २०७९/८०, अर्थ मन्त्रालय, २०८० *वार्षिक अनुमानित

१.९ २०७९ असार मसान्तमा विदेशी विनिमय सञ्चिति रू.१२ खर्ब १५ अर्ब ८० करोड (अमेरिकी डलरमा ९ अर्ब ५३ करोड) रहेकोमा २०८० वैशाखसम्ममा २०.९ प्रतिशतले वृद्धि भई १४ खर्ब ७० अर्ब ३३ करोड (अमेरिकी डलर ११ अर्ब २१ करोड) रहेको छ। आर्थिक वर्ष २०७९/८० को वैशाखसम्मको आयातलाई आधार मान्दा बैंकिङ्ग क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चितिले ९.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहेको छ।

१.१० चालु आर्थिक वर्षको वैशाखसम्म संघीय सरकारले सङ्कलन गर्ने राजस्व गत वर्षको सोही अवधिको तुलनामा १२.६ प्रतिशतले घटेर रु.७ खर्ब ५६ अर्ब २५ करोड रहेको छ। यस अवधिसम्म संघीय सरकारको कुल खर्च रू.१० खर्ब ४७ अर्ब ७६ करोड पुगेको छ।

१.११ विगतका वर्षहरु देखि नै कुल सार्वजिनक ऋण दायित्वमा बाह्य ऋणको हिस्सा उच्च रहँदै आएकोमा हाल आन्तरिक ऋणको हिस्सा उच्च रहन पुगेको छ। फलस्वरुप, २०८० वैशाखसम्ममा आन्तरिक ऋण रू.१० खर्ब ८३ अर्ब ४७ करोड र बाह्य ऋण रू.१० खर्ब ७० अर्ब ६५ करोड गरी सङ्घीय सरकारको सार्वजनिक ऋण दायित्व रू.२१ खर्ब ५४ अर्ब १२ करोड पुगेको छ जुन कुल गार्हस्थ्य उत्पादनको ४०.० प्रतिशत हो। २०७९ असारसम्म सार्वजनिक ऋण दायित्व रू.२० खर्ब १३ अर्ब २९ करोड रहेको थियो। आर्थिक वर्ष २०७९/८० को वैशाखसम्म रू.१ खर्ब ५९ अर्ब ५० करोड बराबरको आन्तरिक ऋण परिचालन भएको छ।

## प्रादेशिक आर्थिक स्थिति

१.१२ स्रोत साधनमा परेको चाप, समष्टिगत मागमा देखिएको दबाब र बाह्य आर्थिक तथा राजनीतिक गतिविधिमा आएको उतारचढावको प्रभाव मुलुकको अर्थतन्त्रमा परेको हुँदा कोशी प्रदेशको आर्थिक गतिविधि पनि यस बाट अछुतो रहन सकेको छैन। चालु आर्थिक वर्षमा मुलुकको आर्थिक वृद्धिदर घट्ने अनुमान रहेकोमा कोशी प्रदेशको आर्थिक वृद्धिदर समेत घट्ने अनुमान छ। यद्यपि, यस प्रदेशको आर्थिक वृद्धिदर राष्ट्रिय औसत भन्दा माथि रहने अनुमान छ।

१.१३ चालु आर्थिक वर्षमा सबै प्रदेशको आर्थिक वृद्धिदर तुलनात्मकरूपमा घट्ने अनुमान छ। यस अवधिमा कोशी प्रदेशको आर्थिक वृद्धिदर २.३८ प्रतिशत रहने अनुमान छ। पछिल्लो ५ वर्षको औसत आर्थिक वृद्धिदर ३.५३ प्रतिशत रहेको छ। चालु आर्थिक वर्षमा गण्डकी प्रदेशको आर्थिक वृद्धिदर सबैभन्दा बढी र बागमती प्रदेशको सबैभन्दा न्यून रहने अनुमान छ।

### चार्ट १.१ : प्रदेशगत कुल गार्हस्थ्य उत्पादन वृद्धिदर (प्रतिशतमा)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८० *अनुमानित

१.१४ आर्थिक वर्ष २०७९/८० मा कोशी प्रदेशको आर्थिक वृद्धि (आधारभूत मूल्यमा) २.३८ प्रतिशत र उपभोक्ताको मुल्यमा २.० प्रतिशत हुने अनुमान छ। कृषि र गैरकृषि क्षेत्रको आर्थिक वृद्धिदर क्रमश: २.४९ र २.३१ प्रतिशत रहने अनुमान रहेको छ विगतका ५ आर्थिक वर्षमा कोशी प्रदेशको आर्थिक वृद्धिदर आर्थिक वर्ष २०७८/७९ वाहेक सबै वर्षमा राष्ट्रिय औसत भन्दा माथि रहेको छ।

### चार्ट १.२: पछिल्लो ५ वर्षको आर्थिक वृद्धिदर (प्रतिशतमा)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८० *अनुमानित

१.१५ आर्थिक वर्ष २०७९/८० को अनुमानित कुल गार्हस्थ्य उत्पादन रू. ५३ खर्ब ८१ अर्ब ३३ करोडमध्ये कोशी प्रदेशको अंश १५.८ प्रतिशत (रू.८ खर्ब ४९ अर्ब ६५ करोड) रहने अनुमान छ। गत आर्थिक बर्षमा पनि यस्तो अंश १५.८ प्रतिशत रहेको थियो। प्रदेशगत रुपमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी ३६.८ प्रतिशत र त्यसपछी कोशी प्रदेशको छ भने कर्णाली प्रदेशको सबैभन्दा कम ४.१ प्रतिशत रहने अनुमान छ।

**चार्ट १.३:    राष्ट्रिय कुल गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान**




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०    * अनुमानित

१.१६ नेपालको कृषि क्षेत्रको कुल मूल्य अभिवृद्धिमध्ये कोशी प्रदेशको हिस्सा सबैभन्दा बढी २२.० प्रतिशत र कर्णाली प्रदेशको हिस्सा सबैभन्दा कम ५.० प्रतिशत रहेको छ।

**चार्ट १.४: : कृषि उत्पादनमा प्रदेशगत अंश** (प्रतिशतमा)




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

१.१७ उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धिमा कोशी प्रदेशको हिस्सा २१.९ प्रतिशत रहेको छ। उत्पादनमूलक उद्योगको कुल मूल्य अभिवृद्धिमा बागमती प्रदेशको हिस्सा सबैभन्दा बढी र कर्णाली प्रदेशको सबैभन्दा न्यून रहेको छ।

चार्ट १.५: उत्पादनमूलक उद्योगको उत्पादनमा प्रदेशगत हिस्सा (प्रतिशतमा)




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

१.१८ आर्थिक वर्ष २०७९/८० मा प्रदेशगत कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्रको योगदान कोशी प्रदेशमा ३३.२ प्रतिशत रहेको छ भने सेवा र उद्योग क्षेत्रको योगदान क्रमश: ५०.० प्रतिशत र १६.८ प्रतिशत रहने अनुमान छ।

चार्ट १.६: राष्ट्रिय र प्रदेशगत कुल गार्हस्थ्य उत्पादनको संरचना (प्रतिशतमा)*




स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८० *आर्थिक वर्ष २०७९/८० को अनुमानित

१.१९ आर्थिक वर्ष २०७९/८० कोशी प्रदेशको कुल गार्हस्थ्य उत्पादनको क्षेत्रगत संरचनामा केही परिवर्तन भएको छ। कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक क्षेत्रको योगदान घट्दै गएको छ भने सेवा क्षेत्रको योगदान बढ्दै गएको छ। चालु आर्थिक वर्षमा पनि सेवा क्षेत्रको योगदानमा वृद्धि

भएको छ भने प्राथमिक र द्वितीयक क्षेत्रको योगदानमा केही कमी आएको छ। औद्योगिक आधार कमजोर भएकोले द्वितीयक क्षेत्रको योगदान अझै पनि सन्तोषजनक रूपमा बढ्न सकेको छैन।

१.२० आर्थिक वर्ष २०७८/७९ मा कुल गार्हस्थ्य उत्पादनमा प्राथमिक, द्वितीयक र सेवा क्षेत्रको योगदान क्रमशः ३४.३ प्रतिशत, १७.० प्रतिशत र ४८.६ प्रतिशत रहेकोमा चालु आर्थिक वर्षमा यस्तो योगदान क्रमशः ३३.५ प्रतिशत, १६.५ प्रतिशत र ५०.० प्रतिशत रहने अनुमान छ। पछिल्लो पाँच वर्षको प्राथमिक क्षेत्र, द्वितीयक क्षेत्र र सेवा क्षेत्रको औसत योगदान क्रमशः ३४.५ प्रतिशत, १६.९ प्रतिशत र ४८.६ प्रतिशत रहेको छ।

चार्ट १.७: प्रदेशको कुल गार्हस्थ्य उत्पादनको संरचना (प्रतिशत)




स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८० *अनुमानित

१.२१ कोशी प्रदेशको प्रतिव्यक्ति कुल गार्हस्थ्य उत्पादन चालु आर्थिक वर्षमा १२९९ अमेरिकी डलर पुग्ने अनुमान छ।

## तालिका १.२ : प्रदेशगत आर्थिक तथा सामाजिक परिसूचक

| परिसूचक | नेपाल | कोशी | मधेश | बागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम |
|---|---|---|---|---|---|---|---|---|
| प्रशासनिक र जनसाँख्यिक स्थिति | | | | | | | | |
| स्थानीय तहको सङ्ख्या | ७५३ | १३७ | १३६ | ११९ | ८५ | १०९ | ७९ | ८८ |
| जनसङ्ख्या (प्रतिशतमा) | १०० | १७.० | २१.० | २१.० | ८.५ | १७.६ | ५.८ | ९.२ |
| क्षेत्रफल (प्रतिशतमा) | १०० | १७.६ | ६.६ | १३.८ | १५.३ | ११.८ | २१.६ | १३.३ |
| आर्थिक तथा सामाजिक क्षेत्र | | | | | | | | |
| आर्थिक वृद्धिदर (आधारभूत मूल्यमा) प्रतिशतमा | २.१६ | २.४ | १.९ | १.८ | ३.७ | २.२ | २.२ | १.९ |
| गार्हस्थ्य उत्पादनमा प्रदेशगत योगदान (उपभोक्ताको मूल्यमा) | | १५.८ | १३.१ | ३६.८ | ९.० | १४.२ | ४.१ | ७.० |
| प्रतिव्यक्ति जीडिपी (अमेरिकी डलरमा)[1] | १३९९ | १२९९ | ८७५ | २४५५ | १४९३ | ११२६ | ९९७ | १०६३ |
| उद्योगको दर्ता सङ्ख्या | ८९४७ | ८५१ | ६११ | ५७३९ | ८३० | ६९६ | ८१ | १३९ |
| लघु, घरेलु तथा साना उद्योगको सङ्ख्या | ६७३२४४ | ९३९५७ | ११८८०२ | १९६४१५ | ६९७८२ | १०८८५८ | ३५६४१ | ४९७८९ |
| उद्योगमा लगानी (रू.अर्बमा) | २७८३.१ | ६१९.५ | १७०.८ | ९९४.८ | ५९७.३ | १९०.८ | १४९.८ | ६०.१ |
| जलविद्युत उत्पादन (मेगावाट) | २५८४ | ४७४ | २५ | ११४८.५९ | ७७७.३२ | ३५.६३ | १६.०५ | १०७.७२ |
| वन क्षेत्र (प्रतिशतमा) | १०० | १८.८ | ३.९ | १८.७ | १२.८ | १६.२ | १३.६ | १६.१ |
| स्थानीय सडक सञ्जाल (कि.मी.) | ६६०५७ | १३४९८ | ६०६० | १६४८० | ११७२८ | ९२४९ | ३४३८ | ५६०४ |
| विद्यालय सङ्ख्या | ३६०३२ | ७०२६ | ४६६९ | ६९२४ | ४१३५ | ५८७८ | ३२४३ | ४१५७ |
| वित्तीय क्षेत्रः | | | | | | | | |
| बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या | ११६५६ | १८९६ | १७७१ | ३०३६ | १४२३ | २२२३ | ४६३ | ८४४ |
| प्रतिशाखा जनसङ्ख्या | २५१० | २६६० | ३४५९ | २००४ | १७४३ | २३०५ | ३६६१ | ३२१२ |
| बीमकको शाखा सङ्ख्या | ३२१५ | ५२० | ४३४ | ८८४ | ३५९ | ५२७ | १८३ | ३०८ |
| प्रदेशगत खर्च (रू.करोडमा) | १८७४८ | २९९७ | २२२६ | ३७९९ | २२०४ | ३००५ | २४२८ | २०८८ |
| प्रदेशगत राजस्व (रू.करोडमा) | १०३५३ | १३४४ | १४९८ | ३२०३ | ११११ | १४३० | ८४८ | ९१९ |

स्रोतः आर्थिक सर्वेक्षण, २०७९/८०, अर्थ मन्त्रालय, सिंहदरबार, काठमाडौं।

# २. सार्वजनिक वित्त

२.१ वित्तीय संघीयता कार्यान्वयनमा आएको ५ वर्ष पूरा भईसकेको छ। संविधानद्वारा प्रदत्त अधिकार बमोजिम प्रदेश सरकारले खर्च जिम्मेवारी, राजस्व अधिकार र वित्तीय हस्तान्तरणको उपयोग गर्दै आएको छ। वित्तीय स्रोत साधनमा संघीय सरकारमाथिको निर्भरता खासै कम हुन सकेको छैन। खर्च जिम्मेवारीको उपयोग बढ्दै गईरहेको भएतापनि राजस्व अधिकार भने पूर्णरुपमा कार्यान्वयनमा आउन सकेको छैन।

२.२ "स्वच्छ, सुखी र समुन्नत प्रदेश" को दीर्घकालीन सोंच सहितको प्रदेशको प्रथम आवधिक योजना (२०७६/७७-२०८०/८१) र सो आधारमा मध्यमकालीन खर्च संरचना तर्जुमा भए पश्चात बजेट प्रणाली विधि, प्रक्रिया र मापदण्डमा आधारित हुन थालेको छ। कोशी प्रदेशको पुँजीगत खर्च गर्ने क्षमतामा सुधार हुँदै गएको छ। आर्थिक वर्ष २०७८/७९ मा विनियोजित पुँजीगत बजेटको ८९.८ प्रतिशत खर्च भएको थियो। सार्वजनिक खर्चको पारदर्शीता र गुणस्तर अभिवृद्धि भएको छ। विकास साझेदारसँगको सहकार्य बढेको छ। सार्वजनिक निजी साझेदारीका लागि कानूनी र संस्थागत व्यवस्था गरिएको छ।

२.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७८ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७९ तर्जुमा भई कार्यान्वयनमा आएको छ। विनियोजन कुशलता हासिल गर्न प्रदेश आयोजना बैङ्कको स्थापना र आयोजना तथा कार्यक्रम छनौट प्रणालीलाई व्यवस्थित गर्न प्रदेशस्तरीय आयोजना छनौट तथा वर्गीकरण सम्बन्धी कार्यविधि, २०८० र प्रदेश आयोजना बैङ्क व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत भई कार्यान्वयनमा आएको छ।

## प्रादेशिक सार्वजनिक वित्तको आकार

२.४ कुल गार्हस्थ्य उत्पादनको अनुपातमा प्रादेशिक खर्च र राजस्वको अनुपात क्रमशः बढ्दै गएकोमा गत आर्थिक वर्ष २०७८/७९ मा भने यस्तो अनुपात केही घटेको छ। बाँडफाँट सहितको प्रादेशिक राजस्वको तुलनामा संघबाट प्राप्त हुने वित्तीय हस्तान्तरण (अनुदान) उच्च रहेको छ। तर संघबाट प्राप्त हुने वित्तीय हस्तान्तरण (अनुदान) को परिमाण भने क्रमशः घट्दै गएको छ।

### तालिका २.१: सार्वजनिक वित्तका परिसूचक (प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)

| विवरण | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| **प्रादेशिक खर्च** | ३.५४ | ४.८४ | ४.०३ | ३.८४ |
| चालु खर्च | १.६३ | १.९४ | १.७४ | १.६८ |
| पुँजीगत खर्च | १.९१ | २.९० | २.२९ | २.१६ |
| प्रादेशिक राजस्व | १.५६ | १.७४ | १.९० | १.८६ |
| आन्तरिक राजस्व | ०.४२ | ०.४८ | ०.६१ | ०.५७ |
| बाँडफाँटबाट प्राप्त राजस्व | १.१५ | १.२६ | १.२९ | १.२८ |
| संघबाट भएको वित्तीय हस्तान्तरण | ३.०९ | २.९२ | २.५४ | २.३६ |
| **अन्य प्राप्ति** | ०.०६ | ०.३९ | ०.१९ | ०.५३ |
| प्रादेशिक आय | ४.७१ | ५.०५ | ४.६२ | ४.७५ |
| बजेट बचत(+)/न्यून(-) | १.१७ | ०.२१ | ०.५९ | ०.९२ |
| प्रादेशिक सञ्चित कोष बचत(+)/न्यून(-) | १.१७ | ०.२१ | ०.५९ | ०.९२ |
| राजस्व सन्तुलन बचत(+)/न्यून(-) | -०.०७ | -०.२० | ०.१५ | ०.१८ |

स्रोतः राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०/प्रदेश लेखा नियन्त्रक कार्यालय, २०८०

२.५ पछिल्लो ४ वर्षको कोशी प्रदेशको खर्चको आधारमा कुल खर्चमध्ये पुँजीगत खर्चको अंश उच्च रहँदै आएको छ। आर्थिक वर्ष २०७८/७९ मा कोशी प्रदेशको कुल खर्च कुल गार्हस्थ्य उत्पादनको ३.८४ प्रतिशत रहेकोमा चालु खर्च १.६८ प्रतिशत र पुँजीगत खर्च २.१६ प्रतिशत रहेको छ। यद्यपि, पछिल्ला आर्थिक वर्षमा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा पुँजीगत खर्चको अनुपात क्रमशः घटदै गएको छ।

### चार्ट २.१: प्रादेशिक खर्चको प्रवृत्ति (कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)




स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, विराटनगर, २०७९

२.६ कुल गार्हस्थ्य उत्पादनमा प्रादेशिक राजस्वको अंश क्रमशः बढ्दै गएकोमा गत आर्थिक वर्षमा भने यस्तो अनुपात केही घटेको थियो। आर्थिक वर्ष २०७७/७८ मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा राजस्व प्राप्तिको अनुपात १.९० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा केही कमी आई १.८६ प्रतिशतमा सीमित हुन पुगेको छ। प्रादेशिक कुल गार्हस्थ्य उत्पादनमा गैरकर राजस्व परिचालन क्रमशः वृद्धि हुँदै गएकोमा गत आर्थिक वर्षमा केही घटेको छ।

**चार्ट २.२: पछिल्लो ४ वर्षको राजस्व उपयोगको स्थिति**

(प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)




स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, विराटनगर, २०७९

२.७ वित्त संघीयताको कार्यान्वयनसँगै हरेक आर्थिक वर्षमा बजेट सन्तुलन बचतमा रहँदै आएको छ। संघीयता कार्यान्वयनको सुरुको चरणमा खर्च गर्ने क्षमता कमजोर हुनु र प्रदेशको कुल प्राप्तिको तुलनामा खर्च न्यून भएको कारण हरेक वर्ष बजेट वचतमा रहँदै आएको छ। यद्यपी बजेट विनियोजनको दृष्टिकोणले भने वित्त संघीयता कार्यान्वयन भएको सुरुका आर्थिक वर्षमा घाटा बजेटलाई अँगिकार गरिएको थियो। यद्यपि पछिल्ला आर्थिक वर्षमा भने सन्तुलित बजेटलाई आत्मसात् गरिदैं लगेको देखिन्छ।

२.८ प्रदेशको खर्च गर्ने क्षमतामा क्रमिक सुधार हुँदै गएको, आन्तरिक राजस्वको आधार कमजोर रहेको, संघबाट हुने वित्तीय हस्तान्तरण घट्दै जाने प्रवृत्ति देखिएको र आगामी दिनमा प्रदेशको खर्च आवश्यकता थप बढ्दै जाने अनुमानको आधारमा आगामी आर्थिक वर्षहरुमा बजेट घाटामा रहने सम्भावना पनि उत्तिकै छ। यस्तो अवस्थामा संविधानद्वारा प्रदत्त नीतिगत, कानूनी र संस्थागत व्यवस्थामार्फत् आन्तरिक ऋणका उपकरणहरु र राजस्वका नयाँ क्षेत्र पहिचान तथा विस्तार गरी स्रोत व्यवस्थापन गर्दै जानेतर्फ समेत ध्यान दिनुपर्ने देखिन्छ।

२.९ वित्त संघीयता कार्यान्वयनको सुरुका आर्थिक वर्षमा राजस्व सन्तुलन घाटामा रहेकोमा पछिल्ला आर्थिक वर्षमा भने राजस्व बचतमा रहेको छ। आन्तरिक राजस्वको परिमाणमा क्रमशः वृद्धि हुँदै गएको र प्रदेशको पुँजीगत खर्चको दाँजोमा चालु खर्च न्यून रहेको कारण पछिल्ला आर्थिक वर्षमा राजस्व वचतमा रहँदै आएको छ। चालु खर्चलाई वाञ्छित सीमाभित्र राखी राजस्वबाट नै चालु खर्च धान्ने गरी वित्त अनुशासन कायम गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ।

**चार्ट २.३: पछिल्लो ३ वर्षको बजेट सन्तुलन र राजस्व सन्तुलनको स्थिति** (प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)




स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, विराटनगर, २०७९

नोटः "बजेट सन्तुलन"ले प्रदेशको कुल प्राप्ति र कुल खर्च बीचको अन्तर र "राजस्व सन्तुलन"ले प्रदेशको कुल राजस्व र चालु खर्च बीचको अन्तरलाई जनाउँछ।

२.१० प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको अनुपातमा संघबाट प्राप्त हुने वित्तीय हस्तान्तरण (अनुदान) बर्सेनि घट्दै गएको छ। आर्थिक वर्ष २०७७/७८ मा प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको २.५४ प्रतिशत अनुदान प्राप्त भएकोमा आर्थिक वर्ष २०७८/७९ मा यस्तो प्राप्ति २.३६ प्रतिशत रहेको छ। वित्तीय समानीकरण अनुदान बढदो क्रममा रहे पनि सशर्त अनुदानको हिस्सामा कमी आएकोले समग्र वित्तीय हस्तान्तरण सङ्कुचन हुँदै गएको छ। प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको अनुपातमा कुल प्रादेशिक आयको अनुपात भने वार्षिक औसत ४.८ प्रतिशत रहेको छ।

**चार्ट २.४: पछिल्लो ४ वर्षको कुल प्रादेशिक प्राप्ति र अनुदान प्राप्तिको स्थिति**
(प्रादेशिक कुल गार्हस्थ्य उत्पादनको प्रतिशतमा)




स्रोत: प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, विराटनगर, २०७९

## प्रादेशिक खर्च स्थिति

२.११ आर्थिक वर्ष २०७९/८० को फागुनसम्म कोशी प्रदेशको कुल खर्च गत आर्थिक वर्षको सोही अवधिको तुलनामा ७.२ प्रतिशतले वृद्धि भई रू.१३ अर्ब ४९ करोड २८ लाख पुगेको छ। आर्थिक वर्ष २०७८/७९ को सोही अवधिमा यस्तो खर्च रू.१२ अर्ब ५८ करोड २७ लाख रहेको थियो। आर्थिक वर्ष २०७८/७९ मा कोशी प्रदेशको कुल खर्च ७.२ प्रतिशतले वृद्धि भई रू.२९ अर्ब ९६ करोड ६४ लाख रहेको थियो।

२.१२ कुल प्रादेशिक खर्चमा पुँजीगत खर्चको हिस्सा चालु खर्चको तुलनामा उच्च रहेको छ। चालु आर्थिक वर्षको फागुनसम्मको कुल प्रादेशिक खर्चमा पुँजीगत खर्चको हिस्सा ४८.३३ प्रतिशत, चालु खर्च ३९.२६ प्रतिशत र स्थानीय तहमा अनुदान हस्तान्तरणको हिस्सा १२.४१ प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा कुल प्रादेशिक खर्चमध्ये पुँजीगत खर्चको हिस्सा ५६.१९ प्रतिशत रहेको थियो। पछिल्ला २ आर्थिक वर्षमा कुल प्रादेशिक खर्चमध्ये अनुदान हस्तान्तरण बाहेकको खुद चालु खर्चको हिस्सा करिब एक तिहाई पुगेको छ।

## चार्ट २.५ कुल प्रादेशिक खर्च संरचना

(कुल प्रादेशिक खर्चको प्रतिशतमा)




स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, मोरङ्ग, २०७९ * फागुनसम्म

## चालु खर्चको शीर्षकगत प्रवृत्ति

२.१३ प्रादेशिक कुल चालु खर्चमध्ये अनुदानको अंश सबैभन्दा उच्च रहँदै आएको छ। यद्यपि, यस्तो अंश बर्सेनि घट्दै गएको छ। अनुदान खर्च शीर्षकभित्र स्थानीय तहमा जाने वित्तीय हस्तान्तरणका साथै शिक्षा, स्वास्थ्य, कृषि, पशुपालन र सामाजिक संरक्षणका क्षेत्रमा भएको निशर्त तथा सशर्त र चालु तथा पुँजीगत अनुदान समेत समावेश छ। साथै, सरकारी निकाय, समिति, बोर्ड र अन्य संस्थालाइ हुने हस्तान्तरण समेत अनुदानमा समावेश रहेको छ। चालु खर्चमध्ये पारिश्रमिक/सुविधाको अंश वार्षिक औसत १५.० प्रतिशत भन्दा केही माथि रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा अन्य खर्च शीर्षकमा चालु खर्चको १५.२ प्रतिशत खर्च भएको छ। सर्शत, समपुरक र विशेष अनुदानअन्तर्गत खर्च हुन नसकी बचत हुने रकम अन्य खर्च शीर्षकमा राखी संघीय सरकारलाई फिर्ता गरिएको हुँदा यस शीर्षकको रकम पनि उल्लेख्य नै रहेको छ।

**तालिका २.२: चालु खर्चको शीर्षकगत विवरण** (चालु खर्चको प्रतिशतमा)

| शीर्षक | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|
| पारिश्रमिक/सुविधा | १३.१ | १६.९ | १६.० | १५.१ |
| मालसामान तथा सेवाको उपयोग | २३.५ | १९.३ | १८.४ | २६.९ |
| सहायता | १.४ | १.८ | ०.३ | ०.२ |
| अनुदान | ६०.० | ५९.६ | ३९.० | ४१.७ |
| सामाजिक सुरक्षा | १.७ | १.९ | २.२ | ०.९ |
| अन्य खर्च | ०.३ | ०.४ | २४.२ | १५.२ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, २०७९

## अन्य प्रदेशको पुँजीगत खर्चको तुलनात्मक अवस्था

२.१४ पछिल्ला ३ आर्थिक वर्षमा कोशी प्रदेशको कुल खर्चमध्ये पुँजीगत खर्चको अंश वार्षिक औसत ५७.६ प्रतिशत रहेको छ। कुल खर्चमध्ये गण्डकी प्रदेशमा पुँजीगत खर्चको अंश सबैभन्दा बढी र सुदूरपश्चिम प्रदेशमा सबैभन्दा न्यून रहेको छ।

**तालिका २.३: पछिल्लो ३ वर्षको प्रदेशगत खर्च स्थिति** खर्च रू. करोडमा र अंश प्रतिशतमा

| प्रदेश | २०७६/७७ | | २०७७/७८ | | २०७८/७९ | |
|---|---|---|---|---|---|---|
| | कुल खर्च | पुँजीगत खर्चको अंश | कुल खर्च | पुँजीगत खर्चको अंश | कुल खर्च | पुँजीगत खर्चको अंश |
| कोशी | २९८३.३ | ५९.९ | २७९५.१ | ५६.८ | २९९६.६ | ५६.२ |
| मधेश | १८०१.७ | ४५.७ | २२५४.६ | ६१.७ | २२२६ | ५३.६ |
| बागमती | २७९५.१ | ५६.१ | ३५५९.५ | ५६.२ | ३७९९.५ | ५५.३ |
| गण्डकी | २०४१.४ | ६८.५ | २५६२.३ | ६८.७ | २२०४.४ | ६५.६ |
| लुम्बिनी | २५४०.७ | ५७.९ | ३२१०.३ | ५७.६ | ३००५.५ | ५७.९ |
| कर्णाली | १६८८ | ५६.५ | २२०४.२ | ६१.६ | २४२८.२ | ६२.१ |
| सुदूरपश्चिम | १७६१.२ | ५२.७ | २२९६.८ | ५४.९ | २०८७.७ | ५७.२ |
| **जम्मा** | **१५६११.४** | **५७.२** | **१८८८२.९** | **५९.३** | **१८७४७.९** | **५७.९** |

स्रोतः महालेखा नियन्त्रक कार्यालय, २०७९

## प्रादेशिक आय

### राजस्व

२.१५ प्रादेशिक राजस्वको कुल संरचनामा संघबाट बाँडफाँट भई प्राप्त हुने राजस्वको हिस्सा प्रमुख रहेको छ। पछिल्लो चार वर्षमा बाँडफाँट भई प्राप्त हुने मूल्य अभिवृद्धि कर, आन्तरिक अन्तशुल्क र रोयल्टी स्रोतको योगदान वार्षिक औसत ७०.६ प्रतिशत रहेको छ। कुल राजस्वमा संघबाट बाडफाँट भई प्राप्त हुने राजस्वको अंश आर्थिक वर्ष २०७७/७८ मा ६७.७५ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा सीमान्त वृद्धि भई ६९.१ प्रतिशत पुगेको छ। एकल कर प्रशासन अन्तर्गत प्रदेशले प्राप्त गरेको राजस्वको अनुपात भने केही बढेको छ।

**तालिका २.४: पछिल्लो ४ वर्षको प्रादेशिक राजस्वको संरचना** (प्रादेशिक राजस्वको प्रतिशतमा)

| विवरण | आर्थिक वर्ष | | | | फागुनसम्मको | |
|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७८/७९ | २०७९/८० |
| संघीय राजस्व बाँडफाटबाट प्राप्त (मू.अ.कर, अन्तशुल्क र रोयल्टी) | ७३.२९ | ७२.१२ | ६७.७५ | ६९.०९ | ६९.६७ | ७१.२६ |
| प्रदेशको आन्तरिक राजस्व | २६.७१ | २७.८८ | ३२.२५ | ३०.९१ | ३०.३३ | २८.७४ |
| *एकल कर प्रशासनको बाँडफाट भई प्राप्त | ११.६८ | १०.६७ | १३.१५ | १३.३४ | १०.७४ | ६.३८ |
| सवारी साधन कर (प्रदेशले उपयोग गर्ने) | ८.३२ | ७.३४ | ८.५५ | ८.२२ | ८.७९ | ८.८२ |
| प्रदेशले सङ्कलन गरेको गैरकर राजस्व | ६.७१ | ९.८७ | १०.५५ | ९.३५ | १०.८० | १३.५४ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, विराटनगर, २०७९

*घरजग्गा रजिष्ट्रेशन शुल्क/मनोरञ्जन कर/विज्ञापन कर/प्राकृतिक स्रोत बिक्रीशुल्क वापतको राजस्व बाँडफाँट भई प्राप्त

२.१६ आर्थिक वर्ष २०७७/७८ मा प्रादेशिक आय रु.३२ अर्ब ०६ करोड रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा १५.८ प्रतिशतले वृद्धि भई ३७ अर्ब १३ करोड पुगेको छ। यस अवधिमा राजस्व प्राप्ति १०.३ प्रतिशत र अनुदान प्राप्ति ४.८ प्रतिशतले बढेको छ। प्रदेशको कुल आयको तुलनामा राजस्वको अनुपात आर्थिक वर्ष २०७७/७८ मा ४१.० प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा ३९.१प्रतिशत रहेको छ। प्रदेशको कुल आयमा आन्तरिक राजस्वको अनुपात आर्थिक वर्ष २०७७/७८ मा १३.२ प्रतिशत रहेकोमा आर्थिक वर्ष २०७८/७९ मा १२.१ प्रतिशत रहेको छ।

**तालिका २.५: प्रादेशिक आयको संरचना** (कुल प्रादेशिक आयको प्रतिशतमा)

| विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| राजस्व (रू. करोडमा) | ० | ९३७.१ | १०७२.९ | १३१५.५ | १४५०.९ |
| राजस्वको अंश (प्रतिशतमा) | ०.० | ३३.२ | ३४.४ | ४१.० | ३९.१ |
| संघ अनुदान प्राप्ति (रू. करोडमा) | १०२.१ | १८४९.५ | १७९९ | १७६१ | १८४६.६ |
| अनुदानको अंश (प्रतिशतमा) | १००.०० | ६५.५१ | ५७.७६ | ५४.९३ | ४९.७३ |
| नगद मौज्दात (रू. करोडमा) | ० | ३६.९ | २४२.८ | १२९.२ | ४१०.६ |
| नगद मौज्दातको अंश (प्रतिशतमा) | ०.०० | १.३१ | ७.८० | ४.०३ | ११.०६ |
| वैदेशिक अनुदान (रु.करोडमा) | ०.० | ०.० | ०.० | ०.० | ५.१ |
| वैदेशिक अनुदानको अंश (प्रतिशतमा) | ०.०० | ०.०० | ०.०० | ०.०० | ०.१४ |
| प्रादेशिक आय (रू. करोडमा) | १०२.१ | २८२३.४ | ३११४.७ | ३२०५.७ | ३७१३.२ |
| प्रादेशिक आयको अंश (प्रतिशतमा) | १००.० | १००.० | १००.० | १००.० | १००.० |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, विराटनगर, २०७९

२.१७ कोशी प्रदेशको पछिल्लो चार वर्षको खर्चमा खर्च व्यहोर्ने स्रोतमध्ये राजस्व तथा नगद मौज्दातसहितको प्रदेश सरकारको स्रोत ४९.० प्रतिशत र संघबाट हुने वित्तीय हस्तान्तरण (अनुदान) ५१.० प्रतिशत रहेको छ। आर्थिक वर्ष २०७८/७९ मा संघबाट प्राप्त कुल अनुदानबाट भएको खर्चमध्ये वित्तीय समानीकरण अनुदानको हिस्सा ४८.० प्रतिशत रहेको छ भने सशर्त, समपूरक र विशेष अनुदानको हिस्सा ५२.० प्रतिशत रहेको छ।

**तालिका २.६: प्रादेशिक खर्चमा खर्च वेहोर्ने स्रोत** (कुल प्रादेशिक खर्चको प्रतिशतमा)

| विवरण | आर्थिक वर्ष | | | |
|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
| प्रदेश सरकार स्रोत (राजस्व र नगद मौज्दात) | ४८.४ | ४९.४ | ५२.२ | ४५.८ |
| संघ अनुदान स्रोत | ५१.६ | ५०.६ | ४७.८ | ५४.२ |
| वित्तीय समानीकरण अनुदान | १७.३ | १९.६ | २०.३ | २५.९ |
| सशर्त अनुदान | २९.३ | २०.३ | २३.६ | २३.५ |
| समपूरक अनुदान | २.६ | ८.३ | २.६ | ३.४ |
| विशेष अनुदान | २.४ | २.३ | १.४ | १.४ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, विराटनगर, २०७९

## प्रदेशको आम्दानी र खर्चको अवस्था

२.१८ आर्थिक वर्ष २०७८/७९ मा प्रदेशको राजस्वमध्ये कर र गैरकर राजस्वको अनुपात क्रमशः ८७.० र १३.० प्रतिशत रहेको छ। यस अवधिमा संघबाट प्राप्त हुने अनुदान ५.० प्रतिशतले वृद्धि भएको छ। यस अवधिमा प्रादेशिक खर्च भन्दा प्रादेशिक प्राप्ति धेरै भएकाले २०७९ असार मसान्तमा कोशी प्रदेशको सञ्चित कोष रू.७ अर्ब १६ करोड ४८ लाखले धनात्मक रहन पुगेको छ। २०७८ असारमसान्तमा यस्तो कोष रू.४ अर्ब ११ करोडले धनात्मक रहेको थियो। वित्त संघीयताको कार्यान्वयनसँगै हरेक वर्ष यस प्रदेशको सञ्चितकोष धनात्मक रहँदै आएको छ।

**तालिका २.७: पछिल्लो दुई आर्थिक वर्षको प्रदेश सञ्चित कोषको विवरण** (रु. करोडमा)

| आयको विवरण | २०७७/७८ | २०७८/७९ |
|---|---|---|
| **राजस्व** | **१३१५.४९** | **१४५०.८५** |
| कर राजस्व | ११२२.४४ | १२६२.३४ |
| गैरकर राजस्व | १९३.०५ | १८८.५१ |
| **अनुदान प्राप्ति (संघबाट हस्तान्तरण भएको)** | **१७६१.०३** | **१८४६.५५** |
| द्विपक्षीय वैदेशिक अनुदान | ०.०० | ५.११ |
| गत आर्थिक वर्षको नगद मौज्दात | १२९.२२ | ४१०.६१ |
| **कुल प्रादेशिक प्राप्ति (क+ख+ग+घ)** | ३२०५.७४ | ३७१३.१२ |
| कुल प्रादेशिक खर्च | २७९५.१३ | २९९६.६४ |
| चालु खर्च | १२०८.५२ | १३१२.७२ |
| पुँजीगत खर्च | १५८६.६० | १६८३.९२ |
| **प्रदेश सञ्चित कोष धनात्मक(+)/ऋणात्मक(-)** | ४१०.६१ | ७१६.४८ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, कोशी प्रदेश, विराटनगर, २०७९

## स्थानीय तहमा वित्तीय हस्तान्तरण

२.२१ स्थानीय तहको खर्चको आवश्यकता र राजस्वको क्षमताको आधारमा राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको सिफारिसमा प्रदेशले स्थानीय तहलाई वित्तीय समानीकरण अनुदान वितरण गर्दै आएको छ। चालु आर्थिक वर्षको फागुनसम्म रु.१ अर्ब ६७ करोड ४७ लाख बराबरको अनुदान स्थानीय तहलाई हस्तान्तरण गरिएको छ। गत आर्थिक वर्षमा यस्तो अनुदान रकम रू.३ अर्ब ९० करोड ५८ लाख रहेको थियो। पछिल्लो ५ आर्थिक वर्षमध्ये आर्थिक वर्ष २०७६/७७ मा सबैभन्दा बढी अर्थात् प्रदेशको कुल खर्चको १९.५ प्रतिशत रकम स्थानीय तहमा अनुदान हस्तान्तरण गरिएको थियो।

२.२२ सवारी साधन करमध्ये स्थानीय विभाज्य कोषमा जम्मा गरिने ४०.० प्रतिशत रकम राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगले निर्धारण गरेको हिस्साअनुसार मासिकरुपमा बाँडफाँट गरी सम्बन्धित

स्थानीय तहको सञ्चित कोषमा दाखिला हुँदै आएको छ। चालु आर्थिक वर्षको फागुनसम्म रू.४४ करोड ९५ लाख बराबरको सवारी साधन कर बापतको राजस्व सम्बन्धित स्थानीय तहलाई बाँडफाँट गरिएको छ।

**तालिका २.८: प्रदेश सरकारबाट स्थानीय तहमा वित्तीय हस्तान्तरणको विवरण** (रु.लाखमा)

| विवरण | आर्थिक वर्ष | | | | फागुनसम्म | |
|---|---|---|---|---|---|---|
| | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७८/७९ | २०७९/८० |
| **समानीकरण** | ५००० | १०००० | १०००० | १०००० | ५७८२ | ५५२८ |
| सशर्त | ३१५३१ | २९७१४ | ५६२४ | १६४५० | ८०८० | ५९७८ |
| समपुरक | ० | १४११६ | १३०८४ | १२६०८ | ६३७८ | ५२४१ |
| विशेष | ० | ४४१७ | ० | ० | ० | ० |
| **जम्मा अनुदान** | **३६५३१** | **५८२४७** | **२८७०८** | **३९०५८** | **२०२४०** | **१६७४७** |
| सवारी साधन कर बाँडफाँट | ४७८० | ४७३४ | ७९८५ | ७९८४ | ४११७ | ४४९५ |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, २०८०

## बेरुजु

२.२३ प्रदेश सरकार अन्तरगतका सरकारी निकाय, समिति तथा अन्य संस्थाको आर्थिक वर्ष २०७४/७५ देखि २०७८/७९ सम्मको अन्तिम लेखापरीक्षण बेरुजुमध्ये फछ्यौंट तथा सम्परीक्षण गरी बाँकी रु.४ अर्ब ९६ करोड ३४ लाख बेरुजु कायम भएको छ। आर्थिक वर्ष २०७८/७९ मा प्रदेशका निकायको लेखापरीक्षण अङ्कको तुलनामा ३.३६ प्रतिशत बेरुजु रहेको छ। विगत ५ आर्थिक वर्षको अन्तिम लेखापरीक्षणको बेरुजुको प्रकृति विश्लेषण गर्दा असुलउपर गर्नुपर्ने बेरुजुको परिमाण वर्सेनि बढ्दै गएको छ।

**तालिका २.९: प्रदेशका निकायको अन्तिम लेखापरीक्षण बेरुजुको विवरण** (रु.लाखमा)

| विवरण | २०७४/७५ | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| लेखापरीक्षण अंक | ६५६९ | ३४६६४९ | ४४५७०३ | ४५५९१८ | ४९०१९४ |
| बेरुजु अंक | २२३ | १६७३९ | १२६५२ | १६२८६ | १६४६३ |
| बेरुजु (प्रतिशतमा) | ३.४ | ४.८२ | २.८४ | ३.५६ | ३.३६ |
| पेस्की बाहेक बेरुजु | २२२ | ७६९५ | ११७५४ | १४८१८ | १५२६५ |
| पेश्की बाहेकको बेरुजु (प्रतिशतमा) | ३.३८ | २.२१ | २.६४ | ३.२५ | ३.१ |
| गत आ.व. सम्मको बाँकी बेरुजु | ० | २२२ | १२४९१ | २१७४७ | ३३१७१ |
| कायम बेरुजु | २२३ | १६९६१ | २५१४३ | ३८०३३ | ४९६३४ |
| **असुल गर्नुपर्ने, नियमित गर्नुपर्ने र पेश्की बेरुजुको अनुपात (प्रतिशतमा)** | | | | | |
| असुल गर्नुपर्ने | ०.५ | ३.० | ५.० | ११.० | २१.० |
| नियमित गर्नपर्ने | ९९.० | ४३.० | ८८.० | ८०.० | ७२.० |
| पेश्की | ०.५ | ५४.० | ७.० | ९.० | ७.० |
| जम्मा | १००.० | १००.० | १००.० | १००.० | १००.० |

स्रोतः प्रदेश लेखा नियन्त्रक कार्यालय, २०८०

# ३. बैङ्क तथा वित्तीय क्षेत्र

३.१ कोशी प्रदेशमा वित्तीय पहुँचको विस्तार हुँदै गएको छ। बैङ्क तथा वित्तीय संस्थाका शाखा सञ्जालमा भएको विस्तारका कारण बैङ्किङ्ग सेवामा जनताको पहुँच बढ्दै गएको छ। साथै, इन्टरनेट सेवाको बढ्दो पहुँच र बैङ्किङ्ग क्षेत्रमा नयाँ प्रविधिको बढ्दो प्रयोगको कारण अत्याधुनिक बैङ्किङ्ग सुविधा लिने ग्राहकको सङ्ख्यामा समेत वृद्धि भएको छ। यद्यपि, प्रदेश भित्रका भौगोलिक दृष्टिकोणले अति विकट स्थानमा बसोबास गर्ने नागरिकमा समेत वित्तीय पहुँचको विस्तार गरी समग्र प्रदेशको वित्तीय क्षेत्रको थप सुधार गर्दै जानुपर्नेतर्फ प्रादेशिक वित्तीय नीति केन्द्रीत हुनुपर्ने देखिन्छ।

## वित्तीय संरचना तथा वित्तीय सेवा विस्तार

३.२ मुलुकका कुल ७५३ स्थानीय तहमध्ये २०७९ चैत्र मसान्तसम्म बझाङ्गको साइपालबाहेक सबै स्थानीय तहमा वाणिज्य बैङ्कको शाखा पुगेको छ। कोशी प्रदेशको सबै स्थानीय तहमा बाणिज्य बैङ्कको शाखा पुगेको छ।

३.३ २०७९ फागुनसम्म कोशी प्रदेशमा नेपाल राष्ट्र बैङ्कबाट इजाजतपत्र प्राप्त बैङ्क तथा वित्तीय संस्थामध्ये वाणिज्य बैङ्कका ७७०, विकास बैङ्कका १९४, वित्त कम्पनीका ३५ तथा लघुवित्त संस्थाका ८७० गरी कुल १,८६९ शाखा रहेका छन्। २०७९ असार मसान्तसम्म कोशी प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाका कुल १,८५७ शाखा रहेका थिए।

३.४ वित्तीय र मौद्रिक नीतिमार्फत मर्जर तथा प्राप्तिमा प्रदान गरिएको सहुलियतका कारण केही वित्त कम्पनीहरु क बर्गका बाणिज्य बैङ्क वा ख बर्गका विकास बैङ्कसँग मर्जरमा गएकाले शाखा सङ्ख्यामा कमी आएको देखिन्छ।

३.५ २०७९ फागुनसम्म मुलुकमा लघुवित्त समेत बैङ्क तथा वित्तीय संस्थाद्वारा प्रतिशाखा औसत २,५१० जनसङ्ख्यामा बैङ्किङ्ग सेवा प्रवाह भएको छ। कोशी प्रदेशमा यस्तो सङ्ख्या २,६५५ रहेको छ।

### तालिका ३.१: कोशी प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाको शाखा सङ्ख्या

| बैङ्क तथा वित्तीय संस्था | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|---|
| वाणिज्य बैङ्क | ५८५ | ६८७ | ७२८ | ७६३ | ७७० |
| विकास बैङ्क | १८३ | १६५ | १७७ | १९४ | १९४ |
| वित्त कम्पनी | ३९ | ४५ | २५ | ३२ | ३५ |
| लघुवित्त संस्था | ६२४ | ६८२ | ७८३ | ८६८ | ८७० |
| कुल शाखा सङ्ख्या | **१४३१** | **१५७९** | **१७१३** | **१८५७** | **१८६९** |
| **प्रतिशाखा जनसङ्ख्या** | **३३९२** | **३१३१** | **२९११** | **२६७७** | **२६५५** |

स्रोतः नेपाल राष्ट्र बैङ्क, विराटनगर कार्यालय, २०८० *फागुन मसान्तसम्म

३.६ कोशी प्रदेश अन्तर्गतका १४ जिल्लामध्ये तेह्रथुममा प्रतिशाखा सेवा प्रवाह गरेको जनसङ्ख्या सवैभन्दा कम १,८४९ रहेको छ भने खोटाङ्ग जिल्लामा सवैभन्दा बढी ३,७३० रहेको छ।

चार्ट ३.१: जिल्लागत प्रति शाखा सेवाप्रवाह गरेको जनसङ्ख्या




स्रोतः नेपाल राष्ट्र बैङ्क, विराटनगर कार्यालय, २०८०

३.७ २०७९ फागुनसम्म कोशी प्रदेशमा रहेका बैङ्क तथा वित्तीय संस्थाका ६०६ ए.टि.एम. मेसिन सञ्चालनमा रहेका छन्। यस प्रदेशभित्रका बैङ्क तथा वित्तीय संस्थाबाट १५ लाख ७७ हजार डेबिट कार्ड र २५ हजार ६ सय क्रेडिट कार्ड जारी भएका छन्। इन्टरनेट सेवाको बढ्दो पहुँच, बैङ्क तथा वित्तीय संस्थाको शाखा सञ्जालमा आएको तीव्र विस्तारले गर्दा अत्याधुनिक बैङ्किङ्ग सुविधा लिने ग्राहकको सङ्ख्यामा वृद्धि भएको छ।

तालिका ३.२: कोशी प्रदेशमा बैङ्क तथा वित्तीय संस्थाको बैंकिङ सेवाको अवस्था

| बैंकिङ सेवा | फागुन मसान्त | | वृद्धिदर (२०७९) |
|---|---|---|---|
| | २०७८ | २०७९ | |
| ए.टि.एम सङ्ख्या | ५५८ | ६०६ | ८.६ |
| डेबिट कार्ड सङ्ख्या (हजारमा) | १३०० | १५७७ | २१.३ |
| क्रेडिट कार्ड सङ्ख्या | १९६९२ | २५५८३ | २९.९ |
| प्रिपेड कार्ड सङ्ख्या | १७४७ | २७४० | ५६.८ |
| मोबाइल बैंकिङ ग्राहक सङ्ख्या (हजारमा) | २४०० | २८३६ | १८.२ |
| इन्टरनेट बैंकिङ ग्राहक सङ्ख्या (हजारमा) | १३३ | १६० | २०.५ |
| निक्षेप खाता सङ्ख्या (हजारमा) | ५६१९ | ६५३९ | १६.४ |

स्रोतः नेपाल राष्ट्र बैङ्क, विराटनगर कार्यालय

३.८ कोशी प्रदेशमा मोवाईल मोबाइल बैंकिङ ग्राहक सङ्ख्यामा उलेख्य वृद्धि भएको छ। २०७६/७७ मा १६ लाख ११ हजार रहेको सङ्ख्या २०७९/८० को फागुनसम्म २८ लाख ३६ हजार पुगेको छ।

३.९चार्ट ३.२: मोबाइल बैंकिङ ग्राहक सङ्ख्या (हजारमा)




स्रोतः नेपाल राष्ट्र बैङ्क, विराटनगर कार्यालय * फागुनसम्म

## वित्तीय स्रोत तथा वित्तीय साधन परिचालनको अवस्था

३.१० २०७९ पुससम्ममा कोशी प्रदेशका बैङ्क तथा वित्तीय संस्थाले २०७८ पुससम्मको तुलनामा ३.७ प्रतिशत बढी निक्षेप सङ्कलन गरेका छन्। प्रदेशमा कुल सङ्कलित निक्षेप रु.३ खर्ब ६४ खर्ब १८ करोडमध्ये मोरङ्गमा सबैभन्दा बढी रु.१ खर्ब १६ अर्ब ५२ करोड निक्षेप सङ्कलन भएको छ भने तेह्रथुम जिल्लामा सबैभन्दा कम रु.४ अर्ब ४५ करोड निक्षेप सङ्कलन भएको छ। प्रदेशको कुल निक्षेप सङ्कलनमा मोरङ्ग, सुनसरी र झापा जिल्लाको हिस्सा ७७.६ प्रतिशत रहेको छ।

३.११ २०७९ पुस मसान्तसम्म यस प्रदेश अन्तर्गतका बैङ्क तथा वित्तीय संस्थामा रहेका कुल ६३ लाख ४१ हजार निक्षेप खातामध्ये ४५ लाख १७ हजार निक्षेप खाता सक्रिय अवस्थामा रहेका छन्। उक्त निक्षेप खातामध्ये ४१ लाख २६ बचत खाता सक्रिय रहेका छन् । कुल बचत खातामध्ये सक्रिय अवस्थामा रहेका पुरुष तथा महिलाको खाता क्रमशः ५५.८ प्रतिशत र ४४.२ प्रतिशत रहेको छ ।

तालिका ३.३: निक्षेप खाताको विवरण

| विवरण | इकाई | २०७९ पुससम्म |
|---|---|---|
| कुल निक्षेप खाता | सङ्ख्यामा | ६३४१२३० |
| सक्रिय निक्षेप खाता | सङ्ख्यामा | ४५१७२२३ |
| ऋणी | सङ्ख्यामा | २९१४४८ |
| बचत खाता | सङ्ख्यामा | ५५२९२९७ |
| बचत खातामध्ये सक्रिय खाता | सङ्ख्यामा | ४१२६२८३ |
| कुल सक्रिय खातामध्ये पुरुषको खाता | प्रतिशतमा | ५५.८ |
| कुल सक्रिय खातामध्ये महिलाको खाता | प्रतिशतमा | ४४.२ |

स्रोतः नेपाल राष्ट्र बैङ्क, विराटनगर कार्यालय, २०८०

३.१२ २०७९ पुससम्म कोशी प्रदेशको कुल निक्षेपमा चल्ती, बचत र मुद्धती निक्षेपको हिस्सा क्रमशः ७.८ प्रतिशत, ३९.३ प्रतिशत, ४७.१ प्रतिशत रहेको छ । २०७८ पुससम्म यस्तो हिस्सा ८.६ प्रतिशत, ४५.७ प्रतिशत, ३९.७ प्रतिशत रहेको थियो ।

३.१३ २०७९ पुस मसान्तसम्म बैङ्क तथा वित्तीय संस्थाहरुले यस प्रदेश अन्तर्गतका जिल्लामा गरेको कुल कर्जा प्रवाह रू.५ खर्ब ५६ अर्ब ५ करोडमध्ये मोरङ्गमा सबैभन्दा बढी र ताप्लेजुङ्गमा सबैभन्दा कम रहेको छ। प्रदेशको कुल कर्जा प्रवाहमा मोरङ्ग, सुनसरी र झापा जिल्लाको हिस्सा ८७.० प्रतिशत रहेको छ।

## सहुलियतपूर्ण कर्जा

३.१४ कोशी प्रदेशमा २०७९ पुससम्म रु.३३ अर्ब २७ करोड सहुलियतपूर्ण कर्जा प्रवाह भएको छ। २०७९ असारसम्म रु.३६ अर्ब २ करोड प्रवाह भएको थियो।

३.१५ २०७९ पुससम्म बक्यौता रहेको सहुलियतपूर्ण कर्जामध्ये व्यवसायिक कृषि तथा पशुपन्छी शीर्षकमा रु.२२ अर्ब २२ करोड र महिला उद्यमशील कर्जा शीर्षकमा रु.१० अर्ब ८३ करोड रहेको छ ।

तालिका ३.४: सहुलियतपूर्ण कर्जाको शीर्षकगत बक्यौता रकम (रू.दश लाखमा)

| सहुलियपपूर्ण कर्जा | २०७९ असार मसान्त | २०७९ पुस मसान्त |
|---|---|---|
| कपडा उद्योग सञ्चालनका लागि कर्जा | १०९.९ | ६०.७ |
| CTEVT बाट मान्यता प्राप्त संस्थाबाट दिइने तालिमा | ०.२ | - |
| दलित समुदाय व्यवसाय विकास कर्जा | ६३.७ | ५५.२ |
| भूकम्प प्रावित निजी आवास निर्माण कर्जा | ५.० | ३.३ |
| शिक्षित युवा स्वरोजगार कर्जा | ४.० | ४.० |
| विदेशबाट फर्केका युवा परियोजना कर्जा | १२०.७ | ९६.७ |
| उच्च र प्राविधिक/व्यवसायिक शैक्षिक कर्जा | १.६ | १.७ |
| व्यवसायिक कृषि तथ पशुपन्छी कर्जा | २३३२०.३ | २२२२१.४ |
| महिला उद्यमशील कर्जा | १२३९४.४ | १०८२८.५ |
| जम्मा | ३६०१९.९ | ३३२७१.४ |

स्रोतः नेपाल राष्ट्र बैङ्क, २०८०

## सहकारी

३.१६ सहकारी मूल्य, मान्यता र सिद्धान्त अनुरुप सर्वसाधारण माझ छरिएर रहेको श्रम, पूँजी, प्रविधि तथा सीपलाई एकीकृत गर्दै आर्थिक, सामाजिक विकासमा उपयोग गर्न प्रदेश सहकारी ऐन, २०७६ जारी भएको छ।

३.१७ २०७९ असारसम्म प्रदेश सहकारी रजिष्ट्रार तथा सहकारी प्रशिक्षालयमा दर्ता भएका सहकारीको सङ्ख्या १,०६८ रहेका छ। यी सहकारीमध्ये बचत तथा ऋण सहकारी ४४०, कृषि सहकारी

२३३, बहुउद्देश्यीय १८३  र अन्य २१२ रहेका छन्। कोशी प्रदेशका सहकारीमध्ये सबैभन्दा बढी झापामा ३३८ र सबैभन्दा कम सोलुखुम्बुमा १४ सहकारी रहेका छन्।

३.१८ २०७९ असारसम्म कोशी प्रदेशमा १४ लाख ३१ हजार ४ सय २२ व्यक्ति सहकारीमा आबद्ध सदस्य रहेका छन्। सहकारीबाट ११ हजार ७ सय ५१ व्यक्तिले प्रत्यक्ष रोजगारी पाएका छन्।

## बीमा

३.१९ बीमकको कुल शाखा ३,२१५ मध्ये २०७९ को फागुनसम्म कोशी प्रदेशमा ५२० वटा रहेका छन् ।

**चार्ट ३.३: बीमकको प्रदेशगत शाखा सङ्ख्या**




स्रोतः नेपाल बीमा प्राधिकरण, २०७९

३.२० कोशी प्रदेशमा २०७९ फागुनसम्म बीमा प्रिमियमबापत सङ्कलन भएको रकम रू.१३ अर्ब ५४ करोड पुगेको छ। सङ्कलित प्रिमियम (बीमाशुल्क) मध्ये जीवन र निर्जीवनको अंश करिव ८३.० प्रतिशत र १७.० प्रतिशत रहेको छ। कुल सङ्कलित प्रिमियममध्ये कोशी प्रदेशको हिस्सा करिव ११.३ प्रतिशत रहेको छ।

**तालिका ३.५: बीमालेख र बीमाशुल्क सङ्कलनको प्रदेशगत विवरण*** (बीमाशुल्क रू. करोडमा र हिस्सा प्रतिशतमा)

| प्रदेश | जीवन | | | निर्जीवन | | | कुल सङ्कलित बीमाशुल्क | बीमाशुल्क हिस्सा |
|---|---|---|---|---|---|---|---|---|
| | सक्रिय बीमालेख सङ्ख्या | बीमाशुल्क | बीमाशुल्क हिस्सा | जारी बीमालेख सङ्ख्या | बीमाशुल्क | बीमाशुल्क आर्जनको हिस्सा | | |
| कोशी | ७५२७०२ | ११२५ | १२.०१ | २३२८२६ | २२९ | ८.८५ | १३५४ | ११.३२ |
| मधेश | ११२०२०४ | ८५७ | ९.१५ | १६०९२२ | १६५ | ६.३७ | १०२२ | ८.५४ |
| बागमती | ९७०७२२८ | ४२४३ | ४५.२७ | ८५८०१९ | १७०६ | ६५.९३ | ५९४९ | ४९.७४ |
| गण्डकी | ६९२८४८ | ९३४ | ९.९७ | १९४७०२ | १४९ | ५.७६ | १०८३ | ९.०६ |
| लुम्बिनी | ९१०५२५ | १३५७ | १४.४८ | २९४७४३ | २४२ | ९.३४ | १५९९ | १३.३७ |
| कर्णाली | ३३५४०९ | ३८३ | ४.०८ | ३७९३६ | २८ | १.०९ | ४११ | ३.४३ |
| सुदूरपश्चिम | ४८२६६० | ४७३ | ५.०५ | ९७३०५ | ६९ | २.६७ | ५४२ | ४.५३ |
| **जम्मा** | **१४००१५७६** | **९३७३** | **१००.००** | **१८७६४५३** | **२५८७** | **१००.००** | **११९६०** | **१००.००** |

स्रोतः नेपाल बीमा प्राधिकरण, २०७९  * फागुनसम्म

## पुँजी बजार

३.२१ २०७९ चैत्रसम्म कोशी प्रदेशमा रहेका बैङ्क तथा वित्तीय संस्था मार्फत खोलिएका डिम्याट खातामा सिडिएससिको तथ्याङ्कमा स्थायी ठेगाना कोशी प्रदेश उल्लेख गरी खोलिएका हितग्राही (डिम्याट) खाताको सङ्ख्या १० लाख ९० हजार पुगेको छ। कुल हितग्राही खातामध्ये पुरुषको खाता ५६.४ प्रतिशत र महिलाको ४३.६ प्रतिशत रहेको छ। जिल्लागतरुपमा झापामा सबैभन्दा बढी २२.३ प्रतिशत र त्यसपछि क्रमशः मोरङमा २१.४ र सुनसरीमा १५.० प्रतिशत रहेका छन्। २०७९ चैत्रमसान्तसम्म कोशी प्रदेशमा धितोपत्र दलालहरुका १६ वटा शाखा रहेका छन् ।

३.२२ चालु आर्थिक वर्षको चैतसम्म कोशी प्रदेशमा खोलिएका धितोपत्र दलालका शाखा कार्यालयबाट रू. ४९ अर्ब ८७ करोड बराबरको धितोपत्र खरिद र रू.५१ अर्ब ७१ करोड बराबरको धितोपत्र बिक्री भएको छ।

# ४ आर्थिक पूर्वाधार क्षेत्र

## गरिबी निवारण र रोजगारी

४.१ राष्ट्रिय योजना आयोगबाट प्रकाशित नेपाल मानव विकास प्रतिवेदन, २०२० अनुसार कोशी प्रदेशको मानव विकास सूचकाङ्क ०.५८० रहेको छ। बागमती प्रदेश र गण्डकी प्रदेशको मानव विकास सूचकाङ्क राष्ट्रिय औसत ०.६०२ भन्दा माथि रहेको छ।

चार्ट ४.१ः प्रदेशगत मानव विकाससम्बन्धी सूचक




स्रोतः नेपाल मानव विकास प्रतिवेदन २०२०, राष्ट्रिय योजना आयोग

४.२ कोशी प्रदेशमा निरपेक्ष गरिबीको रेखामुनिको जनसङ्ख्या १२.४ प्रतिशत रहेको छ। बहुआयामिक गरिबी राष्ट्रिय औषत १७.४ प्रतिशत रहेको छ भने यस प्रदेशको बहुआयामिक गरिबी १५.९ प्रतिशत रहेको छ। कोशी प्रदेशमा गरिबीको सघनता ४१.४ प्रतिशत रहेको छ जुन राष्ट्रिय प्रतिशत भन्दा कम रहेको छ। यस्तै राष्ट्रिय बहुआयामिक गरिबीको सूचकांक ०.०७४ रहेकोमा यस प्रदेशको यस्तो सूचकांक ०.०६६ रहेको छ। कोशी प्रदेशको बहुआयामिक गरिबी, निरपेक्ष गरिबी र सघनता तिनैको स्थिति राष्ट्रिय औषत भन्दा राम्रो रहेको छ।

चार्ट ४.२ः प्रदेशअनुसार बहुआयामिक गरिबीको दर प्रतिशतमा




स्रोतः राष्ट्रिय योजना आयोग, २०७९

तालिका ४.१ : कोशी प्रदेशको बहुआयामिक गरिबीको स्थिती

| गरिबीको विवरण | कोशी प्रदेश | नेपाल |
|---|---|---|
| बहुआयामिक गरिबीमा रहेको जनसङ्ख्या (प्रतिशतमा) | १५.९ | १७.४ |
| बहुआयामिक गरिबि सूचकाङ्क | ०.०६६ | ०.०७४ |
| बहुआयामिक गरिबीको सघनता (Intensity) | ४१.४ | ४२.५ |
| **निरपेक्ष गरिबीको रेखामुनीको जनसंख्या** | १२.४ | १८.७ |

स्रोतः बहुआयामिक गरिबी सूचक, २०२१, राष्ट्रिय योजना आयोग

४.३ पन्ध्रौं योजना र प्रदेशको प्रथम आवधिक योजनाले गरिबी निवारणलाई राष्ट्रिय रणनीतिको रुपमा अंगीकार गरेसँगै संघ, प्रदेश र स्थानीय तहका सरकारबाट गरिबी निवारणका लागि लक्षित कार्यक्रम सञ्चालन हुँदै आएका छन्। गरिबी र विपन्न प्रभावित परिवार लक्षित आवास कार्यक्रमको प्रभावकारिता, फुसको छानोलाई जस्तापाताले विस्थापित गर्ने अभियान, उद्यमशीलता विकास कार्यक्रम र वैदेशिक रोजगारले समेत गरिबी निवारण गर्न उल्लेख्य योगदान गरेको छ ।

४.४ विकासका आयाममा गरिबी निवारण सम्बन्धित बिषय भएकोले विकासका हरेक क्रियाकलाप र आयोजनाहरुलाई गरिबी निवारणको लक्ष्यसँग आबद्ध गरी कार्यान्वयन गर्न सकिएमा गरिबी निवारणमा सघाउ पुग्ने देखिन्छ।

## रोजगारी

४.५ नेपालको संविधानले रोजगारीको हकको सुनिश्चितता प्रदान गर्नका साथै श्रम शक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारीको अभिवृद्धि गर्ने, सामाजिक सुरक्षाको प्रत्याभूति गर्ने, बालश्रम लगायत श्रम शोषणका सबै रूपको अन्त्य गर्ने, सुमधुर श्रम सम्बन्ध राख्ने, वैदेशिक रोजगारीलाई शोषणमुक्त, सुरक्षित, व्यवस्थित गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पुँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशको उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति लिएको छ । दिगो विकासको लक्ष्यले पूर्ण र उत्पादनशील रोजगारी र सबैका लागि सम्मानजनक काम उपलब्ध गराउनु पर्ने लक्ष्य तोकेको छ। सन् २०३० सम्ममा बालश्रमको पूर्ण उन्मूलन र अर्धबेरोजगारी दर १० प्रतिशत भन्दा तल झार्ने लक्ष्य लिएको छ।

४.६ नेपाल श्रमशक्ति सर्वेक्षण, २०१८ अनुसार नेपालको बेरोजगारी दर ११.४ प्रतिशत रहेकोमा कोशी प्रदेशमा बेरोजगारी दर १०.२ प्रतिशत रहेको छ।

४.७ राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशमा १० वर्ष वा सो भन्दा बढी उमेरका ४१ लाख २७ हजार ९४ जना व्यक्तिहरू मध्ये २८ लाख ३४ हजार ८८ जनाले गणना भएको १२ महिना अगाडिको समयमा कुनै न कुनै आर्थिक काम गरेका छन् जसमध्ये ४७.४ प्रतिशतले ६ महिना वा सोभन्दा बढी समय काम गरेको, २१.२ प्रतिशतले ६ महिनाभन्दा कम समय काम गरेको र ३१.३ प्रतिशतले कुनै पनि आर्थिक काम गरेका छैनन् ।

### चार्ट ४.३: आर्थिक काम गरेको अवधिको आधारमा विवरण




स्रोत: राष्ट्रिय जनगणना २०७८

४.८ कोशी प्रदेशमा १० वर्ष वा सोभन्दा बढी उमेरका ४१ लाख २७ हजार ९४ व्यक्तिमध्ये २९ लाख ३२ हजार २ सय ९ ( ७१.० प्रतिशत) आर्थिक रूपले सक्रिय र ११ लाख ९१ हजार ५०९ (२८.९ प्रतिशत) आर्थिक रूपले निष्क्रिय रहेका छन्। आर्थिक रूपले सक्रिय वा निष्क्रिय अवस्था नखुलेका व्यक्तिहरू ३,३७६ जना रहेका छन् ।

### तालिका ४.२: आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसङ्ख्या

| विवरण | हिस्सा (प्रतिशतमा) | | | | |
|---|---|---|---|---|---|
| कुल जनसङ्ख्या (४९६१४१२) | | | | | १००. |
| १० वर्ष वा सोभन्दा माथिका जनसङ्ख्या | | | | ८३.२ | |
| आर्थिक रूपमा सक्रिय | | | ७१.० | | |
| अक्सर सक्रिय | | ७२.८ | | | |
| अक्सर रोजगार | ९४.८ | | | | |
| अक्सर बेरोजगार | ५.२ | | | | |
| अक्सर निष्क्रिय | | २७.२ | | | |
| आर्थिक रूपमा निष्क्रिय | | | २८.९ | | |
| आर्थिक क्रियाकलाप नखुलेको | | | ०.१ | | |
| १० वर्ष मुनिको जनसङ्ख्या | | | | १६.८ | |
| **जम्मा** | १००. | १००. | १०० | १००. | १००. |

स्रोत: राष्ट्रिय तथ्याङ्क कार्यालय, २०७९

नोटः

- जनगणना अगाडिको १२ महिनाभरि कुनै व्यक्तिले कुनै पनि आर्थिक काम गरेको वा आर्थिक काम खोजेको समयको जोड ६ महिना वा सो भन्दा बढी भएका व्यक्तिहरू अक्सर आर्थिक रूपमा सक्रिय जनसङ्ख्या मानिएको छ। त्यसैगरी आर्थिक काम गरेको र आर्थिक काम खोजेको समयको जोड ६ महिनाभन्दा कम भएमा त्यस्ता व्यक्तिलाई अक्सर आर्थिक रूपमा निष्क्रिय जनसङ्ख्या मानिएको छ।
- जनगणना अगाडिको १२ महिनाभरि कुनै व्यक्तिले कुनै पनि आर्थिक काम गरेको समय आर्थिक काम नगरेको समय भन्दा बढी भएमा अक्सर रोजगार र काम गरेको समय काम नगरेको समय भन्दा कम भएमा भएमा अक्सर बेरोजगार मानिन्छ।
- जनगणना अगाडिको १२ महिनाभरि कुनै व्यक्तिले १ दिन पनि आर्थिक काम नगरेका र आर्थिक काम नखोजेका व्यक्तिहरू आर्थिक रूपमा निष्क्रिय जनसङ्ख्या अन्तर्गत पर्दछन्।

४.९ कोशी प्रदेशमा आर्थिक कामको औद्योगिक क्षेत्र वर्गीकरण अनुसार संलग्न कुल २८ लाख ३४ हजार ८८ जनसङ्ख्यामध्ये सबैभन्दा धेरै कृषि, वन र माछापालन क्षेत्रमा ६२.७ प्रतिशत संलग्न रहेका छन्। त्यसैगरी, थोक एवम् खुद्रा व्यापारमा ११.१ प्रतिशत, निर्माणमा ७.० प्रतिशत, औद्योगिक उत्पादनमा ४.१ प्रतिशत र अन्य सेवामा २.८ प्रतिशत जनसङ्ख्या संलग्न रहेका छन् ।

**चार्ट ४.४: औद्योगिक क्षेत्र वर्गिकरण अनुसार आर्थिक काम गरेको क्षेत्र**




स्रोत: राष्ट्रिय जनगणना २०७८

४.१० राष्ट्रिय जनगणना २०७८ अनुसार कोशी प्रदेशमा गणना भएको १२ महिना अगाडिको समयमा आर्थिक काम गरेका व्यक्तिहरूको आर्थिक कामको संस्थागत क्षेत्र अनुसार सबैभन्दा बढी घरायसी क्षेत्रमा काम गर्ने ६७.८ प्रतिशत, गैर वित्तीय संस्थामा काम गर्ने २७.७ प्रतिशत, सरकारी क्षेत्रमा काम गर्ने ३.४

प्रतिशत, वित्तीय संस्थामा काम गर्ने ०.९ प्रतिशत, नाफा नकमाउने संस्थामा काम गर्ने ०.३ प्रतिशत रहेका छन् ।

४.११ कोशी प्रदेशमा दश वर्ष वा सो भन्दा बढी उमेरका व्यक्तिमध्ये कुनै पनि आम्दानी हुने वा नहुने आर्थिक काम नगरेका व्यक्तिहरू मध्ये सबैभन्दा धेरै ४५.७ प्रतिशतले विद्यार्थी भएका कारण आर्थिक काममा संलग्न हुन नसकेको देखिन्छ। त्यसैगरी, घरधन्दा २०.९ प्रतिशत, बृद्ध अवस्था १२.७ प्रतिशत, पारिवारिक हेरचाह ७.२ प्रतिशत, अशक्त/बिरामी ३.९ प्रतिशत, पेन्सन/आयस्ता १.९ प्रतिशत, सामाजिक कार्य/स्वयंसेवा ०.३ प्रतिशत र अन्यमा ७.३ प्रतिशत रहेका छन्।

४.१२ प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तरगत आर्थिक वर्ष २०७९/८० को फागुनसम्म कोशी प्रदेशका १३६ स्थानीय तहमा सञ्चालित ३ हजार २८ आयोजनाबाट औसत ७६ दिनका आधारमा कुल २३ हजार ५ सय १ जनाले रोजगारी प्राप्त गरेका छन्।

तालिका ४.३ः प्रधानमन्त्री रोजगार कार्यक्रमबाट सिर्जित रोजगारीको विवरण*

| विवरण | स्थानीय तह | कार्यक्रम संचालन गरेका स्थानीय तह | आयोजना सङ्ख्या | रोजगारमा संलग्न व्यक्तिको सङ्ख्या | रोजगार औषत दिन | जम्मा रोजगार दिन |
|---|---|---|---|---|---|---|
| कोशी | १३७ | १३६ | ३०२८ | २३५०१ | ७६.४ | १७९५५२२ |
| नेपाल | ७५३ | ७०६ | १८१९५ | १६३७०८ | ७६.६ | १२२१६६११ |

स्रोतः श्रम रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०७९

* आर्थिक वर्ष २०७९/८० फागुनसम्म

## वैदेशिक रोजगारीको अवस्थाः

४.१३ सन् २०२१/२२ मा कोशी प्रदेशबाट ७० हजार ६ सय २३ व्यक्तिले नयाँ श्रम स्वीकृति लिएका छन्। जसमध्ये महिलाको अंश १४.३ प्रतिशत रहेको छ। सन् २०१९/२० मा नयाँश्रम स्वीकृति लिनेको सङ्ख्या ४६ हजार १ सय ११ रहेकोमा कोरोनाको विश्वव्यापि प्रभावले सन् २०२०/२१ मा नयाँ श्रम स्वीकृति लिनेको सङ्ख्या १४ हजार ७७० मात्र रहेको थियो।

४.१४ सन् २०२१/२२ मा झापाबाट सबैभन्दा बढी १३ हजार ५ सय ५८ व्यक्तिले नयाँश्रम स्वीकृति लिएका छन्। मोरङ र सुनसरीबाट समेत श्रम स्वीकृति लिनेको सङ्ख्या उच्च रहेको छ।

**चार्ट ४.५: नयाँ श्रम स्वीकृति लिनेको विवरण** (सङ्ख्यामा)




स्रोतः श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय, २०७९

## बाल श्रमको अवस्था

४.१५ बालबालिकाहरूलाई उनीहरूको बाल्यावस्था, शिक्षा, स्वास्थ्य, सुरक्षा र नैतिक विकासको अधिकारलाई वञ्चित गराउने जुनसुकै कार्य बाल श्रम हो। बाल श्रम सम्बन्धी प्रतिवेदन - २०२१ ले राष्ट्रिय तथा प्रदेशस्तरमा बाल श्रमको अवस्था देखि लिएर खतरनाक पेशामा उनीहरुको संलग्नतालाई व्यापक रुपमा समेट्नुका साथै उमेर, लिंग, क्षेत्र, प्रदेशहरु साथै जातीय आधारमा छुट्याएर विश्लेषण गरेको छ।

४.१६ प्रतिवेदनका अनुसार नेपालमा ५ देखि १७ वर्ष उमेरका कुल ७० लाख बालबालिकाहरु मध्ये ११ लाख बालबालिका (१५.३ प्रतिशत) बाल श्रममा संलग्न रहेका छन् जुन सन् २००८ (१६ लाख) को तुलनामा उल्लेखनीय गिरावट हो | त्यसैगरी ५ देखि १३ वर्ष उमेरका १८ प्रतिशत तथा १४ देखि १७ वर्ष उमेरका १० प्रतिशत बालबालिका बाल श्रममा रहेका छन् | उक्त प्रतिवेदन अनुसार कोशी प्रदेशमा ५ देखि १७ वर्ष उमेरका कुल ११ लाख ५१ हजार बालबालिकाहरु मध्ये २ लाख ३ हजार बालबालिका (१७.६ प्रतिशत) बाल श्रममा संलग्न रहेका छन् ।

**तालिका ४.४: ५ देखि १७ वर्षका बाल श्रमिकहरुको सङ्ख्या** (हजारमा) तथा प्रतिशत

| बालबालिका | | बाल श्रमिक | | बाल श्रमिक प्रतिशत | |
|---|---|---|---|---|---|
| **नेपाल** | कोशी प्रदेश | नेपाल | कोशी प्रदेश | नेपाल | कोशी प्रदेश |
| **७०७५** | ११५१ | १०८२ | २०३ | १५.३ | १७.६ |

श्रोत : बाल श्रम सम्बन्धी प्रतिवेदन-२०२१

४.१७ देश भरमा ५-१३ उमेर समूहका ८ लाख ४८ हजार बालबालिका मध्ये कोशी प्रदेशमा १ लाख ४६ हजार रहेका छन् । यस्तै देश भरका १४-१७ उमेर समूहका १ लाख ४१ हजार बालबालिका मध्ये ५७ हजार बालबालिका प्रदेशमा रहेका छन् भने ५-१७ उमेर समूहका देश भरका ५ लाख ४ हजार बालबालिका मध्ये प्रदेशमा २ लाख ३ हजारको सङ्ख्यामा रहेका छन् ।

**तालिका ४.५: लिङ्ग एवम् उमेरका आधारमा ५ देखि १७ वर्षका बाल श्रमिकहरुको सङ्ख्या (हजारमा) तथा प्रतिशत**

| | लिङ्ग | उमेर समूह (५-१३) | उमेर समूह (१४-१७) | उमेर समूह (५-१७) | जम्मा बालवालिका (५-१७) |
|---|---|---|---|---|---|
| | | बाल श्रमिकको सङ्ख्या | | | |
| नेपाल | पुरुष | ३६३ | १४१ | ५०४ | ३६३२ |
| | महिला | ४८५ | ९३ | ५७८ | ३४४३ |
| | जम्मा | ८४८ | २३४ | १०८२ | ७०७५ |
| कोशी प्रदेश | पुरुष | ७० | ३७ | १०७ | ६०५ |
| | महिला | ७६ | २० | ९६ | ५४५ |
| | जम्मा | १४६ | ५७ | २०३ | ११५१ |

स्रोतः बाल श्रम सम्बन्धी प्रतिवेदन-२०२१

४.१८ सामाजिक सुरक्षा कोष मार्फत् श्रमिकको योगदानमा आधारित सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन भईरहेको छ। औषधि उपचार, स्वास्थ्य तथा मातृत्व सुरक्षा योजना अन्तरगत दाबी भुक्तानीका लागि सामाजिक सुरक्षा कोषले MOU गरेका १४६ वटा अस्पतालहरु मध्ये कोशी प्रदेशमा २६ वटा रहेका छन्। सामाजिक सुरक्षा कोषमा कोशी प्रदेश अन्तरगत आर्थिक वर्ष २०७५/७६ देखी चालु आर्थिक वर्ष २०७९/८० को फागुन मसान्त सम्म १ हजार ९ सय २५ रोजगारदाता र ३८ हजार ६ सय ८८ योगदानकर्ता सूचिकृत भएका छन्।

**तालिका ४.६: सामाजिक सुरक्षा कोषमा आवद्ध भएका रोजगारदाता र योगदानकर्ता सम्बन्धी विवरणः**

| विवरण | सूचिकृत रोजगारदाता | | सूचिकृत योगदानकर्ता | |
|---|---|---|---|---|
| | कोशी प्रदेश | नेपाल | कोशी प्रदेश | नेपाल |
| २०७५/७६ | २०७ | ३२६१ | १०४६ | २४३३० |
| २०७६/७७ | १५८४ | ९२०२ | १५४५० | १३२७२२ |
| २०७७/७८ | ६९ | २५०८ | १२३४५ | ११६६६८ |
| २०७८/७९ | २० | २२२१ | ५३८० | ७३०२४ |
| २०७९/८०* | ४५ | ५३६ | ४४६७ | ६१७०२ |
| जम्मा | १९२५ | १७७२८ | ३८६८८ | २०८४४८ |

स्रोतः सामाजिक सुरक्षा कोष

* फागुनसम्म

## कृषि क्षेत्र

४.१९ कृषिको लागि प्रचुर सम्भावना बोकेको कोशी प्रदेशको कुल जनसङ्ख्या मध्ये ६२.७ प्रतिशत अर्थात् ३१ लाख १० हजार ८०५ जनसङ्ख्या कृषि क्षेत्र (कृषि, वन र मत्स्य पालन)मा आबद्ध रहेका छन्।

४.२० चालु आर्थिक वर्ष २०७९/८० मा नेपालको कुल गार्हस्थ्य उत्पादनमा कृषि क्षेत्र (कृषि वन र मत्स्य पालन) को योगदान २४.१ प्रतिशत रहँदा कोशी प्रदेशमा यस्तो योगदान ३३.२ प्रतिशत रहेको छ। गत आर्थिक वर्षमा यस्तो योगदान ३३.९ प्रतिशत रहेको थियो।

४.२१ चालु आर्थिक वर्ष २०७९/८० मा कृषि क्षेत्रको वार्षिक वृद्धिदर २.४९ प्रतिशत रहने अनुमान रहेको छ। गत आर्थिक वर्षमा यस्तो वृद्धिदर २.१६ प्रतिशत रहेको थियो।

**चार्ट ४.६: प्रदेशको कुल गार्हस्थ उत्पादनमा कृषि क्षेत्रको योगदान र वार्षिक वृद्धिदर** (प्रतिशतमा)




स्रोतःराष्ट्रिय तथ्याङ्क कार्यालय, २०८० * अनुमानित

४.२२ कोशी प्रदेशको कुल भू-भागको करिब ३१.९ प्रतिशत क्षेत्रफल खेतीयोग्य रहेको छ। यस प्रदेशको खेतीयोग्य जमिन ८ लाख २६ हजार ६४६ हेक्टर मध्ये ८६.४ प्रतिशतमा मात्र खेती भईरहेको छ भने खेतीयोग्य तर बाँझो रहेको जग्गा करिब १३.६ प्रतिशत रहेको छ।

४.२३ प्रदेशको कुल खेतियोग्य जग्गा मध्ये सवैभन्दा बढी मोरङ जिल्लामा १४.१ प्रतिशत रहेको छ।यसैगरि झापा, सुनसरी, ईलाम र खोटाङ्मा क्रमश: ११.९ प्रतिशत, ९.९ प्रतिशत, ८.५ प्रतिशत र ८.१ प्रतिशत रहेको छ।

### तालिका ४.७: कोशी प्रदेशको खेतीयोग्य जमिनको जिल्लागत विवरण

| क्र.स. | जिल्ला | जिल्लाको कुल क्षेत्रफल (हे.) | जिल्लाको कुल क्षेत्रफलमा कुल खेती योग्य जग्गाको हिस्सा (प्रतिशतमा) | कुल खेती योग्य जग्गा मध्ये खेती भै रहेको जग्गाको हिस्सा (प्रतिशतमा) | कुल खेती योग्य जग्गा मध्ये बाझो जग्गाको हिस्सा (प्रतिशतमा) | प्रदेशको कुल खेतियोग्य जग्गामा जिल्लागत हिस्सा (प्रतिशतमा) |
|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ्ग | ३६४५०० | ७.६ | ८१.७ | १८.३ | ३.३ |
| २ | पाँचथर | १२४१०० | ४८.६ | ८६.१ | १३.९ | ७.३ |
| ३ | ईलाम | १७०३०० | ४१.३ | ९०.० | १०.० | ८.५ |
| ४ | झापा | १६०६०० | ६१.५ | ९१.२ | ८.८ | ११.९ |
| ५ | संखुवासभा | ३४८००० | ९.१ | ९६.८ | ३.२ | ३.८ |
| ६ | तेह्रथुम | ६७९०० | ५४.९ | ८१.६ | १८.४ | ४.५ |
| ७ | धनकुटा | ८९२०० | ४५.७ | ९८.० | २.० | ४.९ |
| ८ | भोजपुर | १५०७०० | ४१.३ | ९१.४ | ८.६ | ७.५ |
| ९ | सुनसरी | १२५७०० | ६५.० | ९०.९ | ९.१ | ९.९ |
| १० | मोरङ्ग | १८५५०० | ६३.० | ९२.० | ८.० | १४.१ |
| ११ | सोलुखुम्वु | ३३१२०० | १३.७ | ८९.६ | १०.४ | ५.५ |
| १२ | खोटाङ्ग | १५९१०० | ४१.९ | ८५.० | १५.० | ८.१ |
| १३ | ओखलढुङ्गा | १०७४०० | ५५.० | ४०.४ | ५९.६ | ७.१ |
| १४ | उदयपुर | २०६३०० | १३.७ | ९१.६ | ८.४ | ३.४ |
| **कुल जम्मा** | | **२५९०५००** | **३१.९** | **८६.४** | **१३.६** | **१००.०** |

स्रोतः कृषि विकास निर्देशनालय, विराटनगर, २०७९

४.२४ ओखलढुङ्गामा कुल खेतियोग्य जग्गाको करिव ६०.० प्रतिशत जग्गा बाझो रहेको छ भने धनकुटामा २.० प्रतिशत मात्र बाझो रहेको छ। आन्तरिक वसाईसराइ र वैदेशिक रोजगारका कारण हिमाली र पहाडी जिल्लाहरुमा खेतियोग्य जग्गा मध्ये वाँझो जग्गा तराईका जिल्लाको तुलनामा बढी रहेको छ।

## कृषि उत्पादनको स्थिति

४.२५ यस प्रदेशमा मुख्य खाद्यान्न वालीहरु धान, मकै, गहुँ र कोदो उत्पादन हुन्छ भने नगदेवालीमा चिया उखु, अलैंचि, अदुवा, आलु र तरकारी उत्पादन हुन्छ। कोशी प्रदेशमा आर्थिक वर्ष २०७८/७९ भएको कृषि उत्पादन मध्ये सबैभन्दा बढी धान उत्पादन भएको छ। त्यस्तै दोश्रो र तेश्रो प्रमुख उत्पादनमा क्रमश: आलु र मकै रहेको छ।

४.२६ विगतका ४ आर्थिक वर्षहरुमा मकै, तरकारी र आलुको उत्पादन बढेको छ भने गहुँको उत्पादनमा केहि कमी आएको छ।

**चार्ट ४.७: कृषि उत्पादन (मेट्रिक टनमा)**




स्रोत: उद्योग कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश * फागुनसम्म

४.२७ आर्थिक वर्ष २०७८/७९ मा कोशी प्रदेशमा सबैंभन्दा बढी खाद्यान्नमा बालीमा धान बालीको कुल उत्पादन १५ लाख ८२ हजार ७ सय ९८ मेट्रिक टन रहेको छ। चालु आर्थिक वर्ष २०७९/८० को फागुनमसान्तसम्म कोशी प्रदेशमा १२ लाख ९८ हजार ८ सय ५५ मेट्रिक टन धान उत्पादन भएको छ। यस प्रदेशमा आर्थिक वर्ष २०७८/७९मा दुग्ध ५ लाख २५ हजार १५५ मेट्रिक टन, मासु ८६ हजार ६१९ मेट्रिक टन, माछा १० हजार १६३ मेट्रिक टन र अण्डा १४ करोड १९ लाख ९३ हजार गोटा उत्पादन भएको छ।

४.२८ कोशी प्रदेशमा समग्रमा प्रति हेक्टर क्षेत्रफलमा ४.०१ मेट्रिक टन धान आर्थिक वर्ष २०७८/७९ मा उत्पादन भएको छ भने मकै र गँहु क्रमश: प्रति हेक्टरमा ३.२ मेट्रिक टन र २.४८ मेट्रिक टन उत्पादन भएको छ।

**तालिका ४.८: कोशी प्रदेशमा उत्पादन हुने प्रमुख बालीको अवस्था**

| बाली | उत्पादन (मे.ट.) | उत्पादकत्व (मे.ट./हे.) |
|---|---|---|
| धान | १५८२७९८ | ४.०१ |
| मकै | ९३६८८३ | ३.२ |
| गँहु | १४१८२६ | २.४८ |
| आलु | १०२१८३० | १५.३ |
| उखु | ३२२१५६ | ५६.३९ |
| अलैचि | ७७०६ | ०.५३ |
| दलहन | ४८०९१ | १.१७ |
| तेलहन | ५२०३७ | १.२ |

स्रोत: उद्योग कृषि तथा सहकारी मन्त्रालय कोशी प्रदेश

४.२९ प्रमुख कृषि बालीको न्यूनतम समर्थन मूल्य प्रदेश सरकारबाट अलग्गै निर्धारण नगरी संघीय सरकारले निर्धारण गरेको मूल्यलाई नै अवलम्बन गरिएको छ। जस अनुसार आर्थिक वर्ष २०७८/७९ मा मोटा धानको न्यूनतम समर्थन मूल्य प्रति क्वीन्टल रु.२,७५२ कायम भएकोमा चालु आर्थिक वर्षमा रु.२,९६७ कायम भएको छ। त्यस्तै मध्यम धानको प्रति क्वीन्टल मूल्य रु.२,९०२ रहेकोमा चालु आर्थिक वर्षमा रु.३,१२८ कायम भएको छ। त्यस्तै आर्थिक वर्षमा २०७८/७९ मा गहुँको न्यूनतम समर्थन मूल्य प्रति क्वीन्टल रु. ३,१६५ कायम भएकोमा चालु आर्थिक वर्षमा रु.३,३५१ कायम भएको छ।

**तालिका ४.९: प्रमुख बालीको न्यूनतम समर्थन मूल्य** (रुपैया प्रति क्वीन्टल)

| क्र. सं. | वालि वस्तु | २०७७/७८ | २०७८/७९ | २०७९/८० |
|---|---|---|---|---|
| १ | मोटा धान | २७३५ | २७५२ | २९६७ |
| २ | मध्यम धान | २८८५ | २९०२ | ३१२८ |
| ३ | उखु | ५४४ | ५९० | ६१० |
| ४ | गँहु | ३१११ | ३१६५ | ३३५१ |

स्रोतःकृषि तथा पशुपन्छी विकास मन्त्रालय काठमाण्डौ।

## कृषि उत्पादनको जिल्लागत विभाजन

४.३० प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजनाले कोशी प्रदेशका विभिन्न जिल्लालाई उत्पादन सम्भाव्यता र क्षमताको आधारमा जोन सुपरजोन आदिको रुपमा विकास गरी कृषि क्षेत्रको विकास र विस्तारकोलागि प्रयास भईरहेको छ। यस प्रदेशमा झापा जिल्लालाई धान खेतीको सुपरजोनको रूपमा विकास गरिएको छ। त्यस्तै अलैंची उत्पादनको लागि पाँचथर ताप्लेजुङ तेह्रथुम भोजपुर तथा संखुवासभा जिल्लालाई अलैंची जोनको रुपमा विकास गरिएको छ।

४.३१ कोशी प्रदेशमा प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना अन्तरगत १ वटा सुपरजोन ३५ वटा जोन र आ.व २०७८/७९ देखि निरन्तर रहेका ७० वटा ब्लकहरु रहेका छन्। ब्लकहरुमध्ये कृषि तर्फ ४३ वटा र पशुपंक्षी तर्फ २७ वटा रहेका छन्।

**तालिका ४.१०ः प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना अन्तरगतका वाली/वस्तुका ब्लक, जोन र सुपरजोनको विवरणः**

| सि.नं. | जिल्ला | जोन | ब्लक |
|---|---|---|---|
| १ | झापा | धान **(सुपर जोन)**, रवर, सुपारी, मकै | धान, मकै, केरा, बाखा, गाई, माछा |
| २ | ताप्लेजुङ | अलैंची, मकै | अलैची(३), बाखा |
| ३ | पाँचथर | अलैंची, आलु | तरकारी, अदुवा/बेसार, अलैची, बाखा |
| ४ | मोरङ | धान, माछा, तरकारी | धान(२), मकै(२), तरकारी, तोरी, बंगुर, बाखा, गाई, माछा (२) |
| ५ | सुनसरी | अदुवा/वेसार, तरकारी, माछा, धान, वंगुर | धान(२), तोरी, बंगुर, बाखा, भैंसी |
| ६ | धनकुटा | तरकारी, सुन्तलाजात फलफूल | धान, मकै, सुन्तलाजात फलफूल, बंगुर, बाखा |
| ७ | तेह्रथुम | अलैंची, तरकारी | मकै, बाखा |
| ८ | सखुवासभा | अलैंची, सुन्तलाजात फलफूल | तरकारी(२), बाखा |
| ९ | भोजपुर | अलैंची, सुन्तलाजात फलफूल | धान, तरकारी(२), बंगुर, बाखा |
| १० | सोलुखुम्वु | स्याउ, ओखर, किवी | आलु, स्याउ/ओखर(२), ट्राउड माछा(२) |
| ११ | ओखलढुंगा | आलु, बाखा | मकै, आलु, सुन्तलाजात फलफूल, बंगुर, बाखा |
| १२ | खोटाङ | तरकारी, बाखा | तरकारी, आलु, सुन्तलाजात फलफूल |
| १३ | इलाम | किवी, गाई | तरकारी(२), गाई |
| १४ | उदयपुर | सुन्तलाजात फलफूल, अदुवा/वेसार, वहुवाली (मकै, धान, आलु) | धान (२), मकै, केरा, आलु, बंगुर, बाखा, गाई |

स्रोतः उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश

नोटः कोष्ठक भित्रको अंकले ब्लक सङ्ख्यालाई जनाउँछ। अंक नलेखिएकोलाई एउटा ब्लक/जोन गणना गरिएको छ।

४.३२ आर्थिक वर्ष २०७८/७९ मा कोशी प्रदेशमा कृषि बीमातर्फ ७७२ वटा बीमालेख रहेका थिए जसबाट रु. ८८ करोड ८९ लाख बराबरको प्रिमियम सङ्कलन भएको थियो भने प्रिमियम शुल्कको करीब ८०.० प्रतिशत अनुदान दिईएको थियो।

४.३३ आर्थिक वर्ष २०७८/७९ मा कोशी प्रदेशमा पशुपन्छी बीमातर्फ कुल २७ हजार ३९२ बीमालेख सङ्ख्या रहेका थिए। जसबाट रु. २७ करोड ८१ लाख बराबरको प्रिमियम सङ्कलन भएको थियो भने प्रिमियम शुल्कको करीब ७६.० प्रतिशत अनुदान दिईएको थियो।

**तालिका ४.११ः कृषि तथा पशु बीमा कार्यान्वयनको विवरण र अवस्था**

| क्र.स. | विवरण | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|
| **कृषि तर्फ** | बीमालेख सङ्ख्या | ७७२ | ६८३ |
| | बीमाङ्क रकम (लाखमा) | १७७७७ | १७९९ |
| | प्रिमियम (लाखमा) | ८८८९ | ९९ |
| | प्रिमियम शुल्कमा अनुदान (लाखमा) | ७१११ | ७९ |
| **पशुपन्छी तर्फ** | बीमालेख सङ्ख्या | २७३९२ | १७०५६ |
| | बीमाङ्क रकम (लाखमा) | ५६५५७ | ४४४३७ |
| | प्रिमियम (लाखमा) | २७८१ | २०३६ |
| | प्रिमियम शुल्कमा अनुदान (लाखमा) | २१२५ | १६२७ |

स्रोतः नेपाल बीमा प्राधिकरण

* चैत्र मसान्त सम्म

## कृषि सेवा तथा तालिम

४.३४ प्रदेश सरकार अन्तरगतका कृषि ज्ञानकेन्द्र, भेटेरिनरी अस्पताल तथा पशुसेवा विज्ञ केन्द्र, प्रयोगशाला लगायतका कार्यालयहरुबाट नियमित रुपमा पशुपन्छी उपचार र खोप, प्रयोगशालामा परिक्षण, कृत्रिम गर्भाधान, माटो परीक्षण, बालि उपचार र परामर्श सेवा प्रदान गर्ने गरिएको छ। बालीको विउ, वेर्न तयारी देखि बाली कटानीसम्म किसानलाई खेत बारीमा प्रयोगात्मक ज्ञान दिनका लागि कृषि प्रसार विधिको रुपमा कृषक पाठशाला कार्यक्रम सञ्चालन गरिएको छ।

**तालिका ४.१२: प्रदेशका कार्यालयहरुबाट कृषि तथा पशुपंक्षी तर्फ सेवा प्रवाहको विवरण** (सङ्ख्या)

| क्र.सं. | सेवा प्रवाह | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|---|---|
| १ | प्रयोगशालामा परीक्षण | NA | २७८०३ | ३५८६५ | ४८७३७ | २३०७१ |
| २ | पशुपन्छी उपचार (हजारमा) | NA | १२८ | २२७ | २३८ | २४१ |
| ३ | भ्याक्सिनेसन (हजारमा) | २०८९ | २०७० | २४२१ | २१४३ | ३१५५ |
| ४ | कृत्रिम गर्भाधान (हजारमा) | ४२ | ४३ | ४७ | ५३ | १०३ |
| ५ | कृषक पाठशाला कार्यक्रम | ६५० | ५७५ | ३९० | ६५० | ७५० |

स्रोतः उद्योग, कृषि तथा सहकारी मन्त्रालय, विराटनगर * चैत्र मसान्तसम्म

NA: Not Available

**मन्जुषा बक्स ४ (क) पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (NAFHA)**

एसियाली विकास बैंक (ADB), विश्व कृषि तथा खाद्य सुरक्षा कार्यक्रम र नेपाल सरकारको साझेदारीमा करिब रु. १२ अर्ब ५५ करोड लागतको पहाडी क्षेत्र काष्ठफल तथा फलफूल विकास आयोजना (Nuts And Fruits in Hilly Areas Project-**NAFHA)** कोशी प्रदेश सहित पाँचवटा प्रदेशमा कार्यान्वयनका लागि सम्बत् २०७९ कार्तिक महिनामा सम्झौता भएको छ। कोशी प्रदेशको ७ वटा जिल्ला (पाँचथर, तेह्रथुम, धनकुटा, ओखलढुङ्गा, सोलुखुम्बु, भोजपुर र खोटाङ्ग) को २२ वटा स्थानीय तहहरुमा प्रथम चरणको आगामी ७ बर्षसम्म कार्यक्रम सञ्चालनका लागि छनौट भएको छ। यस परियोजनाबाट कोशी प्रदेशका करिब २,२०० हेक्टर क्षेत्रफलमा ६ प्रकारका फलफूल बालीहरुः सुन्तला, कागती, स्याउ, ओखर, किवी र एभोकाड़ोको उत्पादन तथा उत्पादकत्व वृद्धि हुने लक्ष्य राखिएको छ।

आयोजनाको लागि प्रदेश सरकारले कार्यान्वयन तथा व्यवस्थापनमा सहयोग, मानव श्रोत तथा साधन (कृषक सहजकर्ता तथा सामाजिक परिचालक), क्षमता विकास, समन्वय र अनुगमन तथा पृष्ठपोषण प्रदान गर्ने भूमिका रहेको छ। यसका लागि कृषिक्षेत्र हेर्ने प्रदेश मन्त्रालयका सचिव संयोजक रहने प्रादेशिक आयोजना निर्देशक समितिको व्यवस्था रहेको छ। साथै प्रदेशको कृषि विकास निर्देशानलयमा आयोजना कार्यान्वयन इकाई स्थापना गरिएको छ।

४.३५ आर्थिक वर्ष २०७८/७९ मा प्रदेश कृषि मन्त्रालय र मातहतका कार्यालयहरुबाट प्रदेश सरकार स्रोत तर्फ ५८ करोड २१ लाख, विशेष अनुदान स्रोत तर्फ १८ करोड ८७ लाख र संघ सशर्त अनुदान स्रोत तर्फ २८ करोड १८ लाख गरी कुल १ अर्ब ५ करोड २६ लाख रकम कृषि, पशुपन्छी तथा मत्स्य क्षेत्रमा उत्पादन, प्रशोधन, विविधिकरण र बजारीकरणका लागि अनुदान प्रदान गरिएको छ। जसबाट ४६,६४८ जना पुरुष र ३६,१५३ जना महिला गरी कुल ८२,८०१ जना प्रत्यक्ष लाभान्वित भएका छन्। सो आर्थिक वर्षमा प्रदेश कृषि मन्त्रालय र मातहत कार्यालयको कुल खर्च मध्ये कृषि अनुदान रकम ६१ प्रतिशत रहेको छ।

तालिका ४.१३: आर्थिक वर्ष २०७८/८९ मा कृषि अनुदानको विवरण

| क.स. | अनुदानको स्रोत | अनुदान रकम | प्रत्यक्ष लाभान्वित सङ्ख्या | | |
|---|---|---|---|---|---|
| | | रु. लाखमा | पुरुष | महिला | जम्मा |
| १ | प्रदेश सरकार तर्फ | ५८२१.३६ | २४६०८ | १९८७० | ४४४७८ |
| २ | संघ विशेष अनुदान तर्फ | १८८७.३३ | १२४५५ | ८३४० | २०७९५ |
| ३ | संघ सशर्त अनुदान तर्फ | २८१८.१६ | ९५८५ | ७९४३ | १७५२८ |
| | **कुल जम्मा** | **१०५२६.८५** | **४६६४८** | **३६१५३** | **८२८०१** |

स्रोतः उद्योग, कृषि तथा सहकारी मन्त्रालय, कोशी प्रदेश

## वन

४.३६ नेपालमा कुल भूभागको ४१.६९ प्रतिशत वन र ३.६२ प्रतिशत बुट्यान गरी ४५.३१ प्रतिशत क्षेत्रफल वन क्षेत्रले ओगटेको छ। नेपालको कुल वन क्षेत्र मध्ये सबैभन्दा बढी वन क्षेत्र कोशी प्रदेशमा रहेको छ। राष्ट्रिय वन, सामुदायिक वन, कबुलियती वन, धार्मिक वन र निजी वन गरी विभिन्न प्रकारहरु वनहरु रहेका छन्। त्यस्तै सरकारले राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षण क्षेत्र स्थापना गरी वन क्षेत्रको संरक्षण गर्ने प्रयास गरेको छ।

४.३७ कोशी प्रदेशमा राष्ट्रिय निकुन्जहरु २ वटा, वन्यजन्तु आरक्ष १ वटा र संरक्षण क्षेत्र १ वटा रहेका छन्।

तालिका ४.१४: कोशी प्रदेशमा अवस्थित राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्ष र संरक्षित क्षेत्रहरु

| क.सं. | निकुञ्ज तथा आरक्ष | स्थापना (बि.सं.) | क्षेत्रफल (व.कि.मि.) | अवस्थित जिल्ला |
|---|---|---|---|---|
| १ | सगरमाथा राष्ट्रिय निकुञ्ज | २०३३ | ११४८ | सोलुखुम्वु |
| २ | मकालु बरुण राष्ट्रिय निकुञ्ज | २०४९ | १५०० | सोलुखुम्बु र संखुवासभा |
| ३ | कोशी टप्पु बन्य जन्तु आरक्ष | २०३२ | १७५ | सुनसरी, सप्तरी, उदयपुर |
| ४ | कञ्चनजंघा संरक्षण क्षेत्र | २०५४ | २०३५ | ताप्लेजुङ |

स्रोतः प्रदेश पार्श्वचित्र, प्रदेश योजना आयोग

४.३८ नेपालको कुल वन क्षेत्रमध्ये १८.८ प्रतिशत क्षेत्र कोशी प्रदेशमा पर्दछ। साथै प्रदेशमा ४४.४४ प्रतिशत वन र ४.५२ प्रतिशत बुट्यान गरी ४८.९६ प्रतिशत भूभाग वन क्षेत्रले ओगटेको छ।

तालिका ४.१५: प्रदेशगत वन क्षेत्रको स्थिति

| विवरण | क्षेत्रफल (हेक्टर) | वन क्षेत्र (हेक्टर) | नेपालको कुल वन क्षेत्रको हिस्सा (प्रतिशत) | कुल भूभाग मध्ये वनको क्षेत्रफल (प्रतिशत) |
|---|---|---|---|---|
| **कोशी प्रदेश** | २६०५२६० | ११५७९०५ | १८.८ | ४४.४४ |
| **नेपालको जम्मा** | १४७९३०१५ | ६१६६७६६ | १०० | ४१.६९ |

स्रोतः पर्यटन, वन तथा वातावरण मन्त्रालय, कोशी प्रदेश, विराटनगर, २०८०

४.३९ कोशी प्रदेशको १३ सहित नेपालका जम्मा १०६ स्थानीय तहमा वन क्षेत्र रहेको छैन। कोशी प्रदेशका नगरपालिकामा १८.४ प्रतिशत बन क्षेत्र रहेको छ भने गाउँपालिकामा १८.१ प्रतिशत बन क्षेत्र रहेको छ।

तालिका ४.१६: स्थानीय तहको वन क्षेत्रको स्थिति (प्रतिशत)

| स्थानीय तह | कोशी प्रदेश |
|---|---|
| गाउँपालिका | १८.१ |
| नगरपालिका | १८.४ |
| उप-महानगरपालिका | १४.६ |
| महानगरपालिका | ० |

स्रोतः वन अनुसन्धान तथा प्रशिक्षण केन्द्र, २०७९

४.४० कोशी प्रदेशमा रहेका सामुदायिक वनको ३,७०० वटा समूहमा करिब ५ लाख ८० हजार ४ सय ५८ घरधुरी आवद्ध रहेका छन्। १४ वटै जिल्लाका सामुदायिक वनको कुल क्षेत्रफल ४ लाख ४५ हजार ३ सय ९७ हेक्टर रहेको छ। साथै प्रदेशमा कबुलियती वन ९८१ वटा, निजी वन १,९९६ वटा, धार्मिक वनको सङ्ख्या ४०, साझेदारी/चक्ला वन ५ वटा र सरकारद्वारा व्यवस्थित वनको सङ्ख्या १ वटा रहेका छ।

४.४१ भोजपुर जिल्लामा सामुदायिक वनको सङ्ख्या अन्य जिल्लाको भन्दा धेरै रहेको छ भने झापामा सवैभन्दा कम रहेको छ।

४.४२ उदयपुर जिल्लामा रहेका ३६० वटा सामुदायिक वन ७९ हजार ६६२ हेक्टर क्षेत्रफलमा फैलिएका छन् भने ताप्लेजुङमा १२२ वटा सामुदायिक वनको क्षेत्रफल जम्मा ७,७३६ हेक्टर रहेको छ।

## तालिका ४.१७: प्रदेशमा रहेका वन क्षेत्रको जिल्लागत विवरण

| क्र.सं. | जिल्ला | सामुदायिक वन | | | कवुलियती वन सङ्ख्या | निजी वन | धार्मिक वन | साझेदारी/ चक्ला | सरकारद्वारा व्यवस्थित |
|---|---|---|---|---|---|---|---|---|---|
| | | **सङ्ख्या** | **क्षेत्रफल (हे.)** | **आवद्ध घरधुरी** | | | | | |
| १ | ताप्लेजुङ | १२२ | ७७३५.९१ | ९४७२ | | २२ | | | |
| २ | पाँचथर | १७८ | १६६५६.७७ | १८४१६ | २२८ | २८ | २ | | |
| ३ | इलाम | २४० | ४९८६८.९२ | ३९७६० | | ७७ | १ | | |
| ४ | झापा | ५९ | १५८७५.१२ | ५२८८५ | २ | ४३६ | | | |
| ५ | संखुवासभा | २८९ | ३७७४५.९२ | ३०२५० | | १३ | २ | | |
| ६ | भोजपुर | ५६५ | ४३६५२.६ | ५१४७० | १९५ | ४८ | ३ | | |
| ७ | तेह्रथुम | ३३९ | १९१३९.६३ | २८७१७ | १२१ | ३२ | ० | | |
| ८ | धनकुटा | ३८७ | २९८१५.९७ | ४५५७० | | ६३ | ३ | | १ |
| ९ | सुनसरी | ७१ | १०७०१.६८ | ४०२८१ | | ४४४ | १० | १ | |
| १० | मोरङ | १३४ | २१६६९.०९ | ६७६६६ | २ | ६१८ | १२ | ४ | |
| ११ | सोलुखुम्बु | १८२ | ३२७५१.०४ | २७०७३ | ६ | १०० | ३ | | |
| १२ | ओखलढुंगा | ३५५ | ३००७५.५५ | ५४२८१ | १९३ | ३५ | | | |
| १३ | खोटाङ | ४१९ | ५००४७.६ | ५१३६३ | २३४ | ९ | | | |
| १४ | उदयपुर | ३६० | ७९६६१.५७ | ६३२५४ | | ७१ | ४ | | |
| जम्मा | | ३७०० | ४४५३९७.४ | ५८०४५८ | ९८१ | १९९६ | ४० | ५ | १ |

स्रोतः पर्यटन, वन तथा वातावरण मन्त्रालय, विराटनगर, २०८०

४.४३ कोशी प्रदेशमा वन क्षेत्रले काष्ठ र गैह्रकाष्ठमा महत्वपूर्ण योगदान पुऱ्याएको छ। यस प्रदेशमा वन क्षेत्रबाट उत्पादित रुद्राक्ष, चिराइतो र बोधिचित्त लगायतका गैह्रकाष्ठ एवम् जडिबुटीजन्य उत्पादनले आयआर्जन र रोजगारी अभिवृद्धिमा योगदान पुऱ्याएको छ।

४.४४ आर्थिक वर्ष २०७८/७९ मा काठ उत्पादन १ करोड ५८ लाख क्यु.फिट, दाउरा २,७५० चट्टा उत्पादन गरेको छ भने जडिबुटी तथा गैह्रकाष्ठ वन पैदावर (खोटो समेत) उत्पादन ४० लाख के.जी. उत्पादन भएको छ। यस अवधिमा जडिबुटी भण्डारण तथा प्रशोधन केन्द्र ५ वटा र वनमा आधारित उद्योग ७ वटा स्थापना भएका छन्। यसबाट वन उद्योगलाई व्यवसायीकरण गर्दै लाने अपेक्षा गरिएको छ।

४.४५ आर्थिक वर्ष २०७७/७८ मा १२९ हेक्टर क्षेत्रफलमा वृक्षारोपण गरिएकोमा आर्थिक वर्ष २०७८/७९ मा १६५ हेक्टर क्षेत्रमा वृक्षारोपण गरिएको छ। सोही अवधिमा वन अतिक्रमण नियन्त्रण ६ हेक्टर रहेकोमा २०७८/७९ मा ६१ हेक्टरमा अतिक्रमण नियन्त्रण गरिएको छ।

४.४६ प्रदेशमा जलवायु अनुकुलन नमूना कार्यक्रम अन्तरगत आर्थिक वर्ष २०७८/७९ मा १६ स्थानमा यस सम्बन्धी कार्यक्रम सञ्चालनमा ल्याइएको छ। त्यसैगरी जडिबुटी खेती विस्तार कार्यक्रमलाई समेत निरन्तरता दिइएको छ।

## भूमिसुधार तथा गुठी

४.४७ यस प्रदेशमा भूमिसुधार तथा मालपोत कार्यालय र मालपोत कार्यालय गरी २५ वटा कार्यालय रहेका छन्। सबै मालपोत कार्यालयहरुमा भू-सूचना प्रणालीबाट अनलाईन सेवा LRIMS लागू भएको छ। आधुनिक डिजिटल प्रविधिको प्रयोग गरी जग्गा प्रशासनमा Public Access Module (PAM) लागू गर्न भूमिसुधार तथा मालपोत कार्यालयहरुमा भू-सेवा केन्द्र स्थापना भएको छ। बैंक, वित्तीय संस्था तथा सञ्चय कोषले जग्गा रोक्का फुकुवा गर्न मालपोत कार्यालयमा जानु नपर्ने प्रविधि विकास गरी लागू गरेका छन्।

४.४८ प्रदेश आर्थिक ऐन अनुसार घरजग्गा रजिष्ट्रेशन लिखत पारित गर्दा लाग्ने शुल्कमा महिला, जेष्ठ नागरिक, नावालक, अपाङ्गता भएका व्यक्ति, शहीद परिवार, भूमिहीन, मुक्तकमैया, मुक्तहलिया समुदायलाई एवम् कृषि, उद्योग व्यवसायलाई प्रवर्द्धन गर्न समेत राजस्व छुटको प्रावधान रहेको छ।

४.४९ भूमि व्यवस्थापन तथा अभिलेख विभागबाट प्रकाशित वार्षिक प्रतिवेदन अनुसार कोशी प्रदेश अन्तरगतका मालपोत कार्यालयहरुबाट घरजग्गा रजिष्ट्रेशन वापत लाग्ने दस्तुरमा आर्थिक वर्ष २०७७/७८ मा रु.३९ करोड ७८ लाख राजस्व छुट दिइएकोमा आर्थिक वर्ष २०७८/७९ मा रु.३७ करोड ८८ लाख ७२ हजार राजस्व छुट दिइएको छ। आर्थिक वर्ष २०७८/७९ मा छुट दिइएको रजिष्ट्रेशन दस्तुर मध्ये महिलाले छुट पाएको राजस्व रु.३५ करोड ९६ लाख ३८ हजार रहेको छ। रजिष्ट्रेशन दस्तुर वापत महिलाले पाएको राजस्व छुट मध्ये ७४.५ प्रतिशत छुट शहरी क्षेत्रका महिलाले पाएको देखिन्छ। यसले भूमि स्वामित्व माथि महिलाको पहुँच विस्तार गर्दै लगेको छ।

(नोटः माथिको राजस्व छुटको विवरणमा केही मालपोत कार्यालयहरु (झापा, बेलबारी र दिक्तेल)को विवरण समावेश छैन।)

४.५० कोशी प्रदेशमा छुट र अमानत समेत गरी राजगुठीहरु जम्मा ८२ वटा रहेका छन्। ताप्लेजुङ, पाँचथर र सोलुखुम्बु बाहेक प्रदेशका सबै जिल्लामा राजगुठी रहेका छन्। सबैभन्दा बढी भोजपुर जिल्लामा २२ वटा राजगुठी रहेका छन्। धनकुटा र मोरङ जिल्लाको गरी २ वटा निजी गुठीहरु गुठी संस्थानमा दर्ता रहेका छन्।

**तालिका ४.१८ः प्रदेशमा रहेका राजगुठीहरुको जिल्लागत विवरण**

| जिल्ला | इलाम | संखुवासभा | तेह्रथुम | धनकुटा | भोजपुर | खोटाङ | ओखलढुङ्गा | उदयपुर | झापा | मोरङ | सुनसरी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| संख्या | २ | ७ | ३ | ११ | २२ | ८ | १७ | १ | २ | ६ | ३ |

स्रोतः गुठी संस्थान, २०८०

## सिंचाई

४.५१ नेपालको कुल क्षेत्रफल १ करोड ४७ लाख १८ हजार १०० हेक्टर मध्ये करिब ३५ लाख ५७ हजार ७ सय हेक्टर जमिन कृषियोग्य रहेको अनुमान छ। विकट भौगोलिक बनौट तथा जमिनको

स्थितिका कारण करिब २५ लाख ३६ हजार ३ सय १९ हेक्टरमा मात्र सतह र भूमिगत जलस्रोतबाट सिंचाई सुविधा पुऱ्याउन सकिने अवस्था रहेको छ।

४.५२ नेपालमा आर्थिक वर्ष २०७८/७९ सम्म १५ लाख ३१ हजार ६९ हेक्टर (खेतीयोग्य जमिनको ४३.०३ प्रतिशत) जमिनमा सिंचाई सुविधा उपलब्ध भएको छ। कुल सिंचित क्षेत्रमध्ये करिब एक तिहाई भू—भागमा मात्र वर्षै भरी सिंचाइ सुविधा पुगेको छ।

४.५३ कोशी प्रदेशका जिल्लाहरुमा संघ, प्रदेश र स्थानीय तहबाट ठूला, मझौला तथा साना सिंचाई आयोजना तथा कार्यक्रमहरु सञ्चालनमा रहेका छन्।

४.५४ संघ अन्तरगत सञ्चालित सुनसरी मोरङ सिंचाई आयोजनाबाट सुनसरी जिल्लाको ४० हजार हेक्टर र मोरङ जिल्लाको २८ हजार हेक्टर गरी कुल ६८ हजार हेक्टरमा सिंचाई सुविधा उपलब्ध भएको छ। संघबाट प्रदेशमा हस्तान्तरण भई संयुक्त व्यवस्थापन अन्तरगत सञ्चालनमा रहेका कन्काई सिंचाई आयोजना, झापाको ८ हजार हेक्टर र चन्दामोहना सिंचाई आयोजना, सुनसरीको १ हजार ८ सय हेक्टर (कमाण्ड क्षेत्रफल) सिंचित क्षेत्र रहेको छ।

४.५५ प्रदेश सरकार अन्तरगतका सरकारी निकायहरुबाट सतह सिंचाई र भूमिगत सिंचाई समेत गरी २०७९ असारमसान्तसम्म जम्मा ४९ हजार २२९ हेक्टर क्षेत्रफलमा कुल सिंचित क्षेत्र विस्तार भएको थियो। चालु आर्थिक वर्ष २०७९/८० को पुषसम्म १,७२५ हेक्टर सिंचित क्षेत्र थप भई कुल ५० हजार ९ सय ५४ हेक्टर सिंचित क्षेत्र विस्तार भएको अनुमान रहेको छ।

**तालिका ४.१९: प्रदेश अन्तरगतका निकायहरुबाट भएको सिंचित क्षेत्रको विकास (हेक्टरमा)**

| विवरण | २०७८/७९ सम्मको | २०७९/८०* | जम्मा |
|---|---|---|---|
| **नयाँ सतह सिंचाई** | ५६५७ | १५० | ५८०७ |
| **कृषक कुलो सुधार (Rehab)** | ४१६२० | १५०० | ४३१२० |
| **भूमिगत सिंचाई** | १९५२ | ७५ | २०२७ |
| **GCA (Gross Command Area)** | ४९२२९ | १७२५ | ५०९५४ |
| **NCA (Net Command Area)** | ४१८४४ | १४६६ | ४३३११ |

स्रोतः खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय, कोशी प्रदेश, २०८० * पुष मसान्तसम्म अनुमानित

४.५६ आर्थिक वर्ष २०७५/७६ देखि २०७८/७९ सम्म प्रदेश सरकार अन्तर्गतका निकायहरुबाट सतह सिंचाई र कृषक कुलो सुधार तर्फको सिंचाई क्षेत्र विकासमा कोशी प्रदेशका १४ जिल्लाहरु मध्ये सबैभन्दा बढी सिंचित क्षेत्र विस्तार भएको क्षेत्रफल इलाम जिल्लामा र थोरै सिंचाई क्षेत्र विस्तार सुनसरी जिल्लामा रहेको छ।

### तालिका ४.२०: जिल्लागत रुपमा सिंचित क्षेत्र विस्तार (हेक्टरमा)

| जिल्ला | सतह सिंचाई | | जम्मा | GCA (Gross Command Area) | NCA (Net Command Area) |
|---|---|---|---|---|---|
| | नयाँ सिंचाई | कृषक कुलो सुधार | | | |
| ताप्लेजुङ | ८६४ | १६४० | २५०४ | २५०४ | २१२८ |
| पाँचथर | ३५५ | १४२३ | १७७८ | १७७८ | १५११ |
| इलाम | १३५ | ८५०० | ८६३५ | ८६३५ | ७३४० |
| संखुवासभा | ८० | २०७९ | २१५९ | २१५९ | १८३५ |
| तेह्रथुम | ४४० | ८०६ | १२४६ | १२४६ | १०५९ |
| धनकुटा | १२२ | ३३६ | ४५८ | ४५८ | ३८९ |
| भोजपुर | २४६ | १०५१ | १२९७ | १२९७ | ११०२ |
| खोटाङ | २४६ | १८६५ | २१११ | २१११ | १७९४ |
| सोलुखुम्बू | ३०२ | ७५७ | १०५९ | १०५९ | ९०० |
| ओखलढुङ्गा | ३१८ | १३२९ | १६४७ | १६४७ | १४०० |
| उदयपुर | ९२ | २०८२ | २१७४ | २१७४ | १८४८ |
| झापा | ५ | ८०७१ | ८०७६ | ८०७६ | ६८६५ |
| सुनसरी | ० | ४०० | ४०० | ४०० | ३४० |
| मोरङ | ० | १५०० | १५०० | १५०० | १२७५ |
| भुमिगत जलश्रोत # | - | - | १९५२ | १९५२ | १६५९ |
| साना सिंचाइ कार्यक्रम & | २४५२ | ९७८१ | १२,२३३ | १२,२३३ | १०,३९८ |
| **जम्मा** | **५६५७** | **४१६२०** | **४९२२९** | **४९२२९** | **४१८४४** |

स्रोतः खानेपानी, सिंचाई तथा उर्जा मन्त्रालय, कोशी प्रदेश, २०८०

# झापा, मोरङ, सुनसरी, उदयपुर र इलाम

& प्रदेशका पहाडी आठ जिल्ला

नोटः माथिको तालिकामा संघ स्थानीय तहबाट भएको सिंचित क्षेत्रको विवरण समावेश गरिएको छैन।

४.५७ नेपाल सरकार, प्रदेश सरकार, स्थानीय तह, स्वीटजरल्याण्ड सरकार (SDC) र उपभोक्ताले समेत गरी प्रत्येकको २० प्रतिशत लागत साझेदारीमा सन् २०२० देखि २०२४ सम्म अवधि रहेको **साना सिंचाई कार्यक्रम** (SIP) कोशी प्रदेशका ८ वटा पहाडी जिल्लाका ५९ वटा स्थानीय तहहरुमा सञ्चालनमा रहेको छ। यस कार्यक्रमको लागि प्रदेश सरकारले व्यहोर्ने रकम आर्थिक वर्ष २०७८/७९ मा रु.३७ करोड ५३ लाख स्थानीय तहमा अनुदान हस्तान्तरण भएको छ भने आर्थिक वर्ष २०७९/८० मा रु.३३ करोड ७८ लाख रकम विनियोजन रहेको छ।

## उद्योग

४.५८ नेपालमा औद्योगिक विकासको शुरुवात विराटनगर जुट मिलको स्थापना संगै भएको हो। कोशी प्रदेशमा हाल धरान र धनकुटा गरी २ वटा औद्योगिक क्षेत्रहरु रहेका छन्। प्रदेश सरकार अन्तरगत धनकुटामा एकवटा औद्योगिक ग्राम रहेको छ। म्याङलुङ, पाखिवास, छथर जोरपाटी, धरान, बेलका, रौतामाई र मोलुङ गरी ७ वटा औद्योगिक ग्रामहरु स्थानीय तह अन्तरगत सञ्चालनमा रहेका छन्।

४.५९ नेपालमा २०७९ फागुनसम्ममा सञ्चालन स्वीकृत पाएका ८,९४७ उद्योगमध्ये कोशी प्रदेशमा ९.५ प्रतिशत अर्थात् ८५१ वटा उद्योग दर्ता भएका छन्। कोशी प्रदेशमा सञ्चालन स्वीकृत पाएका उद्योगको संख्या अघिल्लो आर्थिक वर्षको तुलनामा ६ प्रतिशतले वृद्धि भएको छ। त्यसैगरी, कोशी प्रदेशका उद्योग क्षेत्रको कुल लगानी २०७८/७९ को तुलनामा २०७९/८० मा ११.५ प्रतिशले वृद्धि भई रु.६ खर्ब १९ अर्ब ४७ करोड पुगेको छ। यस प्रदेशमा सञ्चालन स्वीकृत भएका उद्योगबाट ८६ हजार ४ सय ९९ जनामा सिर्जना हुने अनुमान रहेको छ।

**तालिका ४.२१: विगत २ वर्षको उद्योगको सङ्ख्या र लगानीको अवस्था** (फागुनसम्म)

| प्रदेश | उद्योगको सङ्ख्या | | कुल लगानी (रू. करोडमा) | | प्रस्तावित रोजगारी | |
|---|---|---|---|---|---|---|
| | २०७८/७९ | २०७९/८० | २०७८/७९ | २०७९/८० | २०७८/७९ | २०७९/८० |
| कोशी | ८०७ | ८५१ | ५५५५९ | ६१९४७ | ८३०४३ | ८६४९९ |
| नेपाल | ८६५६ | ८९४७ | २५१२२१ | २७८३०३ | ६४८०३५ | ६७०२५५ |

स्रोतः उद्योग विभाग, २०७९

४.६० २०७९ को फागुनसम्म विदेशी लगानी स्वीकृति पाएका ५,६९२ उद्योगमध्ये कोशी प्रदेशमा रहेका उद्योगहरुको सङ्ख्या १४७ रहेको छ।

**चार्ट ४.८: विदेशी लगानी स्वीकृति पाएका उद्योगको प्रदेशगत विवरण*** (सङ्ख्यामा)




स्रोतः उद्योग विभाग, २०७९

४.६१ २०७९ फागुनसम्म दर्ता भएका लघु, घरेलु तथा साना गरी कुल ६ लाख ७३ हजार उद्योगमध्ये सबैभन्दा बढी कोशी प्रदेशमा १४.० प्रतिशत दर्ता भएका छन्। यस्ता उद्योगबाट कोशी प्रदेशमा ४ लाख ७३ हजार रोजगारी सिर्जना हुने अनुमान छ। कोशी प्रदेशमा २०७९ चैत्र मसान्तसम्म १५ वटा मझौला उद्योग दर्ता भएका छन्।

४.६२ कोशी प्रदेशका घरेलु तथा साना उद्योग कार्यालयहरुबाट आर्थिक वर्ष २०७८/७९ मा जम्मा ९,९१० लघु, घरेलु तथा साना उद्योग दर्ता भएकोमा चालु आर्थिक वर्ष २०७९/८० को चैत्र मसान्तसम्म जम्मा ४,५२८ दर्ता भएका छन्। साथै सो अवधिमा १८ हजार ५ सय ८५ ले मात्र नविकरण गराएका छन् भने १,९७३ वटाको दर्ता खारेजि भएको छ।

४.६३ कोशी प्रदेशका घरेलु तथा साना उद्योग कार्यालयहरुबाट आर्थिक वर्ष २०७८/७९ मा १,४९२ वटा व्यापारीक प्रतिष्ठानको अनुगमन गरिएको छ।

४.६४ आर्थिक वर्ष २०७९/८० को चैत मसान्तसम्मा प्रदेश सरकार अन्तर्गतका निकायहरुमा दर्ता रहेका व्यापारिक फर्म तथा प्रतिष्ठानहरुको सङ्ख्या १८ हजार १७० पुगेको छ। विगतका ५ आर्थिक वर्ष मध्येमा आर्थिक वर्ष २०७७/७८ मा दर्ता हुने फर्म तथा प्रतिष्ठानहरुको सङ्ख्या अन्य आर्थिक वर्ष भन्दा उच्च रहेको थियो।

चार्ट ४.९: दर्ता भएका फर्म तथा प्रतिष्ठानहरुको सङ्ख्या




स्रोत: उद्योग कृषि तथा सहकारी मन्त्रालय

## पेट्रोलियम पदार्थ

४.६५ कोशी प्रदेशका आयल निगमका प्रादेशिक भण्डारण केन्द्रहरूमा ७ दिनसम्मको लागि ८ हजार ७ सय ३० किलोलिटर पेट्रोलियम पदार्थको भण्डारण क्षमता रहेको छ।

### तालिका ४.२२: प्रदेशगत पेट्रोलियम पदार्थको भण्डारण क्षमता

| प्रदेश | प्रादेशिक भण्डारण क्षमता | | बिक्री (किलोलिटरमा) | | माग धान्ने सक्ने क्षमता (दिनमा) |
|---|---|---|---|---|---|
| | भण्डारण क्षमता (किलोलिटरमा) | प्रतिशत | आर्थिक वर्ष २०७८/७९ | प्रतिशत | |
| **कोशी** | ८७३० | १२.६९ | ४६७०३२ | १७.७६ | ७ |
| **जम्मा** | **६८७९७** | **१००** | **२६२९९३४** | **१००** | **१०** |

स्रोतः नेपाल आयल निगम, २०७९

नोटः पेट्रोलियम पदार्थमा पेट्रोल, डिजेल, मट्टितेल र हवाई इन्धनलाई समावेश गरिएको छ।

४.६६ २०७९ फागुनसम्म ग्यास उद्योगको सङ्ख्या ६१ वटा मध्ये कोशी प्रदेशमा ९ ग्यास उद्योग सञ्चालनमा रहेका छन्। देशभरीका ६१ उद्योगमा ९,११७ मेट्रिक टन ग्यास भण्डारण गर्न सक्ने क्षमता रहेकोमा कोशी प्रदेशको कुल भण्डारण क्षमता ११.३ प्रतिशत रहेको छ।

### चार्ट ४.१०: प्रदेशगत ग्यास उद्योगीको सङ्ख्या र सोको भण्डारण क्षमता (मे. टनमा)




स्रोतः नेपाल आयल निगम, २०७९

नोटः भित्री वृत्तले ग्यास उद्योगीको सङ्ख्या र बाहिरी वृत्तले भण्डारण क्षमता जनाउँछ।

## व्यापार

४.६७ ओलङ्चुङगोला, किमाथांका, पशुपतिनगर, मेची, भद्रपुर, विराटनगर र सुनसरी गरी ७ वटा भन्सार कार्यालयहरु एवम् ३४ वटा छोटी भन्सार कार्यालयहरु कोशी प्रदेशमा पर्दछन्। आर्थिक वर्ष २०७८/७९ मा भन्सारको कुल राजस्व मध्ये कोशी प्रदेशमा पर्ने भन्सार कार्यालयहरुको हिस्सा ११.७ प्रतिशत रहेको थियो।

४.६८ आर्थिक वर्ष २०७८/७९ मा कोशी प्रदेश स्थित भन्सार कार्यालयहरुबाट रु.२ खर्ब ८१ अर्ब ५४ करोड बराबरको वस्तु आयात भएको छ भने रु.६९ अर्ब ७० करोड बराबरको वस्तु निर्यात भएको छ। उक्त अवधिमा रु.१६ अर्ब ७७ करोडको भटमासको कच्चा तेल आयात हुँदा भटमासको प्रशोधित तेल रु.१५ अर्ब ४३ करोड बराबरको निर्यात भएको छ।

४.६९ चालु आर्थिक वर्ष २०७९/८० को फागुनसम्ममा कोशी प्रदेश स्थित भन्सार कार्यलयहरुबाट रु. १ खर्ब ६० अर्ब ६४ करोड बराबरको वस्तु आयात भएको छ भने रु.४२ अर्ब ८० करोड बराबरको वस्तु निर्यात भएको छ।

४.७० आर्थिक वर्ष २०७८/७९ मा कोशी प्रदेशस्थित भन्सार कार्यालयहरुबाट देशको कुल आयातको करिव १५.० प्रतिशत आयात र करिव ३५.० प्रतिशत निर्यात भएको छ भने विराटनगर भन्सार कार्यलयबाट मात्र देशको कुल आयातको ११.० प्रतिशत र निर्यात २८.० प्रतिशत भएको छ।

तालिका ४.२३: कोशी प्रदेश स्थित भन्सार कार्यलयहरुबाट आर्थिक बर्ष २०७८/७९ मा भएका मुख्य निर्यात र आयात (रु. करोडमा)

| मुख्य १० आयात | | | मुख्य १० निर्यात | | |
|---|---|---|---|---|---|
| क्र. स. | विवरण | आयात | क्र. स. | विवरण | निर्यात |
| १ | भटमासको तेल कच्चा | १६७६.७६ | १ | भटमासको तेल प्रशोधित | १५४३.०५ |
| २ | कच्चा पाम तेल | १३४२.६९ | २ | प्रशोधित पाम तेल | १४०१.२६ |
| ३ | पेट्रोल | १३०६.१२ | ३ | सेन्थेटिक यार्न | ७१३.४९ |
| ४ | एल पि ग्यास | ११९३.८९ | ४ | जुटका बुनिएका कपडा | ६०४.७४ |
| ५ | पोलीथिन दाना | १०७०.७२ | ५ | अलैची | ४७६.४४ |
| ६ | डिजेल | ९३६.४८ | ६ | चिया | ३१५.१३ |
| ७ | तयारी कपडा | ७७५.२४ | ७ | फलामे पाता | २५२.०९ |
| ८ | एच.आर.सिट | ७६३.७२ | ८ | अन्य कपडा | २३३.९४ |
| ९ | अन्य औधोगिक मेसीनरी | ६५४.०३ | ९ | सुर्यमुखिको प्रशोधित तेल | १५१.२६ |
| १० | खाद्यान्न मकै | ६४५.३३ | १० | बोरा झोला जुटको | १४४.९४ |
| ११ | अन्य | १७७८९.१० | ११ | अन्य | ११३३.३४ |
| | **जम्मा** | **२८१५४.०८** | | **जम्मा** | **६९६९.६६** |

स्रोत: भन्सार विभाग

## खानी तथा खनिज

४.७१ कोशी प्रदेशका जिल्लाहरुमा खानी तथा खनिज पदार्थको प्रचुर सम्भावना रहेको छ। संखुवासभाको सभापोखरीमा क्वार्ज, धनकुटाको महालक्ष्मी, उदयपुरको त्रियुगा, चौदण्डीगढी, कटारी, उदयपुरगढीमा चुनढुङ्गा उत्खननको अनुमति प्राप्त भएको छ।

४.७२ खानी तथा भूगर्भ विभागद्वारा कोशी प्रदेशका विभिन्न स्थानहरुमा तामा, म्याग्नेसाइट, लाइमस्टोन जस्ता खानी तथा खनिज क्षेत्रहरुको पहिचान गरिएको छ।

तालिका ४.२४: खानी तथा भुगर्भ विभागद्वारा पहिचान गरिएका कोशी प्रदेशका खानी तथा खनिज क्षेत्रहरु

| जिल्ला | खनिज पदार्थ | खानीको क्षेत्रफल वर्ग कि.मि. | स्थान |
|---|---|---|---|
| **ताप्लेजुङ** | अक्कमरिन | ४ | फक्ताङलुङ |
| | तर्मालिन | ०.८ | |
| | लाइमस्टोन | २ | |
| | कुआर्ज | २४ | फक्ताङलुङ, मेरिङदेन |
| | म्यपिंग | ७११.७६ | मेवा खोला |
| **पाँचथर** | चुनढुङ्गा | २११ | फालेलुङ |
| **इलाम** | पोली मेटल | ३०४.५ | सन्दकपुर, चुलाचुली, रोङ |
| | तामा | १९ | देउमाई |
| | चुनढुङ्गा | ६९ | देउमाई, चुलाचुली, छथर |
| | लाईमस्टोन | ७६ | माङ्सेबुङ, इलाम, सन्दकपुर |
| **संखुवासभा** | तर्मलिन | ३ | सभापोखरी |
| | क्वार्ज | १.५ | |
| **भोजपुर** | ग्रावेल | १३७८ | आमचोक |
| | क्यलसाईट | ७ | |
| | म्यपिंग | १८३० | |
| | चुनढुङ्गा | २ | |
| | तामा | ९ | हतुवागढी |
| **तेह्रथुम** | चुनढुङ्गा | ३४ | आठराई, छथर |
| **धनकुटा** | डोलोमाईट | १० | साँगुरीगढी, छथरजोरपाटी |
| | लाईमस्टोन | ९ | धनकुटा न.पा. |
| | चुनढुङ्गा | १८ | चौविसे |
| **मोरङ** | चुनढुङ्गा | २२.५ | बुढीगंगा |
| **सोलुखुम्बु** | तामा | ३१० | दुधकोशी |
| | लाईमस्टोन | १५ | सोलुदुधकुण्ड |
| | टेल्क | ९ | दुधकोशी, सोलुदुधकुण्ड, खुम्बु पासाङ्ल्हामु गा.पा. |

| | | | |
|---|---|---|---|
| **ओखलढुङ्गा** | तामा | १७ | चम्पादेवी, चिसंखुगढी |
| | डोलोमाईट | २६.६ | मानेभन्ज्याङ |
| | टेल्क | ५ | सिद्धिचरण |
| **खोटाङ्ग** | लाइमस्टोन | ५५.३ | हलेसी तुवाचुङ, बराहापोखरी |
| | चुनढुङ्गा | ४५ | ऐसेलुखर्क |
| **उदयपुर** | लाइमस्टोन | २१३.६८ | चौदण्डीगढी, कटारी, उदयपुरगढी, त्रियुगा, रौतामाई |
| | चुनढुङ्गा | ५५ | रौतामाई, उदयपुरगढी |
| | म्याग्नसाईट | १४ | रौतामाई |
| | डोलोमाईट | ३५ | उदयपुरगढी |
| | पोली मेटल | ५९ | कटारी |

स्रोतः खानी तथा भूगर्भ विभाग

## पर्यटन

४.७३ प्राकृतिक, पुरातात्विक, ऐतिहासिक, साँस्कृतिक तथा धार्मिक दृष्टिबाट कोशी प्रदेश नेपालको मात्र नभई विश्वकै एक प्रमुख पर्यटकीय गन्तव्य हो। विश्वकै सर्वोच्च शिखर सगरमाथा लगायत ८ हजार मिटरभन्दा अग्ला ५ वटा हिमालहरु यसै प्रदेशमा रहेका छन्। अरुण उपत्यका, तीनजुरे-मिल्के-जलजले क्षेत्र, कोशीटप्पु वन्यजन्तु आरक्ष, रेड पाण्डाको वासस्थान र चियाको राजधानी इलाम, बराहक्षेत्र, खुवालुङ, हलेसी र पाथीभरा लगायतका विभिन्न धार्मिक, सांस्कृतिक, प्राकृतिक सम्पदाहरु पर्यटनको प्रमुख गन्तव्यको रुपमा परिचित छन्।

४.७४ पर्यटन क्षेत्रको विकास तथा सोबाट प्राप्त लाभ जनस्तरमा पुर्‍याउन पर्यटकीय गन्तव्यहरुको विविधीकरण गर्दै नयाँ पर्यटकीय स्थल र उपजहरुको पहिचान तथा पर्यटकीय पूर्वाधारहरुको विकास गरी पर्यटन उद्योगलाई प्रवर्द्धन गर्न सकेमा यसबाट प्रदेशको समग्र विकासमा महत्वपूर्ण योगदान पुर्‍याउने सम्भावना रहेको छ।

४.७५ चालु आर्थिक वर्षमा कोशी प्रदेशको कुल ग्रार्हस्थ्य उत्पादनमा पर्यटन क्षेत्रको योगदान १.९ प्रतिशत रहने अनुमान छ गत आर्थिक वर्षमा यस्तो योगदान १.६ प्रतिशत रहेको थियो।यसैगरी पर्यटन क्षेत्रको कुल मूल्य अभिवृद्धि १८.० प्रतिशतले बढ्ने अनुमान रहेको छ।

४.७६ नेपाल सरकाले पहिचान गरेका देशभरका १०० वटा पर्यटकीय गन्तव्यहरु मध्ये कोशी प्रदेशका जिल्लाहरुमा पर्ने स्थापित तथा प्रवर्द्धन गर्नुपर्ने १४ वटा र नयाँ तथा विकास गरिनुपर्ने १६ वटा गरी जम्मा ३० वटा धार्मिक तथा रमणीय पर्यटकीय गन्तव्यहरु रहेका छन्।

**तालिका ४.२५:** पर्यटन प्रवर्द्धन र विकासका लागि पहिचान गरिएका गन्तव्यहरु (कोशी प्रदेश अन्तरगतका)

| जिल्ला | स्थापित तथा प्रवर्द्धन गरिनुपर्ने गन्तव्यहरु | नयाँ तथा विकास गरिनुपर्ने गन्तव्यहरु |
|---|---|---|
| **ताप्लेजुङ** | पाथीभरा, फुङफुङे झरना | तिङ्बुङ पोखरी (सिदिंम्बा गाउँपालिका) |
| **पाँचथर** | | गुरु फागुनन्द सर्किट (लोब्रे कुटी- गजुरमुखी धाम- लाराम्बा- चुक्कीनाम्बा) |
| **इलाम** | सन्दकपुर-माईपोखरी | फिक्कल- कन्याम- श्रीअन्तु सर्किट |
| **झापा** | बाँसबारी सिमसार पर्यटन पूर्वाधार केन्द्र | अर्जुनधारा पर्यटकीय क्षेत्र, सहिद नेत्रलाल पार्क विर्तामोड, गौरादह कृषि पर्यटन क्षेत्र, |
| **संखुवासभा** | अरुण उपत्यका | बालेश्वर ऐतिहासिक गुफा |
| **भोजपुर** | | टयाम्के डाँडा (मुन्धुम ट्रेल) |
| **तेह्रथुम** | | तीनजुरे- मिल्के- जलजले (TMJ) |
| **धनकुटा** | भेडेटार नमस्ते झरना | हलदे पटकेडाँडा पर्यटक ट्रेल |
| **सुनसरी** | बराहक्षेत्र, कोशी टप्पु वन्यजन्तु आरक्ष, धरान, तालतलैया | पिण्डेश्वर- दन्तकाली पदमार्ग |
| **मोरङ** | | धनपालगडी पर्यटकिय क्षेत्र बेलबारी |
| **सोलुखुम्बु** | सगरमाथा, स्याङ्बोचे | पाँचपोखरी (महाकुलुङ गाउँपालिका) |
| **ओखलढुङ्गा** | पोकली झरना | थोलेदम्बा डाँडा |
| **खोटाङ्ग** | हलेसी महादेव | बराह पोखरी |
| **उदयपुर** | | उदयपुरगढी |

स्रोतः संस्कृति,पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय

## कोशी प्रदेशमा रहेका पर्यटनसँग सम्बन्धित अन्य विवरणहरु

४.७७ कोशी प्रदेशमा तारे स्तरका होटल ११ वटा, पर्यटकीय स्तरको होटल ३३ वटा र ५६ वटा होमस्टे रहेको छन्।

४.७८ कोशी प्रदेशमा ६५ वटा ट्राभल तथा ट्रेकिङ एजेन्सीले पर्यटकहरुलाई विभिन्न पर्यटकीय सेवा उपलव्ध गराइरहेका छन्। कोशी प्रदेशमा ट्रेकिङ गाइडको सङ्ख्या ८५ रहेको छ भने जलयात्राका लागि १७ जना रिभर गाइड रहेका छन्।

४.७९ यस प्रदेशका २८९ जना टुरगाइड र ८५ जना पोर्टर गाइडहरुले स्वदेश तथा विदेशबाट नेपालको भ्रमण गर्न आउने पर्यटकलाई पर्वतारोहण लगायतका विभिन्न प्रकारका पर्यटकीय सेवा प्रदान गरिरहेका छन्।

४.८० प्रदेशमा ४ स्थानमा जलयात्रा/र्‍याफ्टिङ सञ्चालनमा रहेका छन्। प्रदेशका विभिन्न स्थानमा ८ वटा साहसिक पर्यटकीय खेल सञ्चालनमा रहेका छन्।

४.८१ सन् २०२२मा कोशी प्रदेशमा पर्वतारोहणका लागि आउने पर्यटकको सङ्ख्या १ हजार १ सय १८ रहेको छ। पर्यटन कार्यालय काकडभिट्टाका अनुसार सन् २०२२ मा ७७ हजार ८ सय ६८ जना पर्यटक भित्रिएका छन्। सो अवधिमा विराटनगर र काकडभिट्टाबाट आएका तेस्रो मुलुकका पर्यटकको संख्या ६६० रहेको छ।

४.८२ भोजपुर र खोटाङ जिल्लाका क्रमशः ४ र २ वटा स्थानीय तहमा प्रदेश सरकार र स्वीस सरकार (SDC) को साझेदारीमा मुन्धुम पदमार्गको ८८ कि.मि. मध्ये ६२ कि.मि. को निर्माण कार्य सम्पन्न भएको छ। बाँकी खण्डको कार्य चालु आर्थिक वर्षमा सम्पन्न गर्ने गरी निर्माण भईरहेको छ।

## भौतिक पूर्वाधार र यातायात

४.८३ आवासविहीन एवम् विपन्न नागरिकलाई सुरक्षित आवासको व्यवस्था गर्न सञ्चालित जनता आवास कार्यक्रम मार्फत कोशी प्रदेशका विभिन्न जिल्लामा जम्मा ४,५३५ वटा आवास निर्माणका लागि विगत आर्थिक वर्षमा छनौट एवम् स्वीकृत भएका मध्ये २०७९ चैत्रमसान्तसम्म करिव ४९.० प्रतिशत आवास निर्माण सम्पन्न भएका छन् भने ३६.० प्रतिशत आवास निर्माणको चरणमा रहेका छन्।

### तालिका ४.२६: जनता आवास कार्यक्रम मार्फत निर्माण हुने घरहरुको विवरण

| विवरण | छनौट/स्वीकृत भएका जम्मा | निर्माणाधीन | निर्माण सुरु हुन बाँकी | निर्माण सम्पन्न |
|---|---|---|---|---|
| आवास व्यवस्थापन कार्यक्रम (संघ सशर्त अनुदान तर्फको) | ३३६२ | ११७४ | ६८८ | १५०० |
| जनता आवास कार्यक्रम (प्रदेश सरकार स्रोत तर्फको) | ११७३ | ४६१ | ० | ७१२ |
| जम्मा | ४५३५ | १६३५ | ६८८ | २२१२ |

स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेश, २०८०

## सडक यातायात

४.८४ प्रदेशका सबै जिल्ला सदरमुकाम राष्ट्रिय सडक सञ्जालसँग जोडिएका छन्। सार्वजनिक यातायात सञ्चालनलाई व्यवस्थित र प्रभावकारी बनाउन प्रदेश सरकारको स्रोतमा प्रादेशिक सडकहरु तथा नेपाल सरकारसँगको सहकार्यमा राष्ट्रिय राजमार्गको साथै शहरी सडकहरू विस्तारको कार्य तीव्र रूपमा भइरहेको छ।

४.८५ राष्ट्रिय योजना आयोगले निर्धारण गरेका राष्ट्रिय गौरवका योजनाहरु मध्ये उत्तर दक्षिण कोशी कोरिडोर आयोजना यसै प्रदेशमा पर्दछ भने यस बाहेक मध्य पहाडी राजमार्ग, पूर्व पश्चिम रेलवे, मदन भण्डारी राजमार्ग, हुलाकी लोक मार्ग यस प्रदेशमा समेत पर्दछन्।

## सडक पहुँच

४.८६ नेपालमा २०७९ फागुनसम्म प्रादेशिक तथा स्थानीयस्तरमा कच्ची, ग्रावेल र कालोपत्रे गरी ६६ हजार ५७ किलोमिटर सडक पुगेको छ। निर्मित सडकमध्ये कोशी प्रदेशमा रहेको अंश २०.४३ प्रतिशत छ। कोशी प्रदेशमा सडक घनत्व ०.५२ प्रति वर्ग कि.मि रहेको छ। सडक घनत्वको स्थिति नेपालको औषत घनत्वको तुलनामा कोशी प्रदेशको बढी रहेको देखिन्छ।

**तालिका ४.२७: प्रादेशिक र स्थानीय सडक सञ्जालको प्रदेशगत सडकको विवरण** (किलोमिटर)

| प्रदेश | धुल/कच्ची | ग्रावेल | कालोपत्रे | जम्मा सडक | प्रदेशको अंश (प्रतिशत) | सडक घनत्व (प्रति वर्ग कि.मि.) |
|---|---|---|---|---|---|---|
| कोशी | ९९२३ | २६७१ | ९०४ | १३४९८ | २०.४३ | ०.५२ |
| नेपाल | ४७३२० | १४००० | ४७३७ | ६६०५७ | १०० | ०.४५ |

स्रोतः स्थानीय पूर्वाधार विभाग, २०७९

४.८७ २०७९ फागुनसम्म कोशी प्रदेशमा प्रादेशिक तथा स्थानीयस्तरका सडक सञ्जाल कच्ची, खण्डस्मित र कालोपत्रे गरी १३ हजार ४ सय ९८ किलोमिटर पुगेको छ। जसमा धुले/कच्ची ९,९२३ कि.मि., ग्रावेल २,६७१ कि.मि. र कालोपत्रे ९०४ कि.मि. रहेको छ ।

**चार्ट ४.११: कोशी प्रदेशमा सडकको स्थिति** (किलोमिटरमा)




स्रोतः स्थानीय पूर्वाधार विभाग, २०७९

४.८८ निर्माण भएका सडकमध्ये कोशी प्रदेशमा प्रादेशिक सडक ६,४४६ किलोमिटर र स्थानीय सडक ७,०५२ किलोमिटर रहेको छ। प्रदेशगत हिसावले लुम्बिनी, सुदूरपश्चिम र मधेश प्रदेशमा स्थानीय सडक भन्दा प्रादेशिक सडक बढी छ भने बागमती, गण्डकी, कर्णाली र कोशी प्रदेशमा स्थानीय सडकको अंश बढी रहेको छ।

**चार्ट ४.१२: प्रादेशिक र स्थानीय सडक विवरण** (किलोमिटर)




स्रोत : स्थानीय पूर्वाधार विभाग, २०७९

(नोटः विगतमा स्थानीय सडकको रूपमा रहेका जिल्ला सडक प्रादेशिक सडकको रूपमा कायम भएकोले प्रादेशिक सडकको लम्बाई बढ्न गएको।)

४.८९ आर्थिक वर्ष २०७४/७५ मा प्रदेश सरकार गठन भए पश्चात आर्थिक वर्ष २०७९/८० को चैत्र मसान्तसम्म ७६ वटा मोटरेवल पुल र १३८ वटा झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न भै सकेको छ। यो अवधिमा प्रदेश सरकारबाट १८१८.२८ कि.मी. ग्राभेल सडक तथा ५९४५.२६ कि.मी. कच्ची सडक निर्माण हुनुका साथै ५१२.६४ कि.मी. सडक कालोपत्रमा स्तरोन्नति भएको छ।

**तालिका ४.२८ : प्रदेश सरकारबाट भएका सडक तथा पुल निर्माणको अवस्था**

| आर्थिक वर्ष | सडकनिर्माण सम्पन्न भएका (कि.मि) | | | | | | मोटरेवल पुल निर्माण सम्पन्न (सङ्ख्या) | झोलुङ्गे पुल निर्माण सम्पन्न (सङ्ख्या) | ट्र्याक ओपन |
|---|---|---|---|---|---|---|---|---|---|
| | मर्मत | ग्रावेल | कच्ची | (RCC/PCC) | सोलिङ्ग | कालोपत्रे | | | |
| २०७४/७५ सम्मको | | ८१७.४१ | ४६३६.०५ | | | १४२.२७ | | | |
| २०७५/७६ | ६०१ | १२८.९ | १८१.३ | ०.५८५ | | २६.१८ | १० | ७ | ७.५ |
| २०७६/७७ | ६१.५४ | २११.३५ | ४७७.८२ | ३.९५ | ४.१८ | ५२.२१ | १२ | २९ | १४२.६ |
| २०७७/७८ | ७९.९१ | ३८०.२२ | ३२७.१३ | ६.०२ | १.८४ | ७१.१३ | १९ | ६३ | ४६.२६ |
| २०७८/७९ | ११४.०२ | १५८.६ | १५२.६३ | ३.५८ | १०.९९ | १४०.९५ | २४ | २२ | |
| २०७९/८०* | १३२.०६ | १२१.८ | १७०.३३ | ३.४४ | १५.५४ | ७९.९ | ११ | १७ | |

स्रोतः भौतिक पूर्वाधार विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगर

* चैत्र मसान्तसम्म

४.९० कोशी प्रदेशस्थित पूर्वपश्चिम राजमार्ग, मेची राजमार्ग, कोशी राजमार्ग, सगरमाथा राजमार्ग, हुलाकी लोकमार्ग, मध्य पहाडी लोकमार्ग लगायतका राजमार्गहरु रहेका छन्। जसको कुल लम्बाई १२०५.३१ कि.मी. रहेको छ।

तालिक ४.२९ : प्रदेश भित्रका राजमार्गहरु (किलोमिटरमा)

| राजमार्ग | पूर्व पश्चिम राजमार्ग | मेची राजमार्ग | कोशी राजमार्ग | सगरमाथा राजमार्ग | हुलाकी राजमार्ग | मध्य पहाडी राजमार्ग |
|---|---|---|---|---|---|---|
| **जम्मा लम्बाइ (कालोपत्रे)** | १०२७.६७ | ३११.०६ | १११.४६ | १५७.९७ | ६४१.७ | ११९६ |
| **कोशी प्रदेशको अंश** | १३४.९३ | ३११.०६ | १११.४६ | १४५.८६ | ७८ | ४२४ |
| **अंशको प्रतिशत** | १३.१३ | १०० | १०० | ९२.३३ | १२.१६ | ३५.४५ |

स्रोत: प्रदेश योजना आयोग

## हवाई यातायात तथा यातायातका अन्य माध्यमहरु

४.९१ कोशी प्रदेशमा रहेका १५ वटा विमानस्थलहरु मध्ये ११ वटा नियमित सञ्चालनमा रहेका छन्। विराटनगर विमानस्थल र चन्द्रगढी विमानस्थल रात्रीकालिन अवतरण क्षमता भएका र मध्यम आकारका विमानहरु अवतरण गर्न सक्छन् भने अन्य विमानस्थलहरुमा साना विमानहरु मात्र अवतरण गर्न सक्छन्। सोलुखुम्बु तथा खोटाङ जिल्लामा क्रमशः ४ र ३ वटा विमानस्थल रहेका छन्।

४.९२ सडक र हवाई यातायातको अतिरिक्त यस प्रदेशमा जलयात्रा तथा रेल परिवहनको समेत सम्भावना रहेको छ। हाल सुनसरी जिल्लाको चतरा देखि भोजपुर जिल्लाको सिम्लेसम्म जलयात्रा सञ्चालनमा रहेको छ। यद्यपि हाल पाइलटिङ्कै अवस्थामा रहेता पनि भविष्यमा कोशी नदीमा स्टिमर, मोटरबोट आदिको माध्यमबाट जलयात्रा गर्न सकिने प्रचुर सम्भावना रहेको छ।

४.९३ कोशी प्रदेश अन्तरगतका यातायात व्यवस्था कार्यालयहरुमा चालु आर्थिक वर्षको चैत सम्ममा ३२ हजार ७ सय ७० वटा सवारी साधनहरु दर्ता भएका छन्। गत आर्थिक वर्ष २०७८/७९ मा ८४ हजार २ सय ३१ वटा सवारी साधनहरु दर्ता भएका थिए। चालु आर्थिक वर्षको पहिलो ९ महिनामा दर्ता हुने साधनहरु मध्येमा मोटरसाइकल/स्कुटर अंश करिव ७७.० प्रतिशत रहेको छ। विगतका आर्थिक वर्षहरुमा यस्तो अंश करिव ९०.० प्रतिशत रहेको थियो। मोटरसाइकल/स्कुटर पछि धेरै दर्ता हुने सवारी साधनहरुमा ई रिक्सा, जिप/कार/भ्यान/ पिकअप र टेम्पो पर्दछन्।

तालिका ४.३०: प्रदेशका यातायात कार्यालयहरुमा दर्ता भएका सवारी साधनहरुको विवरण

| सि.नं. | विवरण | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|
| १ | बस | २२८ | ३४५ | २०५ |
| २ | मिनिबस/मिनिट्रक | २१५ | १५२ | ४२ |
| ३ | क्रेन/डोजर/लोडर/एस्काभेटर/ट्रक/ट्रिपर | ४८१ | ११९६ | ३१२ |

| | | | | |
|---|---|---|---|---|
| ४ | जिप/कार/भ्यान/ पिकअप | २१०५ | २२०८ | १९६३ |
| ५ | माइक्रोबस | १२ | १५ | ७ |
| ६ | टेम्पो | १६१० | ११०७ | ९१८ |
| ७ | मोटरसाइकल/स्कुटर | ६७३०४ | ७५०१८ | २५२४८ |
| ८ | ट्र्याक्टर/पावरटिलर | २१२७ | १६१० | ३१२ |
| ९ | ई रिक्सा | ६०४ | २५०८ | ३६०१ |
| १० | अन्य | ४३२ | ७२ | १६२ |
| **जम्मा** | | **७५११८** | **८४२३१** | **३२७७०** |

स्रोतः आन्तरिक मामिला तथा कानून मन्त्रालय, विराटनगर, २०८० *चैत्रमसान्तसम्म

## ऊर्जामा पहुँच

४.९४ २०७९ फागुनसम्म कोशी प्रदेशको कुल जनसङ्ख्या मध्ये ९७.० प्रतिशत जनसङ्ख्यामा विद्युतको पहुँच (वैकल्पिक ऊर्जासहित) पुगेको छ।

**तालिका ४.३१ः राष्ट्रिय प्रसारण ग्रिडबाट विद्युत पहुँच प्राप्त जनसङ्ख्या** (प्रतिशतमा)

| प्रदेश | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|---|
| कोशी | ७५.९ | ८६.३ | ८२.४३ | ९६.९५ | ९७.० |
| मधेश | ७९.७७ | ८७.२५ | ९९.०५ | ९९.६६ | १००.० |
| बागमती | ९०.३ | ९५.८३ | ९४.४४ | ९५.९१ | ९६.० |
| गण्डकी | ८७.३९ | ८७.४८ | ९२.७९ | ९५.६८ | ९८.० |
| लुम्बिनी | ८१.०३ | ८९.०७ | ९१ | ९४.९१ | ९५.० |
| कर्णाली | २७.०३ | २७.७४ | ३४.७५ | ४३.८७ | ४४.० |
| सुदूरपश्चिम | ५८.९ | ६७.३३ | ६४.६९ | ७१.०७ | ७३.० |
| **नेपाल (वैकल्पिक ऊर्जासहित)** | **८८.०** | **९०.०** | **९३.०** | **९४.०** | **९५.०** |

स्रोतः नेपाल विद्युत प्राधिकरण, २०७९ *फागुनसम्म

४.९५ २०७९ फागुन सम्ममा कोशी प्रदेशका १४ वटा जिल्लाहरु मध्येमा झापामा सर्वैभन्दा बढी करिव ९८.५ प्रतिशत जनसङ्ख्यामा विद्युत पहुँच पुगेको छ भने भोजपुरमा जम्मा ७०.२ प्रतिशतमा विद्युत पहुँच पुगेको छ।

## चार्ट ४.१३: जिल्लागत रुपमा विद्युत पहुँचको अवस्था




स्रोतः खानेपानी सिंचाई तथा उर्जा मन्त्रालय, कोशी प्रदेश २०८०

४.९६ कोशी प्रदेशका २०७९ फागुनसम्ममा झापा, मोरङ, सुनसरी र ईलाम गरि ४ जिल्लामा विद्युतीकरण भईसकेको छ । २०८० असारसम्ममा थप १ जिल्ला समेत गरी आगामी आर्थिक वर्ष सम्ममा ९ जिल्लामा विद्युतीकरणको कार्य सम्पन्न हुनेछ।

४.९७ कोशी प्रदेशअन्तरगत उर्जाका वैकल्पिक स्रोतहरु गोबर ग्याँस, सौर्य उर्जा, माइक्रो हाइड्रो, मट्टितेल, दाउरा आदि रहेका छन्। खाना पकाउन सबै भन्दा बढि ५३.३८ प्रतिशत काठ/दाउराको प्रयोग हुने गरेको छ भने बिजुलीको प्रयोग ०.५२ प्रतिशत मात्र हुने गरेको छ। यसैगरी उज्यालोको लागि ९३.७० प्रतिशत बिजुलीको प्रयोग हुन्छ भने ५.०३ प्रतिशत सौर्य उर्जाको प्रयोग भएको पाइन्छ।

### तालिका ४.३२ : उर्जाका वैकल्पिक स्रोतहरु उपयोग (प्रतिशतमा)

| प्रयोजन | विवरण | बिजुली | काठ दाउरा | मट्टीतेल | एल.पि.ग्यास | गुइठा | गोबर ग्याँस | सौर्य उर्जा | अन्य |
|---|---|---|---|---|---|---|---|---|---|
| खाना पकाउन | कोशी प्रदेश | ०.५२ | ५३.४ | ०.०४ | ४१.१७ | ३.३८ | १.३२ | - | ०.१९ |
| | नेपाल | ०.४९ | ५१.०२ | ०.०५ | ४४.२९ | २.८७ | १.१८ | - | ०.१० |
| उज्यालोको लागि | कोशी प्रदेश | ९३.७ | - | ०.८२ | - | - | ०.०२ | ५.०३ | ०.४३ |
| | नेपाल | ९२.२ | - | ०.५८ | - | - | ०.०३ | ६.५९ | ०.६२ |

स्रोतः राष्ट्रिय जनगणना २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

४.९८ कोशी प्रदेशका विभिन्न जिल्लाहरुमा निर्माण सम्पन्न ४२ वटा जलविद्युत आयोजनाहरुबाट ५१४.२ मेगावाट विद्युत उत्पादन भईरहेको छ।

## सार्वजनिक निजी साझेदारी

४.९९ प्रदेश सरकारले प्रदेश भित्र लगानी भित्र्याउन सार्वजनिक क्षेत्र निजी तथा सहकारी क्षेत्रहरुसँग साझेदारी गर्ने नीति अवलम्बन गरेको छ। निजी लगानीमा सहजीकरण गर्न सार्वजनिक, निजी, सहकारी साझेदारी तथा लगानी प्राधिकरण ऐन, २०७६ अनुसार प्रदेश लगानी प्राधिकरणको स्थापना भएको छ।

४.१०० निजी लगानीमा सञ्चालन गर्ने गरी प्रदेश लगानी प्राधिकरणबाट २०७९ चैत्रमसान्तसम्म ५ वटा परियोजनाहरुको पूर्वसम्भाव्यता अध्ययन सम्पन्न भएको छ। उक्त परियोजनाहरु मध्ये निर्माण शुरु हुने चरण १ वटा, लगानी स्वीकृतिको चरणमा २ वटा र विस्तृत अध्ययनको चरणमा २ वटा रहेका छन्।

**मन्जुषा बक्स ४ (क) प्रदेश लगानी प्राधिकरणबाट प्रक्रिया अघि बढाइएका परियोजनाको विवरण**

**पूर्व सम्भाव्यता अध्ययन सम्पन्न परियोजनाहरु**

१. प्रस्तावित उदयपुर क्लिङ्कर उद्योग परियोजना
२. भेडेटार स्काईवाक परियोजना
३. विराटनगर महानगरपालिकाको व्यापारिक कम्प्लेक्स परियोजना
४. बर्जु गाउँपालिका सुनसरीको पर्यटन विकास सम्बन्धी परियोजना
५. केचना सगरमाथा फास्ट ट्र्याकको चतरा देखि सगरमाथा वेसक्याम्प खण्डको (पत्ताले देखि कोङ्दे सम्म) केवलकार निर्माण तथा सञ्चालन गर्ने परियोजना

**लगानीको वार्ता/प्रक्रियामा रहेका परियोजनाहरु**

**निर्माण सुरु हुने चरणमा रहेको**

१. भेडेटार स्काईवाक परियोजना

**लगानी स्वीकृतिको चरणमा रहेको**

१. विराटनगर महानगरपालिकाको व्यापारिक कम्प्लेक्स परियोजना
२. बर्जु गाउँपालिका सुनसरीको पर्यटन विकास सम्बन्धी परियोजना

**विस्तृत अध्ययनको चरणमा रहेको**

१. केचना सगरमाथा फास्ट ट्र्याकको चतरा देखि सगरमाथा वेसक्याम्प खण्डको (पत्ताले देखि कोङ्दे सम्म) केवलकार निर्माण तथा सञ्चालन गर्ने परियोजना
२. विराटनगर महानगरपालिका क्षेत्रमा नगरबस सञ्चालन गर्ने परियोजना

## सूचना तथा सञ्चार

४.१०१ कोशी प्रदेशमा सूचना र सञ्चारका प्रविधिको विकास तीव्र रुपमा भइरहेको छ । मोवाइल, इन्टरनेट सेवा, एफएम रेडियो, टेलिभिजन, पत्रपत्रिका, अनलाईन मिडिया, सामाजिक सञ्जाल, हुलाक सेवा लगायत निजी क्षेत्रका सञ्चार माध्यामहरूको पर्याप्त विस्तार भएको छ।

४.१०२ कोशी प्रदेशमा सञ्चालनका लागि इजाजत प्राप्त जम्मा १५० वटा एफ.एम.रेडियो र ७ वटा केवुल टेलिभिजन रहेका छन्। यसका अतिरिक्त, सरकारी स्वामित्वमा रहेका राष्ट्रिय समाचार समिति, नेपाल टेलिभिजन, रेडियो नेपाल, गोरखापत्रका क्षेत्रीय तथा प्रादेशिक कार्यालयहरु सञ्चालित छन् ।

४.१०३ सम्वत् २०७९ असार मसान्तसम्म दर्ता भई कोशी प्रदेशका जिल्लाहरुमा सञ्चालनमा रहेका ९१ वटा दैनिक पत्रिका, ४ वटा अर्ध साप्ताहिक, ३१८ वटा साप्ताहिक, ४८ वटा पाक्षिक र अन्य पत्रपत्रिका गरी जम्मा ६०६ वटा पत्रपत्रिकाहरु रहेका छन्।

तालिका नं. ४.३३ प्रदेशमा सञ्चालित सञ्चार माध्यमको विवरण

| दैनिक | अर्ध साप्ताहिक | साप्ताहिक | पाक्षिक | मासिक | द्वैमासिक | त्रैमासिक | चौमासिक | अर्धवार्षिक | वार्षिक | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ९१ | ४ | ३१८ | ४८ | ८७ | ११ | ३० | ३ | ६ | १ | ७ | ६०६ |

स्रोतः सूचना तथा प्रसारण विभाग

४.१०४ कोशी प्रदेशमा सञ्चालन हुने १९७ वटा अनलाइन सञ्चार माध्यम दर्ता भएका छन्। प्रदेशमा प्रेस प्रतिनिधि प्रमाणपत्र प्राप्त ८६२, स्वतन्त्र पत्रकार प्रमाणपत्र प्राप्त २३ जना र सम्पादकको प्रमाणपत्र प्राप्त १९५ जना सञ्चारकर्मी रहेका छन्।

# ५. सामाजिक क्षेत्र

५.१ मानव विकासका लागि सामाजिक क्षेत्रमा सेवा विस्तार र सबै नागरिकको सेवामा पहुँच अत्यावश्यक हुन्छ। प्रदेश सरकार गठन भए देखि स्वास्थ्य, शिक्षा, खानेपानी तथा सरसफाइमा लगानी बढाउदै गएको छ। सामाजिक क्षेत्रमा सरकारी नीति तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयनबाट उल्लेख्य सुधार हुँदै गएको छ।

५.२ UNDP को Human Development Report, 2021 अनुसार नेपालको मानव विकास सूचकाङ्क ०.६०२ रहेको छ। मानव विकास सूचकाङ्कका आधारमा नेपाल संसारका १८९ मुलुकहरू मध्ये १४३ औं स्थानमा रहेको छ जुन मध्यम मानव विकास समूहको औषत ०.६३६ र सार्क मुलुकको औषत ०.६३२ भन्दा कम रहेको छ। सन् १९९० मा नेपालको मानव विकास सूचकांक ०.३८० रहेकोमा सन् २०२१ मा यस्तो सूचकांक ०.६०२ पुगेको छ। सामाजिक क्षेत्रमा गरिएको लगानीको प्रतिफलस्वरूप नेपालको मानव विकासको अवस्थामा क्रमिक सुधार हुँदै गएको छ। तथापि, आगामी दिनमा यस क्षेत्रमा गरिने लगानीलाई थप प्रभावकारी बनाउनुपर्ने आवश्यकता देखिएको छ।

५.३ स्वास्थ्य वीमाको दायरा विस्तार भएको छ। मातृ मुत्युदर र शिशु मृत्यूदर घट्दो क्रममा छ। सीप विकास कार्यक्रमको माध्यमवाट महिलाको जीवनस्तरमा उल्लेख्य सुधार हुँदै गएको छ।

## शिक्षा

५.४ कोशी प्रदेशका सवै जिल्लाहरु साक्षर घोषणा भएका छन्। कोशी प्रदेशका जिल्लाहरु मध्ये २०७२ सालमा पाँचथर पहिलो र २०७९ सालमा सोलुखुम्बु जिल्ला अन्तिममा साक्षरता घोषणा भएको थियो। अन्तराष्ट्रिय साक्षरता दिवसको अवसरमा २०७९ भाद्र २३ गते साक्षर प्रदेश घोषणा गरिएको छ।

५.५ कोशी प्रदेशका ५ वर्ष वा सो भन्दा बढी उमेरका कुल जनसङ्ख्यामा साक्षरता दर ७९.७ प्रतिशत रहेको छ। जसमा पुरुषको साक्षरता दर ८६.१ प्रतिशत छ भने महिलाको साक्षरता दर ७३.६ प्रतिशत रहेको छ।

## चार्ट ५.१: साक्षरता दर (पाँच वर्ष वा सो भन्दा माथिको) प्रतिशतमा




स्रोतः राष्ट्रिय जनगणना, २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

(नोटः साक्षरता जिल्ला घोषणा गर्नका लागि १५ वर्ष देखि ६० वर्ष उमेर समूहको जनसंख्यालाई आधार लिइएको हुन्छ। राष्ट्रिय जनगणना अनुसार ५ वर्ष वा सो भन्दा माथिका जनसंख्याका आधारमा साक्षरता दर निर्धारण गरिएको छ।)

५.६ कोशी प्रदेशमा रहेका जिल्लाहरुमा पाँच वर्ष वा सो भन्दा माथिको जनसङ्ख्यामा सबैभन्दा बढी ईलाम जिल्लामा ८३.४ प्रतिशत साक्षर रहेका छन् भने सबैभन्दा कम ओखलढुङ्गा जिल्लामा ७३.९ प्रतिशत रहेका छन्। खोटाङ र ओखलढुङ्गा बाहेक अन्य जिल्लाहरुको साक्षरता दर राष्ट्रिय दर भन्दा माथि रहेको छ।

## चार्ट ५.२ : कोशी प्रदेशमा पाँच वर्ष वा सो भन्दा माथिको जनसङ्ख्याको साक्षरता स्थिति




स्रोतः राष्ट्रिय जनगणना, २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

५.७ कोशी  प्रदेशमा कुल साक्षर जनसङ्ख्या ३६ लाख ३९ हजार ५ सय ४७ मध्ये २८.२ प्रतिशत व्यक्तिहरुले प्राथमिक तह (कक्षा १ देखि ५ सम्म) उत्तीर्ण गरेका छन्। निम्न माध्यमिक तह (कक्षा ६ देखि ८ सम्म) उत्तीर्ण गर्ने व्यक्तिहरु २०.१ प्रतिशत र एस.एल.सी वा सोसरह उत्तीर्ण गर्ने व्यक्तिहरु कुल साक्षर जनसङ्ख्याको ११.३ प्रतिशत रहेका छन्।

५.८ कोशी  प्रदेशमा स्नातक तह उत्तिर्ण गर्नेको सङ्ख्या १ लाख २५ हजार ४८२ अर्थात कुल साक्षर जनसङ्ख्याको ३.४ प्रतिशत छन् भने स्नातकोत्तर तह उत्तिर्ण गर्नेको सङ्ख्या ५२ हजार ७० अर्थात कुल साक्षर जनसङ्ख्याको १.४ प्रतिशत रहेको छ।

**चार्ट ५.३: उत्तिर्ण गरेको शैक्षिक तह अनुसारको विवरण** (प्रतिशतमा)




स्रोतः राष्ट्रिय जनगणना, २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

५.९ शैक्षिक सत्र २०७९ मा प्रदेशगत रूपमा सबैभन्दा बढी विद्यालय कोशी प्रदेशमा १९.५० प्रतिशत र सबैभन्दा कम कर्णाली प्रदेशमा ९.०० प्रतिशत छन्।

### तालिका ५.१ः प्रदेश अनुसार विभिन्न तहका विद्यालयको विवरण

| प्रदेश | विद्यालय | विद्यालय विवरण | | | | |
|---|---|---|---|---|---|---|
| | | आधारभूत (१-५) | आधारभूत (१-८) | माध्यमिक (१-१०) | माध्यमिक (१-१२) | माध्यमिक (११-१२) |
| कोशी | ७०२६ | ३४३५ | १३९८ | १३१९ | ८६५ | ९ |
| मधेश | ४६६९ | २४८३ | ९१९ | ७१६ | ५४७ | ४ |
| बागमती | ६९२४ | २७८६ | १०४१ | १८२४ | १२०३ | ७० |
| गण्डकी | ४१३५ | २१५५ | ६४८ | ७२५ | ५९७ | १० |
| लुम्बिनी | ५८७८ | २८८० | ११४७ | १०४५ | ७९९ | ७ |
| कर्णाली | ३२४३ | १८५९ | ६३६ | ४१२ | ३३६ | ० |
| सुदूरपश्चिम | ४१५७ | २०३० | ९४२ | ६८३ | ४९९ | ३ |
| नेपाल | **३६०३२** | **१७६२८** | **६७३१** | **६७२४** | **४८४६** | **१०३** |

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७९

५.१० सामुदायिक विद्यालयमा कार्यरत स्थायी, अस्थायी र राहत शिक्षक समेत गरी सम्पूर्ण शिक्षकहरूको वितरण प्रदेशगत रूपमा हेर्दा सबैभन्दा बढी कोशी प्रदेशमा ३१ हजार ७८ जना र सबैभन्दा कम कर्णाली प्रदेशमा १२ हजार २ सय ५१ जना रहेको छ।

### तालिका ५.२ः सामुदायिक विद्यालयमा कार्यरत शिक्षकको प्रदेशगत विवरण

| तह | | कोशी | मधेश | वागमती | गण्डकी | लुम्बिनी | कर्णाली | सुदूरपश्चिम | नेपाल |
|---|---|---|---|---|---|---|---|---|---|
| आधारभूत (कक्षा १-५) | स्थायी | १५६३२ | ९३१५ | १४२४४ | ११२६२ | ११६०० | ५६०० | ६७६३ | ७४४१६ |
| | अस्थायी | ८३६ | २९३ | १४२० | १३२० | ५९९ | ३७८ | ३५९ | ५२०५ |
| | राहत | ३४२९ | ३६६३ | ३९९७ | १६१५ | ३६१० | २२४४ | ३३१३ | २१८७१ |
| आधारभूत (कक्षा ६-८) | स्थायी | ३२८६ | १७३५ | २९४४ | २५३२ | २१९४ | ९२८ | १३३० | १४९४९ |
| | अस्थायी | ३२६ | १८८ | २४६ | १५६ | १२२ | ८७ | ११२ | १२३७ |
| | राहत | १७५७ | ७५० | २२१६ | १०७३ | १४७८ | ९८९ | १३४६ | ९६०९ |
| माध्यमिक (कक्षा ९-१०) | स्थायी | २३५४ | १६५० | २५४० | २०४० | १८५९ | ६४२ | ९३३ | १२०१८ |
| | अस्थायी | १६० | ६६ | | १७३ | १०१ | ४५ | ८८ | ६३३ |

| | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | राहत | १२९९ | ५६६ | १४७३ | ८७९ | १००३ | ५५१ | ९८७ | ६७५८ |
| माध्यमिक (कक्षा ११-१२) | स्थायी | | | | | | | | ० |
| | अस्थायी | २५५ | २२९ | ४२३ | २५७ | ३३४ | १९८ | ३०४ | २००० |
| | राहत | ८१५ | ४४५ | ७६१ | ५३७ | ६३२ | ३०१ | ५०९ | ४००० |
| प्राविधिक धार ९-१२ | अस्थायी | ९२९ | ७९० | ८९३ | ४२८ | ८६४ | २८८ | ४६६ | ४६५८ |
| **कुल** | स्थायी | २१२७२ | १२७०० | १९७२८ | १५८३४ | १५६५३ | ७१७० | ९०२६ | १०१३८३ |
| | अस्थायी | २५०६ | १५६६ | २९८२ | २३३४ | २०२० | ९९६ | १३२९ | १३७३३ |
| | राहत | ७३०० | ५४२४ | ८४४७ | ४१०४ | ६७२३ | ४०८५ | ६१५५ | ४२२३८ |
| | जम्मा | ३१०७८ | १९६९० | ३११५७ | २२२७२ | २४३९६ | १२२५१ | १६५१० | १५७३५४ |

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७९

५.११ कोशी प्रदेशभित्र १९८ क्याम्पसमा ५६ हजार २ सय १८ विद्यार्थि अध्ययनरत छन्।

तालिका ५.३ : विभिन्न विश्वविद्यालयका प्रदेश भित्र सञ्चालित क्याम्पसहरुको विवरण

| **विश्विद्यालयको नाम** | **क्याम्पस सङ्ख्या** | | **विद्यार्थी सङ्ख्या** | |
|---|---|---|---|---|
| | **कोशी प्रदेश** | **नेपाल** | **कोशी प्रदेश** | **नेपाल** |
| **त्रिभुवन विश्वविद्यालय** | १६२ | ११४४ | ४७५९३ | ३४७२६९ |
| **नेपाल संस्कृत विश्वबिद्यालय** | २ | २० | ३१० | २८२८ |
| **काठमाडौं विश्वविद्यालय** | २ | २४ | १०२९ | १६०४६ |
| **पूर्वाञ्चल विश्वबिद्यालय** | २५ | ११६ | ५०४९ | २६८९६ |
| **पोखरा विश्वविद्यालय** | १ | ६७ | ४९८ | ३४१६६ |
| **कृषि तथा वन विश्वविद्यालय** | ४ | १९ | २९९ | ४२७० |
| **मनमोहन प्राविधिक विश्वविद्यालय** | १ | १ | १०६ | १०६ |
| **बि.पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान** | १ | १ | १३३४ | १३३४ |
| **अन्य विश्वविद्यालय/प्रतिष्ठान (८ वटा)** | ० | ४९ | ० | २८०१७ |
| **जम्मा** | **१९८** | **१४४१** | **५६२१८** | **४६०९३२** |

स्रोतः EMIS Report 2020/21 विश्वविद्यालय अनुदान आयोग, मनमोहन प्राविधिक विश्विविद्यालय

**मन्जुषा बक्स ५ (क): मनमोहन प्राविधिक विश्वविद्यालय**

सम्वत् २०६५ सालदेखि सञ्चालनमा रहेको मनमोहन स्मृति पोलिटेक्निक हात्तीमुडा, मोरङको पूर्वाधारमा आधारित भई उच्चस्तरीय प्राविधिक जनशक्ति उत्पादन गर्ने उद्देश्यले मनमोहन प्राविधिक विश्वविद्यालय ऐन, २०७६ अनुसार मनमोहन प्राविधिक विश्वविद्यालयको स्थापना भएको हो। उक्त ऐन अनुसार विश्वविद्यालयको कुलपति कोशी प्रदेशका मुख्यमन्त्री र सहकुलपति कोशी प्रदेशका सामाजिक विकास मन्त्री रहने व्यवस्था छ। यो विश्वविद्यालयको आङ्गिक शिक्षालयका रुपमा मनमोहन स्मृति पोलिटेक्निक रहेको छ। यस पोलिटेक्निकमा ईञ्जिनियरिङ्गका सात वटा विषयको डिप्लोमा तहमा सात सय बढी विद्यार्थीहरू अध्ययनरत छन्। शैक्षिक सत्र २०६५/०६६ देखि २०७९ चैत्र सम्ममा यस पोलिटेक्निकबाट डिप्लोमा तहका २ हजार भन्दा बढी प्राविधिक जनशक्ति उत्पादन भइसकेका छन् भने लामो तथा छोटो अवधिका पेशागत एवम् जीवन निर्वाह तालिमबाट ६ हजार भन्दा बढी जनशक्ति उत्पादन भएका छन्।

मनमोहन प्राविधिक विश्वविद्यालयमा तीन वटा संकायहरू (स्कूलहरू)-ईञ्जिनियरिङ्ग, मेडिसिन एण्ड एलाइड हेल्थ साइन्सेज र साइन्स एण्ड टेक्नोलोजी अन्तर्गतका विभिन्न विषयमा स्नातक, स्नातकोत्तर एवम् विद्यावारिधि तह सम्मका शैक्षिक कार्यक्रमहरू सञ्चालन हुने व्यवस्था गरिएको छ। हाल स्कूल अफ ईञ्जिनियरिङ्गको स्नातक तह (बी. ई.) को सिभिल ईञ्जिनियरिङ्गमा ६९ जना तथा ईलेक्ट्रिकल एण्ड ईलेक्ट्रोनिक्स ईञ्जिनियरिङ्गमा २८ जना विद्यार्थीहरू अध्ययनरत छन्। स्कूल अफ मेडिसिन एण्ड एलाइड हेल्थ साइन्सेजको स्नातक तह (ब्याचलर इन फार्मेसी) मा ९ जना विद्यार्थीहरू अध्ययनरत छन्। यी स्कूल अन्तर्गतका स्नातक र स्नातकोत्तर तहका अन्य शैक्षिक कार्यक्रमहरूको समेत पाठ्यक्रम निर्माण गरी पठनपाठनका लागि आवश्यक तयारी भईरहेको छ।

५.१२ कोशी प्रदेशका जिल्लाहरुमा प्राविधिकधारका विद्यालय ९३ वटा, सामुदायिक विद्यालयमा प्राविधिक शिक्षा कार्यक्रम (TECS) लागू भएका ३८ वटा विद्यालयहरु रहेका छन्। यस्तै प्रावधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् (CTEVT) को आंगिक शिक्षालय ७ वटा, साझेदार शिक्षालय १४ वटा र CTEVT बाट सम्बन्धन प्राप्त निजी संस्थाहरु ५३ गरी प्राविधिक शिक्षा प्रदान गर्ने शिक्षालयहरु २०५ वटा रहेका छन्।

तालिका ५.४: कोशी प्रदेशमा रहेका प्राविधिक शिक्षालय सम्बन्धी जिल्लागत विवरण

| क्र.सं. | जिल्ला | प्राविधिक विद्यालय | TECS | CTEVT आंगिक | CTEVT साझेदारी | CTEVT बाट अनुमति प्राप्त | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ताप्लेजुङ | ४ | २ | ० | ० | ० | ६ |
| २ | पाँचथर | ३ | १ | ० | ० | ० | ४ |
| ३ | इलाम | ७ | २ | १ | ० | १ | ११ |
| ४ | झापा | १६ | ४ | १ | ६ | १६ | ४३ |
| ५ | मोरङ | १६ | ७ | ० | ४ | ११ | ३८ |
| ६ | सुनसरी | १० | २ | ० | २ | १५ | २९ |
| ७ | धनकुटा | ५ | १ | १ | ० | ३ | १० |
| ८ | तेह्रथुम | १ | २ | १ | ० | ० | ४ |
| ९ | संखुवासभा | ७ | १ | ० | ० | १ | ९ |
| १० | भोजपुर | ७ | २ | २ | ० | ० | ११ |
| ११ | सोलुखुम्बु | ३ | २ | ० | १ | १ | ७ |
| १२ | ओखलढुङ्गा | ६ | ३ | ० | १ | १ | ११ |
| १३ | खोटाङ | ३ | ५ | १ | ० | २ | ११ |
| १४ | उदयपुर | ५ | ४ | ० | ० | २ | ११ |
| जम्मा | | ९३ | ३८ | ७ | १४ | ५३ | २०५ |

स्रोतः सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, २०८०

५.१३ कोशी प्रदेशमा सामुदायिक विद्यालयमा कार्यरत स्थायी २१ हजार २ सय ७८, अस्थायी २,५०६ र राहत ७,३०० शिक्षक समेत गरी सम्पूर्ण शिक्षकहरूको सङ्ख्या ३१ हजार ७८ जना रहेको छ। जुन नेपाल भरिका कुल शिक्षक सङ्ख्याको करिव २०.० प्रतिशत हो।

५.१४ शैक्षिक सत्र २०७९ मा नेपालका कुल विद्यार्थी सङ्ख्या ७२ लाख ६९ हजार ५ सय ५१ मध्ये १५.८ प्रतिशत विद्यार्थी कोशी प्रदेशमा रहेका छन्। कोशी प्रदेशका कुल ११ लाख ४५ हजार ६ सय ५८ जनामध्ये ४९.० प्रतिशत छात्रा र ५१.० प्रतिशत छात्र रहेका छन्।

### तालिका ५.४: प्रदेशगत रूपमा विद्यार्थी भर्नाको विवरण

| तह | | कोशी | नेपाल |
|---|---|---|---|
| आधारभूत तह (कक्षा १-५) | छात्रा | २६५८८९ | १७४०१४४ |
| | छात्र | २८५९५९ | १८७०२५० |
| | अन्य | ११ | २०९ |
| आधारभूत तह (कक्षा ६-८) | छात्रा | १४१८४३ | ८८७५१८ |
| | छात्र | १४७९६६ | ९३९८५२ |
| | अन्य | ९ | ६३ |
| माध्यमिक तह (कक्षा ९-१०) | छात्रा | ८८०३३ | ५३२३६८ |
| | छात्र | ८८५१६ | ५५०३९५ |
| | अन्य | ४ | १७ |
| माध्यमिक तह कक्षा (११-१२) | छात्रा | ६६७०१ | ३८१३९३ |
| | छात्र | ६०७२० | ३६७२९० |
| | अन्य | ७ | ५२ |
| कुल | **छात्रा** | **५६२४६६** | **३५४१४२३** |
| | **छात्र** | **५८३१६१** | **३७२७७८७** |
| | **अन्य** | **३१** | **३४१** |
| | **जम्मा** | **११४५६५८** | **७२६९५५१** |

स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७९

५.१५ शैक्षिक सत्र २०७९ मा कुल विद्यार्थीमध्ये ७२.४ प्रतिशत सामुदायिक विद्यालयमा अध्ययनरत छन् भने संस्थागत विद्यालयमा २७.६ प्रतिशत विद्यार्थी अध्ययनरत छन्। कोशी प्रदेशका कुल विद्यार्थीमध्ये ६७.० प्रतिशत सामुदायिक विद्यालयमा अध्ययनरत छन् भने संस्थागत विद्यालयमा ३३.० प्रतिशत अध्ययनरत छन्।

### चार्ट ५.४: प्रदेशगत रूपमा सामुदायिक र संस्थागत विद्यालयमा विद्यार्थी भर्नाको विवरण

(प्रतिशतमा)




स्रोत: शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७९

५.१६ कोशी प्रदेशमा आधारभूत तह (कक्षा १–५) को खुद भर्ना दर ९६.८ रहेको छ भने आधारभूत तह (कक्षा ६–८) को खुद भर्ना दर ९४.३ रहेको छ। त्यसैगरी माध्यमिक तह (कक्षा ९–१२) को खुद भर्ना दर ५५.२ रहेको छ।

### तालिका ५.५: प्रदेशगत रूपमा विद्यार्थी खुद भर्नादर

| तह\प्रदेश | | कोशी | नेपाल |
|---|---|---|---|
| आधारभूत (कक्षा १-५) | छात्रा | ९६.२ | ९६.५ |
| | छात्र | ९७.३ | ९७.६ |
| | **जम्मा** | **९६.८** | **९७.१** |
| आधारभूत कक्षा ६-८) | छात्रा | ९४ | ९४.२ |
| | छात्र | ९४.५ | ९४.५ |
| | **जम्मा** | **९४.३** | **९४.३** |
| आधारभूत (कक्षा १-८) | छात्रा | ९५.५ | ९५.७ |
| | छात्र | ९६.३ | ९६.५ |
| | **जम्मा** | **९५.९** | **९६.१** |
| माध्यमिक (कक्षा ९-१०) | छात्रा | ७६.३ | ७५.८ |
| | छात्र | ७७.२ | ७७.१ |
| | **जम्मा** | **७६.७** | **७६.५** |
| माध्यमिक (कक्षा ११-१२) | छात्रा | ५८.९ | ६३.३ |
| | छात्र | ६९.९ | ७० |
| | **जम्मा** | **६३.६** | **६६.४** |
| माध्यमिक (कक्षा ९-१२) | छात्रा | ५२.८ | ५५.७ |
| | छात्र | ५८ | ५९.४ |
| | **जम्मा** | **५५.२** | **५७.४** |

स्रोतः शिक्षा तथा मानव स्रोत विकास केन्द्र, २०७९

५.१७ शैक्षिक सत्र २०७८ को माध्यमिक शिक्षा परीक्षा (SEE) मा कुल ४ लाख ९५ हजार ६ सय ४८ विद्यार्थी सहभागी भएका थिए। सहभागीमध्ये कोशी प्रदेशबाट ८४ हजार ४ सय ९१ विद्यार्थी सहभागी थिए।

### तालिका ५.६: माध्यमिक शिक्षा परीक्षा, कक्षा १० (SEE) २०७८ को नतिजा विवरण

| प्रदेश | आवेदक | परीक्षामा सामेल | GPA 0.80 T0 < 1.20 | GPA 1.20 To < 1.60 | GPA 1.60 To < 2.00 | GPA 2.00 To < 2.40 | GPA 2.40 To < 2.80 | GPA 2.80 To < 3.20 | GPA 3.20 To < 3.60 | GPA 3.60 To <= 4.00 | NA |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| कोशी | ८७९४९ | ८४४९१ | ३९० | ६४६० | १६९७४ | २०२५६ | १६४३६ | १२३७५ | ६९५५ | ११८७ | ३४५८ |
| नेपाल | ५१८१८५ | ४९५६४८ | ३२८० | ४४५८६ | १००५९४ | ११२७३३ | ९०७५८ | ६९९०० | ४१६२७ | ९६३३ | २२५३७ |

स्रोतः शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय, २०७९

५.१८ प्रदेश सरकारको अनुदानमा कोशी प्रदेशका दुर्गम तथा पहाडी जिल्लाहरुमा विज्ञान र गणित विषयका स्वयम् सेवक शिक्षक २८ जनालाई खटाइएको छ। कोशी प्रदेशमा नेपाल सरकारबाट अनुदान प्राप्त ८१ वटा र प्रदेश सरकारबाट अनुदान प्राप्त १३ वटा गरी २०७९ चैत्रमसान्तसम्म ९४ वटा नमुना विद्यालय रहेका छन्।

५.१९ प्रदेश अन्तरगत धनकुटामा निजामती आवासीय विद्यालयमा कक्षा ५ देखि १० सम्म सञ्चालनमा रहेको छ।

५.२० चार वर्ष उमेर समूहका बालबालिकाको सर्वाङ्गीण विकास र कक्षा एकको तयारी तथा सिकाईको आधारशीला निर्माणको रुपमा प्रारम्भिक बालविकास केन्द्र/पूर्व प्राथमिक कक्षाको व्यवस्था गरिएको छ। २०७९ चैत्रमसान्तसम्म कोशी प्रदेशमा प्रारम्भिक बालविकास केन्द्र/पूर्वप्राथमिक कक्षाको सङ्ख्या ७ हजार २ सय ९७ रहेको छ।

## स्वास्थ्य क्षेत्र

५.२१ आर्थिक वर्ष २०७९/८० फागुनसम्म ७ लाख ९३ हजार पटक देशभरका स्वास्थ्य संस्थाबाट अन्तरङ्ग सेवा लिएका मध्ये कोशी प्रदेशमा मात्र २ लाख ४ हजार पटक रहेको छ।

५.२२ तालिका ५.७: अस्पताल सुविधा लिएको प्रदेशगत विवरण (पटक हजारमा)

| प्रदेश | २०७७/७८ | | | २०७८/७९ | | | २०७९/८०* | | |
|---|---|---|---|---|---|---|---|---|---|
| | अन्तरंग | बहिरङ्ग | आकस्मिक | अन्तरंग | बहिरङ्ग | आकस्मिक | अन्तरंग | बहिरङ्ग | आकस्मिक |
| कोशी | २८५ | ४५६० | ३४८ | ४५५ | ५७५९ | ५८९ | २०४ | ४५६८ | २४५ |
| कुल | १०७७ | २६८४३ | २०८७ | १४८६ | ३३०६३ | २९३९ | ७९३ | २६६२६ | १३७७ |

स्रोत: स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय, २०७९ * फागुनसम्म

५.२३ स्वास्थ्य सेवामा नागरिकको पहुँच बढ्दै गएको छ। कोशी प्रदेशमा नवजात शिशु मृत्यु दर प्रतिहजार जीवित जन्ममा २० रहेको छ भने नेपालमा यस्तो दर २१ रहेको छ। नेपालको प्रति लाख जीवित जन्ममा १५१ रहेको मातृ मृत्युदर कोशी प्रदेशमा १५७ रहेको छ।

तालिका ५.८: कोशी प्रदेशको प्रादेशिक स्वास्थ्य सूचकहरुको अवस्था

| सूचक | इकाई | अवस्था |
|---|---|---|
| मातृ मृत्यु दर | प्रति लाख जीवित जन्ममा | १५७ |
| नवजात शिशु मृत्युदर | प्रति हजार जीवित जन्ममा | २० |
| पाँच वर्षमुनिका बालबालिकाहरुमा पुड्कोपना | प्रतिशत | २०.० |
| पाँच वर्षमुनिका बालबालिकाहरुमा ख्याउटेपन | प्रतिशत | ३.८ |
| पाँच वर्षमुनिका बालबालिकाहरुमा कम तौल | प्रतिशत | १३.० |
| पाँच वर्षमुनिका बालबालिकामा रक्तअल्पता | प्रतिशत | ३४.० |
| १२-२३ महिनाका बालबालिकामा पूर्ण खोप | प्रतिशत | ८१.० |
| परिवार नियोजनको साधन प्रयोगदर | प्रतिशत | ६१.५ |

स्रोतः स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश, २०८०

५.२४ कोशी प्रदेशका १४ वटै जिल्लामा स्वास्थ्य बीमा कार्यक्रम लागू भएको छ। आर्थिक वर्ष २०७८/७९ मा १९ लाख १८ हजार १ सय ७२ जना स्वास्थ्य बीमा कार्यक्रममा आवद्ध भएका थिए भने आर्थिक वर्ष २०७९/८० को फागुन मसान्त सम्ममा २० लाख ३० हजार ३२ जना आवद्ध भएका छन्। यस्तै स्वास्थ्य बीमा कार्यक्रम अन्तर्गत कोशी प्रदेशमा २०७९ चैत्रसम्म स्वास्थ्य सेवा लिनेको सङ्ख्या ९ लाख ७० हजार ७ सय ३३ पुगेको छ।

तालिका ५.९ स्वास्थ्य बीमा सम्वन्धी विवरण (कोशी प्रदेश अन्तरगत)

| आ.व | बिमामा आवद्ध जनसङ्ख्या | स्वास्थ्य सेवा लिनेको सङ्ख्या |
|---|---|---|
| २०७८/७९ | १९,१८,१७२ | ८,४६,९५७ |
| २०७९/८०* | २०,३०,०३२ | ९,७०,७३३ |

स्रोतः स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश

*चैत्र मसान्त

## स्वास्थ्य संस्थाको स्थिति

५.२५ प्रदेशमा संचालित स्वास्थ्य संस्थाहरु मध्ये धरान स्थित वि.पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, विराटनगर स्थित कोशी अस्पताल, नोवेल मेडिकल कलेज, विराट मेडिकल कलेज तथा विर्तामोड स्थित बि. एण्ड सि. मेडिकल कलेज यस प्रदेशमा विशेषज्ञ स्वास्थ्य सेवा प्रदान गर्ने प्रमुख

संस्थाहरु हुन्। खासगरी बि.पि. कोईराला स्वास्थ्य विज्ञान प्रतिष्ठान, विराटनगर स्थित कोशी अस्पताल र नोबेल मेडिकल कलेजमा विभिन्न स्वास्थ्य क्षेत्रका विशेष उपचार सेवाहरु उपलब्ध छन् ।

५.२६ जिल्ला अस्पताल पाँचथर, तेह्रथुम र भोजपुरलाई ५० शैया र प्रादेशिक अस्पताल, भद्रपुरलाई २०० शैयामा स्तरोन्नति गरिएको छ। जिल्ला अस्पतालहरुमा अक्सिजन प्लान्ट जडान र आ.ई.सी.यू. सञ्चालन गरिएको छ।

## स्वास्थ्य संस्थाको विवरण

५.२७ आर्थिक वर्ष २०७९/८० को फागुनसम्म कोशी प्रदेशमा सबै तहका अस्पताल १५२, प्राथमिक स्वास्थ्य केन्द्र ३३, स्वास्थ्य चौकी ६३१, सामुदायिक स्वास्थ्य केन्द्र र इकाई समेत गरी ५००, शहरी स्वास्थ्य केन्द्र १०२, प्रतिष्ठान १, कोभिड उपचार केन्द्र १, नर्सिङ होम १ र अन्य स्वास्थ्य संस्था ५४ गरी जम्मा १४७५ वटा स्वास्थ्य संस्था रहेका छन्।

तालिका ५.१० कोशी प्रदेशमा रहेका स्वास्थ्य संस्थाको विवरण

| स्वास्थ्य संस्था | सङ्ख्या |
|---|---|
| प्रतिष्ठान | १ |
| आधारभूत स्वास्थ्य सामुदायिक केन्द्र | ३६१ |
| सामुदायिक स्वास्थ्य ईकाइ | १३९ |
| कोभिड-१९ उपचार केन्द्र | १ |
| स्वास्थ्य चौकी | ६३१ |
| नर्सिङ्ग होम | १ |
| अन्य स्वास्थ्य संस्था | ५४ |
| प्राथमिक स्वास्थ्य केन्द्र | ३३ |
| प्राथमिक तह अस्पताल | ३२ |
| जनरल अस्पताल | ६८ |
| निजी अस्पताल | २० |
| द्धितीय तह अस्पताल | १४ |
| विशेषज्ञ अस्पताल | १५ |
| शिक्षण अस्पताल | २ |
| तृतीय तह अस्पताल | १ |
| सहरी स्वास्थ्य केन्द्र | १०२ |
| **जम्मा** | **१४७५** |

स्रोतः स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश

५.२८ कोशी प्रदेशको स्वास्थ्य मन्त्रालय मातहतका जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्रहरु १४ वटै जिल्लामा रहेका छन्। प्रदेशमा आयुर्वेद रिफरल सेन्टर निर्माण गरी विशेषज्ञ सेवा प्रदान गर्ने उद्देश्यले साविक पूर्वाञ्चल आयुर्वेद औषधालयको भौतिक संरचनामा झापाको लखनपुरमा प्रादेशिक आयुर्वेद अस्पताल मिति २०७९ भाद्र २९ गते स्थापना भई सञ्चालनमा आएको छ।

तालिका ५.११ कोशी प्रदेशमा रहेका आयुर्वेद स्वास्थ्य संस्था एवम् स्वास्थ्यकर्मीको विवरण

| | विवरण | सङ्ख्या |
|---|---|---|
| (क) | प्रादेशिक आयुर्वेद अस्पताल | १ |
| (ख) | जिल्ला आयुर्वेद स्वास्थ्य केन्द्र | १४ |
| (ग) | नागरिक आयरोग्य केन्द्र (स्थानीय तहमा) | ५३ |
| (घ) | आयुर्वेद औषधालय | ५० |
| | **जम्मा** | ११८ |

स्रोतः स्वास्थ्य मन्त्रालय, कोशी प्रदेश

५.२९ कोशी प्रदेशमा चालु आ.व. २०७९/८० को फागुनसम्ममा विद्यालय नर्सिङ कार्यक्रम कार्यान्वयन भएका विद्यालयहरुको सङ्ख्या १४५ रहेको छ। विद्यालय नर्सिङ कार्यक्रमबाट १ लाख २८ हजार ९ सय २५ विद्यार्थी लाभान्वित भएका छन्।

५.३० २०७९ फागुनमसान्तसम्म कोशी प्रदेशमा सञ्चालनमा रहेका एम्बुलेन्स "क" वर्गका ६ वटा, "ख" वर्गका ३४ र "ग" वर्गका ५०७ गरी जम्मा ५४७ वटा एम्बुलेन्स र २५ वटा शववाहन रहेका छन्।

५.३१ कोशी प्रदेशमा २०७९/८० चैत्रमसान्तसम्म कोरोना भाईरस कुल परीक्षण ५,४६,४१९ भएकोमा १,२२,७३४ जनामा पोजेटिभ देखिएको छ। प्रदेशमा २०७९ चैत्रमसान्तसम्म ७७.७ प्रतिशतले कोभिड-१९ विरुद्धको पूर्ण खोप (दोस्रो मात्रा) र ५० प्रतिशतले बुस्टर (तेस्रो) खोप लगाएका छन्।

## जनसङ्ख्या

५.३२ राष्ट्रिय जनगणना २०७८ अनुसार नेपालको जनसङ्ख्या २ करोड ९१ लाख ६४ हजार ५ सय ७८ रहेको छ, जसमध्ये कोशी प्रदेशमा ४९ लाख ६१ हजार ४ सय १२ जना बसोबास गर्दछन्। यस प्रदेशमा महिला ५१.३ प्रतिशत र पुरुषको अंश ४८.७ प्रतिशत

रहेको छ। २०६८ सालको जनगणनामा यहाँको जनसङ्ख्या ४५ लाख ३४ हजार ९ सय ४३ रहेको थियो।

५.३३ कोशी प्रदेशको सरदर वार्षिक जनसङ्ख्या वृद्धिदर ०.८६ प्रतिशत रहेको छ। कोशी प्रदेशमा लैङ्गिक अनुपात ९५.०२ रहेको छ।

५.३४ कोशी प्रदेशको जनघनत्व १९२ जना प्रतिवर्ग किलोमिटर रहेको छ।

५.३५ राष्ट्रिय जनगणना २०६८ को भन्दा २०७८ मा ० देखि ४ वर्ष उमेर समुहका बालबालिकाको सङ्ख्यामा २२ हजारले कमि आएको छ भने ६५ वर्ष वा सो भन्दा माथिको सङ्ख्यामा मा १ लाख १६ हजारले बढोत्तरी भएको छ। यसैगरि कुल जनसङ्ख्यामा काम गर्ने सक्रिय उमेर समुह (१५ देखि ५९ वर्ष) को हिस्सा २०६८ सालमा ५८.५ प्रतिशत रहेकोमा हाल ६२.८ प्रतिशत पुगेको छ।

**चार्ट ५.५: जनसङ्ख्या स्तम्भ** (जनसङ्ख्या हजारमा)







स्रोत: राष्ट्रिय जनगणना, २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

## खानेपानी तथा सरसफाई

५.३६ आर्थिक वर्ष २०७९/८० को फागुनसम्ममा प्रदेशमा ९०.० प्रतिशत जनसङ्ख्यामा आधारभूत स्तरको खानेपानी सुविधा पुगेको छ भने प्रदेशको १९.० प्रतिशत जनसंख्यमा प्रशोधन सहितको सुरक्षित खानेपानीको सुविधा पुगेको छ।

५.३७ सरसफाईको हकमा ९०.० प्रतिशत जनसङ्ख्यामा आधारभूत सरसफाई सुविधा पुगेको छ भने प्रदेशका १४ वटै जिल्ला खुला दिसामुक्त घोषणा भई स्थानीय स्तरमा पूर्ण सरसफाई कार्यक्रम कार्यान्वयन गरिएको छ।

तालिका ५.१२ खानेपानी तथा सरसफाईको अवस्था

| क्र.सं. | सूचक | एकाई | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|---|
| १ | आधारभूत खानेपानी पुगेको जनसङ्ख्या | प्रतिशत | ८८.० | ८९.० | ९०.० |
| ३ | सुरक्षित खानेपानी पुगेको जनसङ्ख्या | प्रतिशत | १७.० | १८.० | १९.० |
| ४ | आधारभूत सरसफाई सेवा पुगेको जनसङ्ख्या | प्रतिशत | ८५.० | ८८.० | ९०.० |

स्रोत: खानेपानि सिंचाई तथा उर्जा मन्त्रालय, कोशी प्रदेश, २०८०    * फागुनसम्म

५.३८ कोशी प्रदेशमा खानेपानीको मुख्य स्रोतको रुपमा धारा/पाइप (घरपरिसर भित्र) प्रयोग गर्ने ३४.२ प्रतिशत, धारा/पाइप (घर परिसर बाहिर) प्रयोग गर्ने २०.१ प्रतिशत र ट्युवबेल/हातेपम्प प्रयोग गर्ने ४०.४ प्रतिशत परिवार रहेका छन्। खुला इनार कुवा प्रयोग गर्ने १.६ प्रतिशत र नदी खोलाको प्रयोग गर्ने ०.२ प्रतिशत परिवार रहेका छन्। नेपालको औषतको तुलनामा कोशी प्रदेशमा ट्युवबेल/हातेपम्प प्रयोग गर्ने परिवार सङ्ख्या बढी देखिन्छ।

तालिका ५.१३ प्रदेशमा खानेपानीको मुख्य स्रोत प्रयोगको अवस्था

| सि.नं. | खानेपानी उपयोगको स्रोत | कोशी प्रदेश | | नेपाल | |
|---|---|---|---|---|---|
| | | सङ्ख्या | प्रतिशत | सङ्ख्या | प्रतिशत |
| १. | धारा/पाइप (घर परिसर भित्र) | ४०७६४५ | ३४.२ | २३०४०१५ | ३४.६ |
| २. | धारा/पाइप (घर परिसर बाहिर) | २३९६८६ | २०.१ | १४९०८४६ | २२.४ |

| | | | | | |
|---|---|---|---|---|---|
| ३. | ट्युवबेल/हातेपम्प | ४७६६५८ | ४०.० | १९८२१८० | २९.८ |
| ४. | ढाकिएको इनार/कुवा | ९९७९ | ०.८ | १०२२३५ | १.५ |
| ५. | खुला इनार/कुवा | १९६१३ | १.६ | १४१८५७ | २.१ |
| ६. | मूल धारा | २६४२० | २.२ | २६२०४४ | ३.९ |
| ७. | नदी खोला | २७२५ | ०.२ | २३८२७ | ०.४ |
| ८. | जार/बोतल | ४८१६ | ०.४ | ३०८३८८ | ४.६ |
| ९. | अन्य | ३२१३ | ०.३ | ४५४४९ | ०.७ |
| | **जम्मा** | **११९०७५५** | **१००** | **६६६०८४१** | **१००** |

स्रोतः राष्ट्रिय जनगणना, २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

५.३९ कोशी प्रदेशको कुल परिवार सङ्ख्या मध्ये ६१.० प्रतिशतले फ्लस भएको (सेप्टिक टंयाक) प्रयोग गरेका छन् भने ३.२ प्रतिशत (३७ हजार ५७६ परिवार) मा शौचालय नभएको देखिन्छ।

तालिका ५.१४ प्रदेशमा शौचालय प्रयोगको अवस्था

| | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक टंयाक) | साधारण (खाल्टे चर्पी) | सार्वजनिक | चर्पी नभएको |
|---|---|---|---|---|---|
| **कोशी** | २.२ | ६१.० | ३३.१ | ०.५ | ३.२ |
| **नेपाल** | ९.८ | ५५.१ | ३०.१ | ०.५ | ४.५ |

स्रोतः राष्ट्रिय जनगणना, २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

## महिला, बालबालिका तथा जेष्ठ नागरिक

५.४० महिला समानता र विकास सहभागितामा परिचित प्रदेश निर्माण गर्ने दीर्घकालीन लक्ष्यका साथ प्रदेशको "लैङ्गिक समानता नीति, २०७९" तर्जुमा भई कार्यान्वयनमा आएको छ।

**मन्जुषा बक्स ५ (क) प्रदेश लैङ्गिक समानता नीति, २०७९**

महिलाप्रति हुने जुनसुकै प्रकारका भेदभावको अन्त्य एवं लैङ्गिक समानताको प्राप्तिका लागि भएका विश्वव्यापी प्रयासमा नेपाल सक्रिय रूपमा सहभागी हुँदै आएको छ । विशेष गरी संयुक्त राष्ट्रसङ्घीय महासभा र सम्मेलनद्वारा पारित महासन्धि तथा कार्यमञ्च (Platform for action) अनुरूप राष्ट्रिय कार्ययोजनाहरू तर्जुमा गरी कार्यान्वयनमा ल्याइएका छन् ।

नेपालको संविधानले लैङ्गिक समानतासहित महिला अधिकारको प्रत्याभूत गरेको छ। समान वंशीय हक (Lineage right), सम्पत्ति तथा पारिवारिक मामिलामा समान हकलगायतका संविधानप्रदत्त मौलिक हकहरू यस दिशामा महत्वपूर्ण छन्।

प्रदेशको प्रथम आवधिक योजना (आर्थिक वर्ष२०७६/७७–२०८०/८१)मा लैङ्गिक समानताः प्रदेशको मान्यताको सोच अङ्गीकार गरी प्रदेश सरकारको नीति तथा कार्यक्रम, बजेट विनियोजन र विषयगत मन्त्रालयहरूको सेवा सञ्चालन लगायतमा लैङ्गिक समतामूलक दृष्टिकोण एवं उत्तरदायित्व प्रवर्धनमा जोड दिइएको छ।

**परिकल्पनाः**

महिला समानता र विकास सहभागितामा परिचित प्रदेश।

**उद्देश्यः**

- पारिवारिक सम्बन्ध, सामाजिक विधिव्यवहार तथा घरायसी कार्य–अंसियारीमा लैङ्गिक समानता कायम गर्नु,
- औपचारिक, अनौपचारिक तथा घरधुरी समेतका आर्थिक एकाइमा महिलामैत्री कार्यवातावरण सृजना गर्नु, र
- विकास, व्यवसाय तथा शासकीय प्रक्रियामा महिलाको समान अग्रणी सहभागिता सुनिश्चित गर्नु।

५.४१ बाल विवाह विरुद्वको प्रादेशिक रणनीति (२०७९/८०-२०८३/८४) तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको छ। बालविवाह विरुद्ध सचेतनाका लागि किशोरी सशक्तिकरण कार्यक्रम सञ्चालन निर्देशिका, २०७९ अनुसार कोशी प्रदेशका १३७ वटै स्थानीय तहमा कार्यक्रम सञ्चालन भईरहेको छ।

५.४२ राष्ट्रिय योजना आयोगबाट प्रकाशित प्रतिवेदन अनुसार कोशी प्रदेशको लैंगिक विकास सुचकाङ्क ०.९०१ रहेको छ भने लैगिंक असमानता सुचकाङ्क ०.४५९ रहेको छ।

तालिका ५.१५: कोशी प्रदेशको लैङ्गिक विकासको स्थिति

| विवरण | कोशी प्रदेश | नेपाल |
|---|---|---|
| **लैङ्गिक विकास सूचकाङ्क (GDI)** | ०.९०१ | ०.८८६ |
| **लैङ्गिक विषमता सूचकाङ्क (GII)** | ०.४५९ | ०.४७९ |

स्रोतः बहुआयामिक गरिबी सूचक, २०२१, राष्ट्रिय योजना आयोग

५.४३ राष्ट्रिय जनगणना, २०७८ अनुसार कोशी प्रदेशमा कुल २८.४ प्रतिशत परिवारहरुमा महिलाको नाममा घर वा जग्गा वा घरजग्गा दुवै रहेको छ। कोशी प्रदेशको कुल परिवार मध्ये ३०.९ प्रतिशत परिवारमूली महिला रहेका छन्। यस्तै कृषि बाहेकका साना घरेलु व्यवसाय मध्ये महिलाले सञ्चालन गरेका ५३.५ प्रतिशत रहेका छन्।

५.४४ यस प्रदेशमा लैङ्गिक तथा घरेलु हिंसा पिडित महिला र किशोरीका लागि एकवटा दीर्घकालीन पुनर्स्थापना गृह र १६ वटा अल्पकालीन पुनर्स्थापना गृह सञ्चालनमा रहेका छन्। सबै स्थानीय तहमा लैंगिक हिंसा निवारण कोष स्थापना भएको छ। कोशी प्रदेशमा १५ वटा बालआश्रम रहेका छन्।

५.४५ राष्ट्रिय जनगणना, २०७८ अनुसार कोशी प्रदेशमा ६० वर्ष वा सो भन्दा माथिका महिला २ लाख ८३ हजार ६ सय ६९ र पुरुष २ लाख ७२ हजार ७ सय ९५ गरी ज्येष्ठ नागरिकको सङ्ख्या ५ लाख ५६ हजार ४ सय ६४ (प्रदेशको जनसङ्ख्याको ११.२२ प्रतिशत) रहेको छ। साथै ९० वर्ष वा सो भन्दा माथिका ज्येष्ठ नागरिकको सङ्ख्या ८ हजार ४ सय २ रहेको छ।

५.४६ सामाजिक विकास मन्त्रालयमा सूचीकृत भएका कोशी प्रदेश अन्तरगत ८ वटा वृद्धाश्रम र ४७ वटा दिवा सेवा केन्द्र रहेका छन्। मोरङको ग्रामथान गाउँपालिकामा जेष्ठ नागरिक ग्राम निर्माणका लागि प्रक्रिया अघि बढाइएको छ।

५.४७ आर्थिक वर्ष २०७५/७६ देखि २०७८/७९ सम्म राष्ट्रपति महिला उत्थान कार्यक्रम अन्तरगत प्रदेशका दुर्गम तथा पहाडी क्षेत्रका १३० गर्भवती तथा सुत्केरी महिलालाई हवाई उद्धार गरिएको थियो। चालु आर्थिक वर्षको फागुनसम्म उद्धार गरिएको सङ्ख्या ३२ रहेको छ ।

तालिका ५.१६ः उद्धार गरिएका गर्भवती तथा सुत्केरी महिलाको विवरण

| प्रदेश | २०७५/७६ | २०७६/७७ | २०७७/७८ | २०७८/७९ | २०७९/८०* |
|---|---|---|---|---|---|
| कोशी प्रदेश | ५ | १० | २८ | ५५ | ३२ |

स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, २०७९ * फागुनसम्म

५.४८ कोशी प्रदेशमा २०७९को फागुनसम्ममा १८ वृद्धाश्रम सञ्चालनमा रहेका छन्। ती वृद्धाश्रममा महिला ११८ र पुरुष ८९ गरी जम्मा २०७ ज्येष्ठ नागरिकले आश्रय लिइरहेका छन् ।

तालिका ५.१७ः कोशी प्रदेशमा रहेका ज्येष्ठ नागरिक आश्रम र आश्रितको विवरण

| ज्येष्ठ नागरिक आश्रमको सङ्ख्या | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| १८ | ११८ | ८९ | २०७ |

स्रोतः महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, २०७९

५.४९ राष्ट्रिय जनगणना २०७८ को नतिजा अनुसार कोशी प्रदेशमा ५ वर्ष वा सो भन्दा कम उमेरका कुल ४ लाख ७२ हजार ६ सय २५ जना बालबालिका मध्ये ७०.८ प्रतिशतको जन्मदर्ता गरेको देखिन्छ भने २९.२ प्रतिशतको जन्मदर्ता गरेको देखिदैन। जन्म दर्ता गरेको सङ्ख्यामध्ये बालकको सङ्ख्या बालिकाको सङ्ख्याभन्दा ०.९ प्रतिशत बिन्दुले बढी रहेको छ ।

## अपाङ्गता सम्बन्धी अवस्था

५.५० अपाङ्गता भएका व्यक्तिलाई सम्मानजनक एवम् स्वावलम्बी जीवनयापनको अवसर सिर्जना गर्नु लोककल्याणकारी राज्यको मान्यता हुन्छ। अपाङ्गता भएका व्यक्तिको अधिकार सम्बन्धी महासन्धी, २००६ र नेपालको संविधानले अपाङ्गता भएका नागरिकलाई विविधताको पहिचान सहित मर्यादा र आत्मसम्मान पूर्वक जीवनयापन गर्न पाउने र सार्वजनिक सेवा तथा सुविधामा समान पहुँचको हक स्थापित गरेको छ।

५.५१ प्रदेश आर्थिक ऐन २०७९ मा अपाङ्गता भएका व्यक्तिलाई घरजग्गा रजिष्ट्रेशन शुल्कमा २५ प्रतिशत छुट दिने व्यवस्था गरेको छ । साथै अपाङ्गता भएका व्यक्तिले प्रयोग गर्न मिल्ने सवारी साधनमा कर छुटको व्यवस्था गरीएको छ।

५.५२ नेपालको कुल जनसङ्ख्याको २.२ प्रतिशत जनसङ्ख्यामा कुनै प्रकारको अपाङ्गता रहेको देखिन्छ भने कोशी प्रदेशको हकमा २.४ प्रतिशत देखिन्छ। कोशी प्रदेशमा पुरुषको जनसङ्ख्या मध्ये २.६ प्रतिशत र महिलाको जनसङ्ख्यामा २.१ प्रतिशत अपाङ्गता भएका व्यक्ति रहेका छन्। कोशी प्रदेशमा अपाङ्गता भएका जम्मा व्यक्ति मध्ये पुरुषको हिस्सा ५३.९ प्रतिशत र महिलाको हिस्सा ४६.१ प्रतिशत रहेको छ।

चार्ट ५.१८ : लैंगिक आधारमा अपांगता भएका व्यक्तिहरुको अवस्था (प्रतिशतमा)




स्रोतः राष्ट्रिय जनगणना, २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

५.५३ कोशी प्रदेशमा अपाङ्गता भएका जम्मा १ लाख १७ हजार २ सय १९ जना मध्ये शारीरिक अपाङ्गता ३४.५ प्रतिशत, न्यूनदृष्टियुक्त १६.४ प्रतिशत, सुस्त श्रवण ९.५ प्रतिशत, बहुअपाङ्गता ९.३ प्रतिशत रहेका छन्।

तालिका ५.१९ : कोशी प्रदेशमा अपाङ्गताको प्रकार अनुसारको अवस्था (प्रतिशत)




स्रोतः राष्ट्रिय जनगणना, २०७८, राष्ट्रिय तथ्याङ्क कार्यालय

५.५४ जिल्लागत रुपमा हेर्दा सम्बन्धित जिल्लाको जनसङ्ख्याको अनुपातमा अपाङ्गता भएका व्यक्तिहरूको सङ्ख्या सबभन्दा बढी भोजपुर र धनकुटा जिल्लामा छ। भोजपुर र धनकुटा जिल्लाको जनसङ्ख्याको ३.५ प्रतिशत व्यक्तिहरुमा कुनै न कुनै प्रकारको अपांगता रहेको पाइन्छ भने सुनसरी जिल्लामा सबभन्दा कम १.८ प्रतिशत अपाङ्गता भएका व्यक्ति छन्। अझ भौगोलिक रुपमा हेर्दा हिमाली र पहाडी जिल्लाहरुमा भन्दा तराईका जिल्लाहरुमा अपाङ्गता हुनेहरूको सङ्ख्या तुलनात्मक रूपले कम छ।

५.५५ प्रदेश सरकार, स्थानीय तह र गैरसरकारी संस्थासँगको साझेदारीमा अपाङ्गता भएका व्यक्तिका लागि अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रम आर्थिक वर्ष २०७९/८० सम्म ७९ वटा स्थानीय तहमा सञ्चालनमा रहेको छ। आर्थिक वर्ष २०७६/७७ देखि सुरु भएको यस कार्यक्रममा चालु आर्थिक वर्ष २०७९/८० सम्म प्रदेश सरकारबाट लागत साझेदारीको जम्मा रु.४१ करोड ८९ लाख रकम सम्बन्धित स्थानीय तहहरुमा वित्तीय हस्तान्तरण गरिएको छ।

चार्ट ५.८: अपाङ्गता रोकथाम तथा पुनर्स्थापना कार्यक्रमका लागि प्रदेश सरकारबाट विनियोजित रकम

(रु. लाखमा)




स्रोत: आर्थिक मामिला तथा योजना मन्त्रालय, कोशी प्रदेश *फागुनसम्म

५.५६ स्थानीय तहमा अपाङ्गता सहायता कक्ष सञ्चालन सम्बन्धी कार्यविधि, २०७९ प्रदेश सरकारबाट स्वीकृत भई कार्यन्वयनमा रहेको छ।

## युवा तथा खेलकुद

५.५७ सम्वत् २०७९ असोज-कार्तिकमा पोखरामा सम्पन्न नवौं राष्ट्रिय खेलकुद प्रतियोगितामा कोशी प्रदेशले १० स्वर्ण, २३ रजत र ५३ कास्य पदक प्राप्त गरेको छ। उक्त प्रतियोगितामा यस प्रदेशबाट स्वर्ण, रजत र कास्य पदक प्राप्त गर्ने खेलाडीलाई एकल - एकल इभेन्टतर्फ क्रमशः एक लाख, पचहत्तर हजार र पचास हजार रुपैयाँ तथा टिम इभेन्ट तर्फ पचहत्तर हजार, पचास हजार र पच्चीस हजार नगद पुरस्कार सहित सम्मान गर्नुका साथै विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय खेलकुद प्रतियोगितामा सहभागी भई पदक प्राप्त गर्ने अन्य खेलाडीहरुलाई नगद पुरस्कार सहित सम्मान गरिएको छ।

५.५८ प्रदेश भित्रका जिल्ला सदरमुकाम रहेका स्थानीय तहमा १४ वटा खुला व्यायामशाला, विभिन्न स्थानीय तहमा ६१ वटा खेलमैदान निर्माणका साथै १२ वटा कवर्डहल निर्माण तथा सुधारका कार्यक्रम सञ्चालन गरिएका छन्।

५.५९ प्रदेश खेलकुद विकास बोर्डमार्फत मुख्यमन्त्री राष्ट्रिय भलिवल प्रतियोगिता, प्रदेशस्तरीय खेलकुद प्रतियोगिताहरु तथा विद्यालय तहको जिल्ला तथा प्रदेशस्तरको राष्ट्रपति रनिङशिल्ड खेलकुद प्रतियोगिता सञ्चालन गरिएका छन्। निजी क्षेत्र तथा खेलसंस्थाहरुसँगको सहकार्यमा प्रस्तावमा आधारित रही खेलकुद प्रतियोगिता सञ्चालन गर्न प्रारम्भ गरिएको छ।

५.६० राष्ट्रिय विकास स्वयंसेवक सेवा अन्तर्गत १४ जिल्लामा जनस्वास्थ्य, पशु सेवा, कृषि विकास, सार्वजनिक निर्माण र अन्य सार्वजनिक सेवा अन्तर्गत २३७ जना स्वयंसेवक परिचालन गरिएको छ।

## पुस्तकालय र सिकाई केन्द्र

५.६१ कोशी प्रदेशमा सामुदायिक पुस्तकालयहरु १५२ वटा रहेका छन्। सबैभन्दा बढी मोरङ जिल्लामा ४४ वटा रहेका छन् भने उदयपुर र सोलुखुम्बुमा २/२ वटा पुस्तकालयहरु रहेका छन्। यस्तै सामुदायिक सिकाई केन्द्रहरु ३२३ वटा रहेका छन्।

तालिकाः ५.२० सामुदायिक पुस्तकालय र सिकाई केन्द्रहरुको जिल्लागत विवरण

| क्र.सं. | जिल्लाको नाम | सामुदायिक पुस्तकालय | सामुदायिक सिकाई केन्द्र |
|---|---|---|---|
| १. | भोजपुर | १० | २० |
| २. | धनकुटा | ३ | २६ |
| ३. | इलाम | ६ | २० |
| ४. | झापा | २७ | २८ |
| ५. | खोटाङ | ९ | २९ |
| ६. | मोरङ | ४४ | ३५ |
| ७. | ओखलढुङ्गा | ३ | २४ |
| ८. | पाँचथर | १० | २४ |
| ९. | संखुवासभा | ६ | १९ |
| १०. | सोलुखुम्बु | २ | १४ |
| ११. | सुनसरी | १९ | २२ |
| १२. | ताप्लेजुङ | ५ | १६ |
| १३. | तेह्रथुम | ६ | २१ |
| १४. | उदयपुर | २ | २५ |
| | कुल जम्मा | १५२ | ३२३ |

स्रोतः सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश

## भाषा, कला तथा संस्कृति

५.६२ प्रदेशभित्र रहेका सबै भाषा, लिपि, साहित्य, कला र संस्कृतिको संरक्षण सम्बर्द्धन र विकास गर्ने उद्देश्यले प्रदेश प्रज्ञा प्रतिष्ठान ऐन, २०७९ जारी भएको छ। सामाजिक न्याय सहितको समृद्ध प्रदेश निर्माण गर्ने लक्ष्यलाई साकार बनाउनको लागि प्रदेशको प्रथम आवधिक योजनामा समेत आवश्यक रणनीति, उद्देश्य र कार्यनीति तय गरिएको छ।

५.६३ समानुपातिक समावेशी, समतामूलक र समृद्ध प्रदेशको निर्माणको दीर्घकालीन सोच र सामाजिक न्याय सहितको मर्यादित जीवन र समृद्ध समाजको निर्माण गर्ने लक्ष्यका साथ प्रदेश सामाजिक समावेशीकरण नीति, २०७९ कार्यान्वयनमा ल्याइएको छ।

५.६४ राष्ट्रिय तथ्याङ्क कार्यालयबाट प्रकाशित विवरण अनुसार राष्ट्रिय जनगणना, २०७८ मा नेपालमा जनजातिको सङ्ख्या १४२, मातृभाषा सङ्ख्या १२४ र धर्म सङ्ख्या १० कायम भएको छ। यस्तै कोशी प्रदेशमा रहेका जनजातिको सङ्ख्या १३०, मातृभाषा सङ्ख्या १०७ र धर्म सङ्ख्या १० वटा रहेको छ।

५.६५ कोशी प्रदेशको कुल जनसङ्ख्या मध्ये सवैभन्दा धेरै हिन्दु धर्म मान्ने ६७.४ प्रतिशत रहेका छन् भने शिख धर्मालम्बी १२४ जना मात्र रहेका छन्।

तालिका:५.२१ कोशी प्रदेशको जनसङ्ख्यामा धर्म अनुसारको विवरण (प्रतिशतमा)

| विवरण | हिन्दु | वौद्ध | ईस्लाम | किरात | क्रिश्चियन | प्रकृति | बोन | जैन | बहाई | शिख |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **कोशी प्रदेश** | ६७.४ | ८.७ | ४.२ | १६.८ | २.३ | ०.५ | ०.०४ | ०.०२ | ०.००४ | ०.००२ |
| **नेपाल** | ८१.२ | ८.२ | ५.१ | ३.२ | १.८ | ०.३ | ०.२ | ०.००८ | ०.००२ | ०.००५ |

स्रोत:राष्ट्रिय तथ्याङ्क कार्यालय, २०८०

५.६६ कोशी प्रदेशमा २०७९ फागुनसम्म सञ्चालनमा रहेका सिनेमा हलहरु पाँचथरमा १, धनकुटामा १, उदयपुरमा १, झापामा ११, मोरङमा १२ र सुनसरीमा १२ वटा गरी जम्मा ३८ वटा रहेका छन्। प्रदेशका जिल्लाहरुमा सञ्चालनमा रहेका सिनेमा हलहरुको जम्मा सिट क्षमता १० हजार ७ सय १८ रहेको छ।

५.६७ कोशी प्रदेशमा सञ्चालित सिनेमा हल मध्ये Central cinema Management सर्भर वा बक्स अफिस प्रणालीमा आवद्ध भई E-tickting system बाट टिकट जारी गर्ने सिनेमाहलको सङ्ख्या २५ रहेको छ।

५.६८ कोशी प्रदेशमा १४ वटा संग्रहालयहरु रहेका छन्। सामाजिक विकास मन्त्रालय अन्तर्गत धनकुटामा प्रदेश संग्रहालय रहेको छ। सुनसरी जिल्लामा रहेका संग्रहालयको सङ्ख्या चार रहेको छ।

तालिका ५.२२ कोशी प्रदेशमा रहेका संग्रहालयहरुको विवरण

| क्र.सं. | जिल्ला | संग्रहालयको नाम |
|---|---|---|
| १. | इलाम | लेप्चा संग्रहालय, इलाम |
| २. | झापा | राजवंशी संग्रहालय, घैलाडुवा |
| ३. | झापा | जातिय संग्रहालय, दमक |
| ४. | तेह्रथुम | लिम्बु संग्रहालय |
| ५. | धनकुटा | प्रदेश संग्रहालय (प्रदेश सरकार अन्तर्गत) |
| ६. | धनकुटा | शहीद भीमनारायण संग्रहालय |
| ७. | सुनसरी | जनजाति संग्रहालय, धरान |
| ८. | सुनसरी | यलम्बर संग्रहालय, धरान |
| ९. | सुनसरी | काव्यवाटिका संग्रहालय, इटहरी |

| | | |
|---|---|---|
| १०. | सुनसरी | माझी संग्रहालय, मधुवन |
| ११. | मोरङ | मदन भण्डारी संग्रहालय, उर्लाबारी |
| १२. | मोरङ | थारु संग्रहालय, उर्लाबारी |
| १३. | ओखलढुङ्गा | सिद्धिचरण संग्रहालय |
| १४. | खोटाङ | किराँत संग्रहालय |

स्रोतः प्रदेश संग्रहालय धनकुटा,२०७९

## सार्वजनिक सेवा र सुशासन

५.६९ प्रदेश सरकार, कोशी प्रदेश अन्तरगत मन्त्रालय, सचिवालय, आयोग, निर्देशनालय र कार्यालयहरु जम्मा १९१ वटा सरकारी निकायहरु रहेका छन्। प्रदेशका सरकारी निकाय/कार्यालयको स्वीकृत जम्मा दरबन्दी ३,९८४ रहेकोमा २०७९ चैत्रमसान्तसम्म ५८.६ प्रतिशत पदपूर्ति भएको छ। जसमध्ये करार मार्फत मात्रै पदपूर्ती हुने प्रकृतिका श्रेणी विहीन तथा आधारभूत तहको हिस्सा कुल पदपुर्ती सङ्ख्यामा २३.८ प्रतिशत रहेको छ।

तालिकाः ५.२३ कोशी प्रदेशका सरकारी कार्यालय, दरबन्दी एवम् पदपूर्तिको विवरण

| क्र.सं. | विवरण | जम्मा |
|---|---|---|
| १. | प्रदेशका निकाय/कार्यालय सङ्ख्या | १९१ |
| २. | स्वीकृत दरबन्दि सङ्ख्या | ३९८४ |
| ३. | स्थायी पदपूर्ति | १७७९ |
| ४. | करार मार्फत पदपूर्ती | ५५६ |
| ५. | जम्मा पदपूर्ति | २३३५ (५८.६%) |
| ६. | रिक्त दरबन्दी | १६४९ (४१.४%) |

